# कृषिमा विदेशी लगानीको संभाव्यता अध्ययन प्रतिवेदन २०७९

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं, नेपाल
फोन: +९७७-१-४२११९७०
फ्याक्स: +९७७-१-४२११७००
Email: npcs@npc.gov.np

# कृषिमा विदेशी लगानीको संभाव्यता अध्ययन प्रतिवेदन २०७९

**नेपाल सरकार**
**राष्ट्रिय योजना आयोग**
**सिंहदरबार, काठमाडौं, नेपाल**
**फोनः +९७७-१-४२११९७०**
**फ्याक्सः +९७७-१-४२११७००**
Email: npcs@npc.gov.np

राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं, नेपालका लागि परामर्शदाता शुभ खनालद्वारा तयार गरिएको कृषिमा विदेशी लगानीको संभाव्यता अध्ययन-प्रतिवेदन २०७९ ।

# स्वीकृति

सर्वप्रथम मलाई यस अध्ययन पत्रका लागि काम गर्ने सुनौलो मौका दिनुभएकोमा राष्ट्र योजना आयोगका उपाध्यक्ष डा. विश्वनाथ पौडेलज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु। साथै, यस अध्ययनको शिलशिलामा मलाई निरन्तर मार्गनिर्देशन दिनु हुने डा. बासुदेव शर्मा, डा. लोकबहादुर खत्री, श्री हरीचन्द्र जोशी तथा श्री अरून तिमिल्सिनाप्रति पनि म कृतज्ञ छु। अध्ययनको सिलसिलामा सहयोग गर्नु भएका सम्पूर्ण सरकारी तथा गैरसरकारी निकाय, विज्ञ, किसान, विद्यार्थी, तथा अन्य सान्दर्भिक व्यक्तिहरू प्रति पनि म हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

मलाई सदैव राम्रो गर्न समर्थन र उत्प्रेरणा दिनुहुने मेरा श्रीमान् सचन थापा तथा मेरा सम्पूर्ण परिवारका सदस्य तथा साथीहरू प्रति पनि म आभारी छु।

साथै, यस अध्ययन पत्र तयार गर्न मलाई साथसहयोग दिनुहुने आदेश कार्की, अनुरोध कोइराला, अस्मिता पाण्डे, वरदा उप्रेती, विप्लव ढकाल, कुन्दन राज शर्मा, प्रकट खाति, तथा रिया भट्टराई प्रति म विशेष रूपमा आभारी छु। यहाँहरू बिना यो अध्ययन पूर्ण गर्न सम्भव हुने थिएन।

# विषय सूची

अध्याय १: परिचय ........ 5
१.१ पृष्ठभूमि ........ 5
१.२ इतिहास ........ 13
अध्याय २: निजी र सरकारी क्षेत्रका नीति तथा कानुनहरू ........ 15
२.१ संस्थागत सन्दर्भ ........ 15
२.१.१. सार्वजनिक क्षेत्रका संस्था ........ 15
२.१.२ नीतिगत संस्थाहरू ........ 19
२.१.३. निजी क्षेत्रका संस्थाहरू ........ 20
२.२.१ कानून र नीतिगत सन्दर्भ ........ 21
२.३.१.सान्दर्भिक नीतिहरू ........ 25
२.४.१. वित्तीय नीतिहरू ........ 28
२.५.१. क्षेत्रगत नीतिहरू ........ 29
अध्याय ३: अध्ययन विधि र अध्ययन योजना ........ 31
३.१ समस्या को कथन ........ 31
३.२ उद्देश्यहरू ........ 31
३.३ अध्ययनमा प्रयोग भएका मुख्य विधिहरूको परिचय ........ 32
३.४ तथ्यांक तथा त्यसका श्रोतहरू ........ 33
३.५ अध्ययनका सिमितताहरू ........ 35
अध्याय ४: विगतका अध्ययनहरूको पुनरावलोकन ........ 36
अध्याय ५: अन्तर्वार्ताको सार संक्षेप ........ 51
**अध्याय ६: निष्कर्ष र सिफारिस** ........ 64
सन्दर्भसामग्रीहरू ........ 70
अनुसूची ........ 72
अनुसूची-२ (प्रश्नोतर) ........ 84
अनुसूची-३ प्रत्यक्ष विदेशी लगानीका लागि स्वीकृत कृषि क्षेत्रका उद्योग ........ 123

# कार्यकारी सारांश

नेपालमा कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान २५.८ प्रतिशत रहेको छ र यसले श्रम बजारको करिब दुई तिहाइ हिस्सा ओगटेको छ। कृषि प्रधान देश मानिएको यस देशमा करिब ६६ प्रतिशत जनता प्रत्यक्ष कृषिमा संलग्न छन्। तर विभिन्न कारणले गर्दा यस क्षेत्रबाट चाहिए जति उत्पादन नभइरहको र नेपालले मिल्ने जति लाभ लिन नसकिरहेको अवस्था देखिन्छ। उपयुक्त र वस्तुगत किसिमको नीति सहित कृषिमा प्रत्यक्ष विदेशी लगानी भित्र्याउनु यो अवस्थालाई सुधार्ने एउटा उत्कृष्ट माध्यम बन्न सक्छ। नेपालको संविधानको राज्यका नीतिहरू अन्तर्गत अर्थात धारा (५१)(ज)(१२) ले 'कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरूप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने' भनी कृषि क्षेत्रमा लगानी सम्बन्धी व्यवस्था गरेको छ।

कृषि क्षेत्रलाई समुन्नत बनाउन अन्य उपाय मध्ये विदेशी लगानीको माध्यम पनि प्रयोग गर्ने भनी राष्ट्रिय कृषि नीति २०६१ ले उल्लेख गरेको पाइन्छ। योसँग सान्दर्भिक अन्य संविधान, ऐन तथा नीति नियमहरू पनि छन्। यस क्षेत्रको उत्थान र समृद्धिको निमित्त अनुमानित (लगभग) १८० कृषि परियोजनाहरूमा ३.३७ बिलियन (USD ३३८ मिलियन) विदेशी लगानी आवश्यक देखिएको छ, जुन परियोजनाको सार्थकताले ७५०० भन्दा बढी मानिसहरूलाई रोजगारी दिन्छ। तर कृषि क्षेत्रमा प्रत्यक्ष विदेशी लगानीको आवश्यकतामा सबैको एकमत भने छैन। जनवरी ४, २०२१ मा नेपाल सरकारले कृषिमा विदेशी लगानीलाई अनुमति दिने घोषणा गर्‍यो।

यस अन्तर्गत कुल खाद्य उत्पादनको ७५% निर्यात भइरहेसम्म कुखुरापालन, एक्वाकल्चर, पशुपालन, दुग्ध, लगायतका प्राथमिक कृषि गतिविधिहरूका सन्दर्भमा प्रत्यक्ष विदेशी लगानीलाई अनुमति दिइयो। तर माघ २०७७ मा सर्वोच्च अदालतले सरकारको यो निर्णयलाई

तत्कालका लागि रोक्न अल्पकालिन आदेश दियो, र यो मुद्दामा अन्तिम फैसला आउन बाँकी नै छ। त्यसैले यो विषयलाई सबै पक्षहरूबाट विश्लेषण गर्न आवश्यक छ। कृषिमा अन्तर्राष्ट्रिय लगानीका सम्भावित लाभ र जोखिमहरूको बारेमा धेरै बहस भएको भए तापनि आयोजक देशमा सोको प्रभाव र तिनीहरूका निर्धारकहरू बारेमा व्यवस्थित प्रमाणको अभाव छ। त्यसमाथि, नेपाल कृषि क्षेत्रमा प्रत्यक्ष विदेशी लगानीको सम्भाव्यताको पूर्ण अध्ययन गर्न बाँकी रहेको मुलुक हो। यस अध्ययन पत्रले नेपालमा मौजुदा यहि खाडल पुर्ने चेष्टा गरेको छ। नेपाल सरकारका आधिकारिक प्रतिवेदनहरू, विकाससँग सम्बन्धित आधिकारिक तथा अन्य निकायद्वारा प्रस्तुत भएका प्रतिवेदनहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त पत्रपत्रिकामा प्रकाशित आलेख तथा सन्दर्भ सामाग्रीहरू, सरकारी तथा गैर-सरकारी क्षेत्रमा आबद्ध सरोकारवाला, व्यवसायी तथा विशेषज्ञहरूको अन्तर्वार्ता जस्ता स्रोतहरूबाट यस पत्रले अध्ययनका लागि आवश्यक तथ्याङ्क र सूचना सङ्कलन गरेको छ। सोबाट प्राप्त नतिजाका आधारमा नेपालको कृषि क्षेत्रमा प्रत्यक्ष विदेशी लगानी उपयुक्त तरिकाले भित्र्याउन कस्ता कुरालाई नजरअन्दाज गर्न हुँदैन र सो गर्न कस्ता कानुनी-संस्थागत संरचना चाहिन्छ र त्यस्तो लगानीको सीमितता के हुनुपर्छ भन्ने विषयमा अन्त्यमा सिफारिसहरू अघि सारिएको छ।

# अध्याय १:

# परिचय

## १.१ पृष्ठभूमि

### नेपालमा कृषिको योगदान

नेपाल जैविक विविधताले सम्पन्न कृषि प्रधान देश हो। यहाँका औषत जनसङ्ख्या कृषि व्यवसायमा निर्धर छन्। नेपालमा उत्पादन हुने प्रमुख कृषि बालीहरू धान, मकै, कोदो, गहुँ र जौ हुन्। कृषि उत्पादनका खाद्यन्न बालीहरूलाई मुख्यत रैथाने, नगदे, दलहन लगायत अन्य बालीहरूमा वर्गीकरण गरिएको छ। तिलहन, आलु, सुर्ती, उखु, जुट र कपास प्रमुख नगदे बाली हुन् साथै दाल, चना, कालो चना, भटमास, आदि प्रमुख दलहन बाली हुन्। नेपालमा उत्पादन हुने कृषि व्यवसायका अन्य परिचित तथा लाभान्मोख बालीहरू मध्ये नेपाल अर्थोडोक्स चिया, ठूलो अलैँची, बेसार र अदुवा आदि रहेका छन्। अधिकांश नेपाली किसानहरू अनियमित र अनिश्चित मौसम र अन्य प्रतिकुल कृषि अवस्थाहरूबाट जोगाउन विविध बालीहरूको खेती गर्छन्। उत्पादनका लागि ट्र्याक्टर जस्ता आधुनिक यन्त्रहरूको प्रयोग क्रमिक रूपमा बढ्दै गएको भएतापनि यसले श्रममा आधारित कृषि उत्पादनको माध्यमलाई पूर्ण रूपमा विस्थापित गरिसकेको छैन। त्यसैगरी ऐतिहासिक रूपमा जोगिँदै र निखारिँदै आएको कृषि सम्बन्धी परम्परागत ज्ञान पनि यहाँका कृषकहरूले आफ्नो कृषि कार्यमा अपनाउँदै आएको अवस्था छ।

पशुधनका उत्पादनहरू नगदमा बेचिने भएकाले यो कृषक घरपरिवारको नगद आम्दानीको एउटा महत्त्वपूर्ण स्रोत हो। कृषक परिवारहरूको नगदको आवश्यकता मुख्यतया दुध, दही, चिज, घिउ, छुर्पी, मासु, अण्डा र जीवित जनावर तथा कुखुराको बिक्रीबाट पूर्ति हुने गरेको छ। सामान्यतया पहाडमा कृषक परिवारले चौरी, च्याङ्ग्रा र भेडा, पहाडी क्षेत्रमा गाई, भेडा,

बाख्रा र कुखुरा तथा तराईमा भैंसी, गाई, बाख्रा र कुखुरा पाल्छन्। तराई र पहाडमा कुखुरा पालन एक उदाउँदो उद्यम हो।

नेपालमा कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान २५.८ प्रतिशत रहेको छ र यसले श्रम बजारको करिब दुई तिहाइ हिस्सा ओगटेको छ। कृषि प्रधान देश मानिएको यस देशमा करिब ६६ प्रतिशत जनता प्रत्यक्ष कृषिमा संलग्न छन्।[१] भूगोल, जलस्रोत र श्रमको कारणले गर्दा यहाँ कृषि उत्पादन तुलनात्मक रूपमा अग्रस्थानमा छ। यस क्षेत्रको उत्थान र समृद्धिको निमित्त अनुमानित (लगभग) १८० कृषि परियोजनाहरूमा ३.३७ बिलियन (USD ३३८ मिलियन) विदेशी लगानी आवश्यक देखिएको छ, जुन परियोजनाको सार्थकताले ७५०० भन्दा बढी मानिसहरूलाई रोजगारी दिन्छ।[२]

## कृषिमा प्रत्यक्ष विदेशी लगानी

प्रत्यक्ष विदेशी लगानी संसारका थुप्रै देशहरूका लागि बाह्य वित्तपोषणको एक महत्त्वपूर्ण स्रोत हो। वित्तीय स्रोतका साथ-साथै प्रत्यक्ष विदेशी लगीले प्राविधिक, व्यवस्थापकीय तथा संगठनात्मक ज्ञानको आदनप्रदान, विदेशी बजारमा पहुँच जस्ता पक्षहरूमा पनि सहयोग पुर्याउँछ।[३]

प्रत्यक्ष विदेशी लगानी खुला र प्रभावकारी अन्तर्राष्ट्रिय आर्थिक व्यवस्थाको महत्त्वपूर्ण पाटो हुनुको साथै विकासको प्रमुख उत्प्रेरक पनि हो। यद्दपी, प्रत्यक्ष विदेशी लगानीका लाभहरू देश, क्षेत्र र स्थानीय समुदायहरूमा स्वत: र समान रूपमा जम्मा हुँदैनन्। विकासोन्मुख देशहरूमा ठूलो संख्यामा प्रत्यक्ष विदेशी लगानी निम्त्याउन र सोको पूर्ण लाभ उठाउन राष्ट्र नीतिहरू र अन्तर्राष्ट्रिय लगानीको संरचनाको महत्त्वपूर्ण भूमिका हुन्छ। चुनौतीहरूले मुख्य रूपमा

१ 'National Population and Housing Census 2021', Government of Nepal, available at https://censusnepal.cbs.gov.np, accessed on 28 June 2022.

२ 'Agriculture', Federation of Nepalese Chambers of Commerce and Industry, available at https://www.fncci.org/agriculture-148.html, accessed on 28 June 2022.

३ 'A Survey Report on Foreign Direct Investment in Nepal (2019/20)', *Nepal Rastra Bank*, September 2021, available at https://www.nrb.org.np/contents/uploads/2021/09/FDI-2019-20_September-2021.pdf, accessed on 28 August 2022.

आयोजक राष्ट्रहरूलाई सम्बोधन गर्दछ, र सो देशहरूले लगानीको लागि पारदर्शी, फराकिलो र प्रभावकारी सक्षम नीति वातावरण स्थापना गर्न र तिनीहरूलाई कार्यान्वयन गर्न मानव र संस्थागत क्षमताहरू निर्माण गर्न आवश्यक छ।

**खाद्य सुरक्षा र अर्थतन्त्रमा कृषिको भूमिका**

कृषि क्षेत्रमा लगानी विकासोन्मुख देशहरूमा गरिबी र भोकमरी कम गर्ने सबैभन्दा प्रभावकारी तरिकाहरू मध्ये रहेको भनी बढ्दो प्रमाणले देखाउँछ। कृषिमा लगानीले विकासमा थुप्रै लाभहरू उत्पन्न गर्न सक्छ, तर यी लाभहरू स्वत रूपमा उत्पन्न हुने आशा गर्न सकिँदैन र ठूलो-मात्रा लगानीका केही रूपहरू आयोजक देशहरूका लागि जोखिम बोक्छन्। अन्तर्राष्ट्रिय लगानीका सम्भावित लाभ र जोखिमहरूको बारेमा धेरै बहस भएको भएतापनि आयोजक देशमा सोको प्रभाव र तिनीहरूका निर्धारकहरू बारेमा व्यवस्थित प्रमाणको अभाव छ। त्यसमाथि, नेपाल कृषि क्षेत्रमा प्रत्यक्ष विदेशी लगानीको सम्भाव्यताको पूर्ण अध्ययन गर्न बाँकी रहेको मुलुक हो।

महामारी, युद्ध, जलवायु परिवर्तन जस्ता विभिन्न सामाजिक-आर्थिक-प्राकृतिक कारणहरूले विश्वव्यापीरूपमा खाद्य सुरक्षाको स्थिति घटाउँदै गएको छ र यसले वर्षौं लगाएर प्राप्त गरिएको प्रगतिलाई उल्ट्याइरहेको छ। त्यस्तै, सन् २०३० सम्ममा प्राप्त गरिने भनेर लक्ष्य राखिएका दिगो विकास लक्ष्यहरू समेत प्राप्ति गर्न नसकिने खतरा छ। यसले राष्ट्रहरू र विश्व बैंकको खाद्य सुरक्षा सम्बन्धी हालका व्यवस्थाहरूको कठोर परीक्षा लिने पक्का छ।[४]

यसका सथै, नेपालमा वर्षौं देखि टड्कारो व्यापार घाटाको दृश्य पनि अर्को चुनौतीको रूपमा रहेको छ। कुनै पनि देशले अन्य देशसँग निर्यात गर्ने मालसामान र सेवाको मूल्य र अन्य देशबाट आयात गर्ने मालसामान र सेवाको मूल्यबीचको अन्तरलाई व्यापार सन्तुलन भनिन्छ। सो अन्तरको नतिजा पोजिटिभमा आउनु भनेको देशको आयात भन्दा निर्यात धेरै, अर्थात् नाफा हुनु हो, र नेगेटिभमा देखाउनु भनेको निर्यात भन्दा आयात धेरै, अर्थात् घाटा हुनु हो। नेपालको

४ ‘Food Security Update; Rising Food Insecurity in 2022’, The World Bank, available at https://www.worldbank.org/en/topic/agriculture/brief/food-security-update, accessed on 28 June 2022.

सन्दर्भमा यसको अन्य देशहरूसँगको व्यापार सन्तुलन सधैँ घाटामा रहँदै आएको छ। २०१८ मा नेपालको व्यापार सन्तुलन माइनस १०.८७ खर्ब अमेरिकी डलर थियो, जुन २०१७ बाट २९.२५% ले बढेपश्चातको नतिजा हो। त्यस्तै, २०१९मा व्यापार सन्तुलन माइनस ११.५२ खर्ब अमोरिकी डलर थियो, जुन भनेको २०१८ को भन्दा ५.९९% ले बढि हो। २०१९बाट एक वर्षसम्म भने व्यापार घाटा २०.७३% घट्यो, जसअनुरूप २०२० मा यसको अंक माइनस ९.१३ खर्ब डलर पुग्यो। तर २०२०बाट २०२१ मा आइपुग्दा भने व्यापार घाटा ३२.७२% ले बढेर माइनस १२.१२ खर्ब डलर पुगेको अवस्था छ।[५]

खाद्यान्न आपूर्ति बढाउन र अनुमानित व्यापार घाटालाई सम्बोधन गर्न कृषिमा ठूलो लगानी आवश्यक छ भन्ने कुरा सहजै बोध गर्न सकिन्छ। यद्यपि, कृषिमा प्रत्यक्ष विदेशी लगानीको अपरिहार्यता आवश्यक छ वा छैन भन्ने सन्दर्भमा विचार, विमर्ष तथा आलोचनाहरू सिर्जित नभएको भने पक्कै हैन। यस सन्दर्भमा कृषि क्षेत्रमा प्रत्यक्ष विदेशी लगानीको धारणा सम्बन्धी आलोचकहरूले विदेशी लगानीका कारण घरेलु कृषकहरूलाई बजार प्रतिस्पर्धामा नकारात्मक असर पर्ने, स्वदेशी कच्चा पदार्थको उपयोग तथा सो लगानीद्वारा भित्रिने प्रविधिबारे विस्तृत अध्ययन अवस्था नभएको, आदि जस्ता तर्क अघि सार्ने गरेका छन्।[६] यो अध्ययन पत्रले यस्ता विभिन्न आयामहरू केलाई नेपालको कृषि क्षेत्रमा प्रत्यक्ष विदेशी लगानीको सम्भाव्यता अध्ययन गर्दछ।

५ 'The World Bank (2021)', *World Development Indicator*, available at https://datatopics.worldbank.org/world-development-indicators/, accessed on 13 July 2022.

६ 'Krishima Baideshik Lagani Rokna Alpakalin Adesh', Kantipur, 7 Magh 2077, available at https://ekantipur.com/business/2021/01/20/16111061130414990.html, accessed on 28 June 2022.

तालिका क (१):

| नेपालमा प्रत्यक्ष विदेशी लगानी | | | | |
|---|---|---|---|---|
| **आर्थिक वर्ष** | **परियोजनाको संख्या** | **परियोजनाको कुल लागत (रूपैँया, करोडमा)** | **विदेशी लगानीको कुल रकम** | **सिर्जित रोजगारीको संख्या** |
| २०६६/६७ | १७१ | १३,९५४ | ९,१०० | ७,८४८ |
| २०६७/६८ | २१० | ११,२५३ | १०,०५३ | १०,९०२ |
| २०६८/६९ | २२६ | ११,९१० | ७,१३८ | ९,०३५ |
| २०६९/७० | ३१७ | ५१,९९१ | १९,८१९ | १६,५६९ |
| २०७०/७१ | ३०७ | ४०,७३७ | २०,१३२ | ११,७९० |
| २०७१/७२ | ३७० | ८१,३७१ | ६७,४५५ | १३,१६७ |
| २०७२/७३ | ३४८ | २०,५४४ | १५,२५४ | ११,६६३ |
| २०७३/७४ | ४०० | १७,१२४ | १५,२०६ | ११,८४२ |
| २०७४/७५ | ३९९ | ६१,३४९ | ५५,७६० | १३,९४० |
| २०७५/७६ | ३४३ | २९,४६२ | २४,९९९ | १४,५४४ |

स्रोत: उद्योग मन्त्रालय, २०२०, पृ. १०५

उद्योग मन्त्रालयको यस प्रक्षेपणले २०६६ देखि नेपालमा भित्रिएको प्रत्यक्ष विदेशी लगानीको रकम, सोको रूपमा भित्रिएको परियोजना, सोको लागत र त्यसले दिएको रोजगारी बढ्दो अवस्थामा रहेको देखाउँछ। आ.व २०६६/६७ मा भित्रिएको ९,१०० अर्ब रूपैँया विदेशी लगानी अन्तर्गत कुल १३,९५४ अर्ब रूपैँया लागत भएको १७१ वटा परियोजनाले ७,८४८ रोजगारीको सिर्जना दिएको थियो भने त्यसको झण्डै एक दशक पछि यो तथ्याङ्क निकै नै बढ्न पुग्यो। आ.व २०७५/७६ मा भित्रिएको कुल २४,९९९ अर्ब रूपैँया विदेशी लगानी अन्तर्गत कुल २९,४६२ अर्ब रूपैँया लागत भएको ३४३ वटा परियोजनाले १४,५४४ रोजगारीको सिर्जना गर्न पुग्यो। यस बीचको अन्तरालमा यी सूचकहरू क्रमिक रूपमा बढ्दै गएको पाईन्छ, जुन आ.व २०७१/७२ मा सबैभन्दा उत्कर्षमा पुगेको थियो। सो सालमा कुल ६७,४५५ अर्ब रूपैँया विदेशी लगानी भित्रिँदा सो अन्तर्गत कुल ८१,३७१ अर्ब रूपैँया लागत भएको ३७० वटा परियोजनाहरू बेनका थिए, जसले १३,१६७लाई रोजगारी

प्रदान गरेको थियो। तर आ.व २०७५/७६ को कुल विदेशी लगानी र सो अन्तर्गतका परियोजनाको लागत तुलनात्मक रूपमा आ.व २०७४/७५ को भन्दा तीव्र रूपले घटेको पाउन सकिन्छ।

तालिका क (२):

| **प्रत्यक्ष विदेशी लगानीका लागि** स्वीकृत **कृषि तथा वन पैदावारमा आधारित** उद्योग **(आ.व २०७७/७८ सम्म)** | | | | | |
|---|---|---|---|---|---|
| **परियोजनाको संख्या** | **परियोजनाको प्रस्तावित कुल लागत** | **प्रस्तावित कुल स्थिर लागत (रूपैयाँ, अर्बमा)** | **प्रस्तावित कुल कार्यशिल पुँजी (रूपैयाँ, अर्बमा)** | **प्रस्तावित कुल विदेशी लगानी (रूपैयाँ, अर्बमा)** | **प्रस्तावित रोजगारी** |
| २९१ | ९४०९.८२ | ७५८०.३४ | १८२९.४८ | ७५८८.२३ | १०५२४ |

स्रोत: उद्योग मन्त्रालय, २०७७/७८[7]

तालिका क (३):

| **प्रत्यक्ष विदेशी लगानीका लागि स्वीकृत कृषि क्षेत्रका उद्योगहरू (आ.व २०७७/७८)** | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्र.सं** | **उद्देश्यहरू** | **जिल्ला** | विदेशी लगानी (रूपैँया) | **उत्पादन** | **देश** | **लगानीको प्रतिशत** |
| १. | प्याकेज गरिएको खाद्यवस्तुको उत्पादन सञ्चालन गर्ने | ललितपुर | ५०,०००,००० | मकै चिप्स, मकैका बिस्कुट, मकैको केक, मकैको रोटि, मेक्सिकन साल्सा, मेक्सिकन परिष्कृत गेडागुडि (बिन्स) , एनसिलादास, मकैको पिठो | मेक्सिको | १००% विदेशी |
| २ | मासु उत्पादन र मासु प्रशोधन उद्योग | मकवानपुर | ३२९,०००,००० | भैँसीको फ्रोजन मासु, काँचो हड्डि | चीन मेनल्यान्ड | स्वदेशी ६%, विदेशी: ९४% |
| ३ | पशुको खाद्यवस्तु उत्पादन | चितवन | ५०,०००,००० | पशुको खाद्यवस्तु (पेलेट, क्रम्बल, म्यास गरिएको) | चीन मेनल्यान्ड | १००% विदेशी |
| ४ | अर्ग्यानिक मल उत्पादन | चितवन | ५०,०००,००० | अर्ग्यानिक मल | चीन मेन्ल्यान्ड | १००% विदेशी |
| ५ | पशुको खाद्यवस्तु (पेलेट, क्रम्बल, म्यास गरिएको) | चितवन | ५०,०००,००० | पशुको खाद्यवस्तु (पेलेट, क्रम्बल, म्यास गरिएको) | चीन मेन्ल्यान्ड | १००% विदेशी |
| ६ | मासु उत्पादन र मासु प्रशोधन उद्योग | बर्दिया | १५०,०००,००० | प्रशोधित मासु, काँचो हड्डि | भारत | स्वदेशी: ६.२५%, विदेशी: ९३.७५% |

स्रोत: उद्योग मन्त्रालय, २०७७/७८[८]

७ 'Industrial statistics Fiscal year 2077/78 (2020/21)', *Department of Industry. Planning, Monitoring and Industrial Statistic Section,* p. 92.

८ 'Industrial statistics Fiscal year 2077/78 (2020/21)', *Department of Industry. Planning, Monitoring and Industrial Statistic Section,* p. 5-23.

उपर्युक्त तालिकाले आर्थिक वर्ष २०७७-७८ मा प्रत्यक्ष विदेशी लगानीका लागि स्वीकृत कृषि क्षेत्रका उद्योगहरू अधिकांश रूपमा पशु सम्बन्धी उत्पादनमा केन्द्रित रहेको देखाउँछ। यो सन्दर्भमा अधिकांश लगानी चीनबाट भएको देख्न सकिन्छ। आर्थिक वर्ष २०७७-७८ भन्दा अघि, आर्थिक वर्ष २०६१/६२ देखिको प्रत्यक्ष विदेशी लगानीका लागि स्वीकृत कृषि क्षेत्रका उद्योगहरू सम्बन्धी तथ्यांक अनुसूचीमा उल्लेख गरिएको छ।

तालिका क (४):

**नेपालमा दर्ता गरिएको कृषि तथा वनमा आधारित उद्योगहरू (आ.व २०७७/७८)**

| **क्र.सं** | **उद्योगको नाम** | **ठेगाान** | **प्रस्तावित कुल पुँजी (रूपैयाँमा)** | **प्रस्तावित स्थिर पुँजी (रूपैयाँमा)** | **प्रस्तावित वार्षिक उत्पादन** | **प्रस्तावित सिर्जित रोजगारीको संख्या** |
|---|---|---|---|---|---|---|
| १ | ह्याक्सिङ्ग फर्निचर प्रा. लि | भक्तपुर | ११५,०००,००० | ५०,०००,००० | धातुमा आधारित फर्निचर (टेबल कुर्सी, र्याक, आदि), काठमा आधारित फर्निचर (टेबल, कुर्सी, र्याक, आदि), आल्युमिनियम ढोका तथा झ्याल, काठको ढोका तथा झ्यालहरू | ७५ |
| २ | जनकपुर एग्रो फार्म प्रा.लि | धनुषा | १,०४२,०००,००० | ९००,०००,००० | अण्डा, चरा, अर्ग्यानिक मल | ३५० |
| ३ | आशिर्वाद एग्रो फिड्स इन्डस्ट्री प्रा.लि | नवलपरासी | २४७,०००,००० | १६७,१७९,९९९ | पशुको खाद्यवस्तु | ४१ |
| ४ | रेशम एग्रो इन्डस्ट्रिज प्रा.लि | कास्की | ४७३,५७७,४४८ | २४४,३६५,१२० | ब्रोइलरको खाद्यवस्तु, गिरिराजको खाद्यवस्तु, प्यारेन्ट्सको खाद्यवस्तु, पशुको खाद्यवस्तु | १५० |
| ५ | एग्रिकल्चरल एस्टेट नेपाल प्रा.लि | नुवाकोट | १५०,०००,००० | १३५,०००,००० | भुटेको कफी | १०० |
| ६ | द अर्ग्यानिक भ्याली प्रा.लि | ललितपुर | २०,०००,००० | १२,०००,००० | सुकेको अधुवा, बेसारको धुलो, जौको धुलो, कफी | २० |
| ७ | आरिहान्ट आग्री फार्म एन्ड रिसर्च सेन्टर प्रा.लि | सुनसरी | २२०,०००,००० | १७०,०००,००० | हरियो तरकारी, फलफुल, अन्न, मकै, तोरी, उखु | २६४ |
| ८ | सन इन्टरन्यासनल इनकोरपोरेसन प्रा.लि | काठमाडौँ | ११०,०००,००० | १००,५००,००० | आइस क्रिम | ४५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | मारूति डेरी प्रोडक्ट प्रा.लि | मोरङ | १५०,०००,००० | ११६,०००,००० | प्यासचराइज्ड स्किमड दुध, दहि, नौनी, घीउ, पनिर, आइस क्रिम | २७ |
| १० | ग्लोबल बर्डस् प्रा.लि | नवलपरासी | २३०,३३७,९१६ | १७९,३४८,७१० | एक दिने चल्ला, अण्डा, मारिएको चरा | ५९ |
| ११ | शोभा एग्रो एन्ड रिसर्च सेन्टर प्रा.लि | बाजुरा | १५०,०००,००० | १४५,०००,००० | स्याउ, ओख्खर, बिरूवा, गुर्जो | २६४ |
| १२ | बोल बोम फिड इन्डस्ट्रियल प्रा.लि | बारा | ३४०,०००,००० | २१३,०००,००० | पशुको खाद्यवस्तु | ५५ |
| १३ | जनता एग्रो एन्ड फिड प्रा.लि | नवलपरासी | १५५,०००,००० | १०७,६६१,८४२ | पशुको खाद्यवस्तु | ४५ |
| १४ | मङ्गलम टि एस्टेट प्रा.लि | झापा | १४७,६४२,००० | १३७,६४२,००० | सिटिसि चिया | ४५ |
| १५ | आरम्भ एग्रो इन्डस्ट्रिज प्रा.लि | दाङ | १३५,०००,००० | ११०,०००,००० | अधुवाको स्लाइस, अधुवा क्यान्डि, बेसार | २९ |
| १६ | कुनलुन एग्रिकल्चर साइन्स एण्ड टेक्नोलोजी कम्पनी नेपाल प्रा.लि | चितवन | ५०,०००,००० | ३१,२००,००० | पशुको खाद्यवस्तु | २३ |
| १७ | सुनसरी पोल्ट्री प्रा.लि | सुनसरी | २००,०००,००० | १८४,३००,००० | अण्डा (कुखुरा), मारिएको कुखुरा (बाइप्रडक्ट), मल (बाइप्रडक्ट) | ८३ |
| १८ | हिमालय प्रोडक्ट इन्डस्ट्रिज प्रा.लि | मकवानपुर | ३५०,०००,००० | २५०,०००,००० | भैँसीको फ्रोजन मासु, काँचो हड्डी | ८० |
| १९ | ओ.सी.बी पेलेट फिड प्रा.लि | बाँके | ६१५,०००,००० | ४०५,०००,००० | पोल्ट्रिको खाद्यवस्तु, माछाको खाद्यवस्तु, गाईपशुको खाद्यवस्तु | ८३ |
| २० | स्वस्तिक राइस एन्ड दाल मिल्स प्रा.लि | मोरङ | ३६३,०००,००० | २२१,८७७,००० | चामल, दाल, ब्रोकन चामल (बाइप्रोडक्ट), नकारिएको चामल (बाईप्रोडक्ट), भुसी (बाइप्रोडक्ट) | ३७ |
| २१ | नेपाल होराइजन इन्टरनेसनल प्रा.लि | चितवन | ८५,०००,००० | ५१,०००,००० | पशुको खाद्यवस्तु | ४८ |

स्रोत: उद्योग मन्त्रालय, २०७७/७८[९]

९ 'Industrial statistics Fiscal year 2077/78 (2020/21)', *Department of Industry. Planning, Monitoring and Industrial Statistic Section,* p. 26-23.

## १.२ इतिहास

**नेपालमा विदेशी लगानी सम्बन्धी महत्त्वपूर्ण घटनाहरूको घटनासूची[१०] [११] [१२]:**

| साल (वि. सं) | घटना |
|---|---|
| २०३८ | नेपालमा विदेशी लगानी भित्र्याउने व्यवस्थित प्रयास स्वरूप २०३७ सालमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी ऐन २०३८ लागू गरिएको। |
| २०४८ | विदेशी पुँजी, प्रविधि, व्यवस्थापकीय सीप भित्र्याई विभिन्न औद्यौगीकरण प्रक्रियामा निजी क्षेत्रको सहभागिता वृद्धि गरी आय, रोजगारी एवं उत्पादन बृद्धिको लागि आवश्यक आन्तरिक स्रोत र साधनको कमीलाई पूरा गर्न *विदेशी लगानी र एकद्वार नीति, २०४८* जारी भएको। |
| २०४९ | विदेशी लगानी र एकद्वार नीति २०४८ कार्यान्वयन गर्न विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९ लागू गरिएको। |
| २०६१ | नेपालले विश्व व्यापार संगठन (WTO) को सदस्यता लिएको।<br>नेपाल बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोग सम्बन्धी बंगालको खाडी अग्रसरता (BIMSTEC) को पक्ष राष्ट्र बनेको।<br>नेपाल दक्षिण एसियाली स्वतन्त्र न्यापार सम्भौता (South Asia Free Trade Agreement - SAFTA) को पक्ष राष्ट्र बनेको। |
| २०६७ | औद्योगिक नीति २०६७ जारी भई हालसम्म कार्यान्वयनमा रहेको। |
| २०६८ | लगानी बोर्ड ऐन २०६८ जारी भई हालसम्म कार्यान्वयनमा रहेको। |
| २०७१ | क्षेत्रीय संगठनहरूसंगको सदस्यता तथा सम्झौताहरूबाट सिर्जित दायित्व र प्रतिबद्धता, विश्व अर्थव्यवस्थामा देखापरेको परिवर्तन र मुलुकभित्र भएको राजनीतिक परिवर्तनले |

१० *Bideshi Lagani Niti 2071* (Foreign Investment Policy 2071).

११ 'Nepal att*empts to increase foreign investment opportunities for Agriculture as it pushes self-reliance', United States Department of Agriculture Foreign Agricultural Service, 2021, United States of America, 18 March 2021, available at https://www.fas.usda.gov/data/*nepal-nepal-attempts-increase-foreign-investment-opportunities-agriculture-it-pushes-self, accessed on 28 June 2022.

१२ Government of Nepal, Ministry of Communication and Information Technology, Department of Printing. http://rajpatra.dop.gov.np

| | |
|---|---|
| | *विदेशी लगानी* र एकद्वार *नीति, २०४८* मा समय सापेक्ष परिमार्जन गर्नुपर्ने आवश्यकता स्वरूप *विदेशी लगानी नीति, २०७१* जारी गरिएको। |
| २०७५ | लगानी सम्बन्धी विगतका व्यवस्थाहरूलाई संशोधन र एकीकरण गर्न तथा लगानीको परिवर्तित सन्दर्भलाई समेट्ने गरी २०७५ सालमा *विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५* जारी गरिएको, र यो ऐन नेपालमा लगानी सम्बन्धी हालको प्रचलित कानुन रहेको। |
| पौष २०७७ | नेपाल सरकारले कृषिमा विदेशी लगानीलाई अनुमति दिने घोषणा गरेको, जस अन्तर्गत कुल खाद्य उत्पादनको ७५% निर्यात भइरहेसम्म कुखुरापालन, एक्काकल्चर, पशुपालन, दुग्ध, लगायतका प्राथमिक कृषि गतिविधिहरूका लागि प्रत्यक्ष विदेशी लगानीलाई अनुमति दिइएको। |
| माघ २०७७ | नेपाल सरकारको कृषिमा विदेशी लगानीलाई अनुमति दिने निर्णयलाई तत्कालका लागि रोक्न सर्वोच्च अदालतद्वारा अल्पकालिन आदेश दिइएको। |

*अध्याय २:*

# विदेशी लगानी सम्बन्धी निजी र सरकारी क्षेत्रका नीति तथा कानुन

## २.१ संस्थागत सन्दर्भ

### २.१.१. सार्वजनिक क्षेत्रका संस्था

#### २.१.१.१ नियमनकारी संस्था

**१. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको उद्योग विभाग**

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको 'उद्योग विभाग' नेपालमा भित्रिने प्रत्यक्ष विदेशी लगानीको मुख्य नियामक निकायहरू मध्य एक हो। लगानी बोर्ड सँगै विदेशी लगानीलाई स्वीकृति दिने निकाय[१३] 'उद्योग विभाग' पनि हो। यसले पुँजी लगानी कोष[१४], उद्योग स्थापना[१५], यसको स्वामित्वको अवस्था[१६], तथा ६ अर्ब रूपैयाँभन्दा कमको लगानी स्वीकृति दिने[17] कार्य गर्दछ।सँग-सँगै, यस विभागले लगानीकर्तालाई सहजीकरण[१८] गर्ने र विदेशी लगानीद्वारा स्थापना भएका उद्योगहरूको अनुगमन गर्ने[१९] गर्दछ। यसबाहेक कर दर्ता, भिसा सिफारिस, ट्रेडमार्क र पेटेन्टको निरीक्षण पनि गर्दछ।

कृषि क्षेत्रमा विदेशी लगानीको स्वीकृति[२०] र अनुगमनको लागि जिम्मेवार हुनुका साथै यो विभाग स्वीकृति, कम्पनी दर्ता, सहुलियतको प्रावधान, क्षतिपुर्ति जस्ता विदेशी लगानीका सबै पक्षहरू समावेश भएको "वान स्टप" सेवा केन्द्रका लागि पर्नु जिम्मेवार हुन्छ। *औद्योगिक*

---

१३ *Bideshi Lagani Ra Prabidhi Hastantaran Ain* 2075 (Foreign Investment and Technology Transfer Act 2019), Nepal, s. 15.

१४ Ibid, s.9(3).

१५ Ibid, s. 15(4).

१६ Ibid.

१७ Ibid, s. 17.

१८ Ibid, s. 22(b).

१९ Ibid, s. 22(g).

२० *Audhyogik Byabasaya Ain 2076* (Industrial Enterprises Act 202), Nepal, s. 38(1)(b).

*व्यवसाय ऐन, २०२० (२०७६)*[२१] अन्तर्गत स्थापना भएको "वन स्टप" सेवा केन्द्रमा उद्योग दर्ता विभाग, वातावरण विभाग, विदेशी मुद्रा विनिमय सहजीकरण विभाग, पूर्वाधार विभाग, र प्रशासन तथा कानुन विभाग छन्।[२२] संशोधनको कार्यान्वयन पश्चात कृषि विभागको स्थापना सहितको कृषि मन्त्रालयको प्रतिनिधित्व र त्यस संशोधनको आवश्यक कार्यान्वयन गर्न र मन्त्रालायबाट आवश्यक स्वीकृति दिने संयन्त्र समावेश हुनेछ। केन्द्रले उद्योग र लगानी प्रवर्द्धन बोर्डको सचिवालयको रूपमा पनि काम गर्दछ।[२३]

## २. लगानी बोर्ड नेपाल (आई. बी. एन)

*लगानी बोर्ड ऐन, २०६४* र *सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५* अन्तर्गत स्थापना भएको यस बोर्डमा, प्रधानमन्त्री, अर्थमन्त्री, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री, वन तथा वातावरण मन्त्री, केन्द्रीय बैंकका गभर्नर लगायत १४ सदस्य रहेको यस निकाय प्रत्यक्ष वैदेशिक लगानी नियमन गर्ने अर्को प्राथमिक निकाय हो।[२४] बोर्डलाई *विदेशी लगानी र प्रविधि हस्तान्तरण ऐन, २०१९* ले ६ अर्ब रूपैयाँभन्दा बढीको विदेशी लगानी स्वीकृत गर्ने अधिकार दिएको छ।[२५] यसले महत्त्वपूर्ण ठानेका परियोजनाहरू छनोट गर्न र लगानीकर्ताहरूलाई आह्वान समेत गर्नसक्छ। यस बोर्ड लगानी प्रवर्द्धन, परियोजनाहरूको विकास र लगानी स्वीकृतिसँगसँगै देशमा लगानीमैत्री वातावरण सिर्जना गर्न जिम्मेवार छ। यदि संशोधन पारित भएमा कृषिमन्त्री पनि बोर्डको सदस्यमा नियुक्त हुनुपर्नेछ। तसर्थ, बोर्डले कृषिमा प्रत्यक्ष वैदेशिक लगानी सम्बन्धी परियोजनाहरूमा पनि महत्त्वपूर्ण भूमिका खेल्छ।

---

२१ Ibid, s. 37 & 38.

२२ FITTA (n 8), s. 23.

२३ IEA (n 15), s. 20(9).

२४ *Lagani Board Ain 2063* (Investment Board Act 2011), s. 3.

२५ FITTA (n 8), s. 17.

## ३. औद्योगिक **तथा लगानी प्रवर्द्धन बोर्ड**

*औद्योगिक व्यवसाय ऐन, २०२०* अन्तर्गत स्थापना भएको यस बोर्डले औद्योगिक प्रवर्द्धन र संरक्षणका लागि सरकारका सबै तहलाई आवश्यक सिफारिसहरू गर्ने, नीति मूल्यांकन गर्ने र देशको समग्र औद्योगिकीकरणको मूल्याङ्कन गर्ने एवं आवश्यक सुधारको सिफारिस गर्ने र सबैभन्दा महत्त्वपूर्ण रूपमा यसले नेपाल सरकारलाई प्रचलित कानुनसँग सम्बन्धित विदेशी लगानी र प्रविधि हस्तानतरणमा आवश्यक नीतिगत निर्णयहरू अपनाउनका निमित्त सिफारिस दिने कार्यहरू गर्दछ।[२६] बोर्डले औद्योगिक क्षेत्रमा विदेशी लगानी अभिवृद्धि गर्न सर्वेक्षण र अनुसन्धान पनि गर्छ।[२७] उद्योग विभागको सचिवालयको 'वन स्टप सर्भिस सेन्टरमा' सिट छ र यो नेपालमा प्रत्यक्ष वैदेशिक लगानीमा नीति एंव कार्यान्वयनको नियमनका लागि मुख्य पक्ष हो। हाल बोर्डले कृषि सचिवलाई आफ्नो संविधानको अङ्गको रूपमा समावेश नगरे पनि कृषिको प्राथमिक क्षेत्रमा प्रत्यक्ष विदेशी लगानीलाई अनुमति दिने संशोधन कार्यान्वयन भएमा कृषि सचिवलाई आफ्नो संविधानमा समावेश गर्ने गरी बोर्डले संशोधन गर्नुपर्छ।

## ४. नेपाल राष्ट्र बैंक

*नेपाल राष्ट्र बैंक ऐन, २०५८ (२००२)* का अनुसार नेपालका सबै वित्तीय संस्थाहरूको नियामक निकाय नेपाल राष्ट्र बैंक हो। यो बैंक विदेशी लगानी भएका उद्योगहरूलाई धितोपत्र जारी[28] गरी ऋण अनुमोदन गर्ने निकाय हो।[२९] विदेशी लगानीका कारण विद्यमान उद्योगको स्वामित्व परिवर्तन भएमा, विभाग वा आई.बी.एन (IBN) को स्वीकृति लिए पछि नेपाल राष्ट्र बैंकलाई यसको सूचना पनि गर्नुपर्छ।[३०] यसले *सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण*

२६ IEA (n 15), s. 21.

२७ Ibid, s. 21(h).

२८ FITTA (n 8), s. 11(2).

२९ Ibid, s. 12.

३० Ibid, s. 6.

*ऐन, २०६४* अन्तर्गत स्थापित 'वित्तीय सूचना एकाइ'[३१] मार्फत सम्पत्ति शुद्धीकरण विरूद्ध नियामक संस्थाको रूपमा काम गर्दछ।

## ५. नेपाल धितोपत्र बोर्ड

*धितोपत्र ऐन, २०६३ (२००७)* अन्तर्गत स्थापना भएको बोर्डले पुँजी लगानी[३२], पुँजी लगानी स्थापना गर्ने, संस्थागत विदेशी लगानीकर्ताको दर्ता[३३] एवं धितोपत्र जारी गरी ऋण लिने गरी विदेशी लगानीको निरीक्षण गर्दछ।[३४]

## ६. आन्तरिक राजस्व कार्यालय

कर दर्ताको जिम्मेवारी अर्थ मन्त्रालय अन्तर्गतको कार्यालयको हो र ५० लाखभन्दा माथिको व्यवसायले यस कार्यालयबाट पान एवं भ्याट प्रमाणपत्र प्राप्त गर्नका लागि कार्यालयमा दर्ता गर्नुपर्नेछ। कार्यालयमा कर दर्ता गर्नको लागि 'जम्मा गरेको प्रमाण' (Proof of deposit) आवश्यक पर्न सक्छ। भन्सार कार्यालयमा जग्गा खरिद, भवन र सामानको क्लियरेन्सका लागि प्यान दर्ता आवश्यक छ।

## ७. भूमि व्यवस्थापन विभाग

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले भूमि व्यवस्थापन विभागका मार्फत "वन स्टप सर्भिस सेन्टर" को प्रतिनिधित्व गरेको छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव उद्योग तथा लगानी प्रवर्द्धन बोर्डका सदस्य हुन्।

उद्योग मन्त्रालय वा लगानी बोर्डले ओ.सी.आर अन्तर्गत दर्ता भएको कम्पनीसँग विदेशी लगानीकर्तालाई भूमि अधिग्रहणको लागि भूमि व्यवस्था मन्त्रालयमार्फत अनुरोध गर्न सक्छ

---

३१ *Sampati Sudhhikaran Niwaran Ain 2064* (Money Laundering Prevention Act 2008), s. 9.

३२ FITTA (n 8), s. 9.

३३ Ibid, s. 10.

३४ Ibid, s. 11.

जसले त्यसपछि तेस्रो श्रेणीको राजपत्रांकित अधिकृत नियुक्त गर्दछ वा त्यसको अनुपस्थितिमा, सो जग्गा प्राप्त गर्न प्रमुख जिल्ला अधिकारी (सी.डी.ओ)[३५]लाई अनुरोध गर्दछ।

### ८. वातावरण तथा वन मन्त्रालय

उद्योग विभागले 'वन स्टप सर्भिस सेन्टर' वा लगानी बोर्ड मार्फत *वातावरण संरक्षण ऐन, २०१९ (२०७६)* बमोजिम प्रारम्भिक वातावरणीय मूल्याङ्कन र वातावरणीय प्रभाव मूल्याङ्कन वा वातावरणीय अध्ययन प्रतिवेदनलाई[३६] स्वीकृति दिन सहजीकरण गर्दछ।[३७]

## २.१.२ नीतिगत संस्था

### १. कृषि मन्त्रालय

कृषि नीति, योजना र प्रशासनको लागि कृषि मन्त्रालय छाता नियामक संस्था हो। यसको कामकारबाही कृषि विकास मन्त्री र सचिव अन्तर्गत चल्छ। कृषि विकास मन्त्रालयको सर्वोच्च निकायमा पाँच महाशाखा, दुई केन्द्र, एउटा अनुसन्धान तथा विकास परिषद्, चारवटा विभाग, चारवटा आयोजना र स्वायत्त निकाय एक अनुसन्धान परिषद्, चारवटा संस्थान र केही विकास समिति तथा बोर्ड रहेका छन्। कृषिमा प्रत्यक्ष विदेशी लगानी सम्बन्धित नीतिहरू निर्धारण गर्न मन्त्रालयले निर्णायक भूमिका खेल्छ।

### २. श्रम विभाग

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मातहतमा रहेर काम गर्ने यस विभागले 'वन स्टप सर्भिस सेन्टर' को सहजीकरणमा विदेशी लगानी भएका उद्यमहरूका प्रमुख कार्यकारी अधिकृत र श्रमिक लगायत विदेशी नागरिकलाई श्रम स्वीकृति प्रदान गर्दछ। विदेशी लगानीमा स्थापना भएका उद्योगहरूमा नेपाली श्रमिकको श्रम शोषण रोक्न, नेपालको श्रम

---

३५ *Jagga Prapti Ain 2034* (Land Acquisition Act 1977), s. 5.

३६ FITTA (n 8), s. 23.

३७ *Batabaran Samrakshyan Ain 2076* (Environment Protection Act 2019), s. 3(b).

कानून बमोजिम कृषि श्रमिक सम्बन्धी नीतिहरू विकास गर्न यस विभागले महत्वपूर्ण भूमिका खेल्छ।

**३. कम्पनी रजिस्ट्रारको कार्यालय (ओ.सि.आर)**

कम्पनी रजिस्ट्रारको कार्यालय कम्पनी ऐन २००६ (२०६३) अन्तर्गत कम्पनी दर्ता प्रक्रिया सञ्चालन गर्ने जिम्मेवार निकाय हो। शेयर, लाभांश वा ऋण र ब्याज को बिक्रीमा क्षतिपूर्ति र स्वीकृति दिने निकाय कम्पनी रजिस्ट्रारको कार्यालय हो। तसर्थ, कम्पनी रजिस्ट्रारको कार्यालय दैनिक कार्यका साथै विदेशी लगानीमा चलिरहेका कम्पनीहरूको दर्ता सम्बन्धी महत्वपूर्ण नीतिगत संस्था हो।

## २.१.३. निजी क्षेत्रका संस्थाहरू

**१. नेपाल उद्योग वाणिज्य महासंघ (एफ.एन.सि.सि.आई)**

नेपाल उद्योग वाणिज्य महासंघ निजी क्षेत्रको हितको प्रतिनिधित्व गर्ने साझा छाता निकायको रूपमा काम गर्न *राष्ट्रिय निर्देशन ऐन १९६१ (२०१८)* को धारा ३ बमोजिम राष्ट्रिय प्रतिनिधि चेम्बरको रूपमा दर्ता भएको छ र यसले नेपाली व्यवसायहरूलाई विश्वव्यापी रूपमा प्रतिस्पर्धी बनाउने लक्ष्य राखेको छ।

महासंघको लक्ष्यले प्रत्यक्ष विदेशी लगानीको नीतिहरूका सन्दर्भमा यसलाई प्रमुख सरोकारवाला बनाएको छ। यसले विदेशी लगानीकर्ताहरूलाई प्रत्यक्ष विदेशी लगानीका कानूनहरू बारे जानकारी गराउन र विभिन्न क्षेत्रमा लगानी मार्फत नेभिगेट गर्न मदत गर्न आई.बी.एनसँगको सहकार्यमा एफ.डी.आई "हेल्प डेस्क" पनि स्थापना गरेको छ। महासंघले आफ्नो लगानी ज्ञापनपत्रमा कृषि र कृषि प्रशोधनलाई धेरै वृद्धिको सम्भावना भएको क्षेत्रको रूपमा पहिचान गरेको छ।

२. **कृषि उद्यम केन्द्र (ए.ई.सि)**

नेपाल उद्योग वाणिज्य महासंघले कृषि सम्बन्धी सरोकारवालाहरूको नीतिगत सरोकारलाई सम्बोधन गर्न कृषि उद्यम केन्द्र (AEC) पनि स्थापना गरेको छ। नेपाल उद्योग वाणिज्य महासंघ र कृषि उद्यम केन्द्र, जिल्ला उद्योग वाणिज्य संघ, र नगरपालिका चेम्बर अफ कमर्श र उद्योगको राष्ट्रिय स्तरको महासंघ हो। कृषि उद्यम केन्द्रसँग सातवटै प्रदेश अन्तर्गत १०५ जिल्ला र नगरपालिका तहका चेम्बरहरू, १०२ “कमोडिटि असोसिएसन” र ९१० वटा सार्वजनिक तथा निजी क्षेत्रका अग्रणी संस्थाहरूको प्रतिनिधित्व गर्ने व्यवसायी र औद्योगिक संघहरू, उत्पादक र व्यापारीहरूको बलियो सञ्जाल छ। कृषि उद्यम केन्द्रले नेपाल सरकारको नीति प्रतिक्रिया प्रणालीमा योगदान पुर्याउँछ र यसले नेपालको कृषि विकास रणनीति (Agriculture Development Strategy 2015-2035) को विकासका लागि सबै प्रमुख फोरमहरूमा सहभागिता जनाएको छ।

## २.२.१ कानून र नीतिगत सन्दर्भ

**प्रासंगिक कानून**

१. **नेपालको संविधान**

नेपालको संविधानको राज्यका नीतिहरू अन्तर्गत अर्थात धारा (५१)(ज)(१२) मा कृषि क्षेत्रमा लगानीको सन्दर्भमा यसप्रकार व्यवस्था गरिएको छ, ‘कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरूप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने’।

२. **विदेशी लगानी र प्रविधि हस्तान्तरण ऐन, २०१९ (२०७५) (FITTA)**

२०४९ सालको पुरानो ऐन खारेज गरिएपछि नेपालमा प्रत्यक्ष विदेशी लगानीका लागि साझा कानूनको रूपमा *विदेशी लगानी र प्रविधि हस्तान्तरण ऐन, २०१९ (२०७५)* बनेको छ। ऐनका नियम हालै २०७७ (२०२१) मा बनेको थियो जसले विदेशी लगानी ल्याउने समयावधि पनि

तोकेको छ।[38] यस ऐनले विदेशी उद्योगलाई पनि राष्ट्रिय उद्योग सरह हुने भनी व्यवस्था गरेको छ भने नेपाल सरकारबाट कुनै पनि बेला शोषण नहुने गरी संरक्षण गरेको छ। सँगसँगै स्वीकृति प्रक्रियालाई प्रविधिमैत्री र "डिजिटलाइजेसन" सहित गुनासो गर्ने संयन्त्रको पनि स्थापना गरेको छ। वि.सं. २०७७ पौषमा भएको संशोधनले केही लगानीका क्षेत्रहरूमा विदेशी लगानीलाई निषेध लगाई ठूला उद्योगहरूलाई ७५% सम्म आयात गर्ने वातावरण मिलाएको छ।

## ३. औद्योगिक व्यवसाय ऐन, २०७६ (२०२०)

*औद्योगिक व्यवसाय ऐन २०७३ (२०१६)*लाई खारेज गर्दै यो ऐन २०७६ माघ २८ मा लागू भएको थियो। यस ऐनले लगानी प्रवर्द्धन बोर्डको स्थापना गरेको छ, जसबाट नेपाल सरकारलाई विदेशी लगानी सम्बन्धी अधिकांश नीतिगत सुझावहरू प्रदान गरिन्छ।[39] यस ऐनले "वन स्टप सर्भिस सेन्टर" को पनि स्थापना गरेको छ। "वन स्टप सर्भिस सेन्टर" कम्पनी दर्ता, प्यान र भ्याट स्वीकृति, विदेशी मुद्रा विनिमय, र विदेशी लगानीसँग सम्बन्धित प्रमुख नियामक हो। यस ऐनले विदेशी लगानीका लागि सहुलियत[40] र अन्य सुविधा पनि दिएको छ। यो ऐन हालसम्म संशोधन भएको छैन तर २०२२ (२०७८) मा नयाँ नियमावली जारी गरिएको थियो। यसमा भएको नियमले "वन स्टप सर्भिस सेन्टर"लाई प्रविधिमैत्रि बनाउन "डिजिटलाइज" गर्‍यो।[41]

## ४. सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ (२०१९)

यस ऐनले सबै सार्वजनिक-निजी साझेदारीहरूको निरीक्षण र नियमन गर्नका लागि लगानी बोर्डको स्थापना गरेको छ। द्विपक्षीय लगानीका सम्झौताहरू निष्कर्षमा पुर्‍याउने, विदेशी लगानी मैत्री वातावरण बनाउने, सन्धिहरू कार्यान्वयन गर्ने जस्ता विदेशी लगानी आकर्षित

---

38 FITTA (n 8), s. 9.

39 IEA (n 15), s. 2(10) & 21.

40 Ibid, s. 29(8). दफा २९ (ज), औद्योगिक व्यवसाय ऐन, २०७६

41 *Audhyogik Byabasaya Niyamawali 2078* (Industrial Enterprises Rules 2021), rule 28 & 45.

गर्ने विषयमा नेपाल सरकारलाई यस लगानी बोर्डले सहयोग र सुझाव दिन्छ।[४२] आयोजनाका लागि जग्गा प्रप्ति सम्बन्धी व्यवस्था पनि ऐनमा उल्लेख छ।[४३] यस ऐनले लगानीका प्रस्तावहरू र सम्भावित लगानीकर्ताहरूलाई बोर्डमा[४४] सिफारिस गर्न लगानी इकाई(Investment Unit) पनि स्थापना गर्दछ।

## ५. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (१९६२)

नेपालमा विदेशी मुद्राको प्रवाहलाई यस ऐनसँगसँगै *बैंक तथा* वित्तीय *संस्था ऐन, २०७३* ले नियमन गर्ने हुनाले विदेशी लगानीका विषयमा यो ऐन सान्दर्भिक छ। नेपाल राष्ट्र बैंकऐन २०५८ अन्तर्गत रहेर नेपाल राष्ट्र बैंकले नियमन गर्ने वित्तीय संस्थामा भित्रिने विदेशी लगानीको स्वीकृति प्रक्रियालाई[४५] पनि, बैंक तथा वित्तीय संस्था ऐन, २०७३ ले नियमन गर्छ। *विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९* पछिल्लो पटक २०७५/११/१९ मा संशोधन गरिएको थियो। नेपाल राष्ट्र बैंकले हालै २५ जेष्ठ २०७८मा *नेपाल राष्ट्र* बैंक*ऐन २०५८* र *विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९* अन्तर्गत “विदेशी लगानी र वैदेशीक ऋण व्यवस्थापन बिनियम” जारी गरेको छ। यस बिनियमले, विदेशी लगानी ल्याउनको लागि नेपाल राष्ट्र बैंकबाट आवश्यक अघिल्लो स्वीकृतिलाई माफ गरी केवल नयाँ लगानी र त्यसपछिको पुँजी वृद्धिको बारेमा नेपाल राष्ट्र बैकंलाई सूचित गर्न आवश्यक हुने नियम बनाएको छ। नेपालमा लगानीको सम्भाव्यता अध्ययन गर्न इच्छुक र औपचारिक बैंकिङ च्यानलहरू मार्फत पूर्व सञ्चालन खर्च ल्याउन इच्छुक विदेशी लगानीकर्ताहरूले नेपाल राष्ट्र बैकंबाट स्वीकृति प्राप्त गर्न जरूरी छैन। त्यस्तै, विनियमले विदेशी मुद्रा विनियमको सम्बन्धमा रहेको नेपाल राष्ट्र बैंकको अधिकारक्षेत्रलाई घटाएको छ र अधिकांश जस्तो प्रक्रिया इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाबाट सञ्चालन गर्न अनुमति दिएको छ।

---

४२ *Sarbajanik Niji Sajhedari Tatha Lagani Ain 2075* (Public Private Partnership and Investment Act 2019), s. 14 & 15.

४३ Ibid, s. 47.

४४ Ibid, s. 32.

४५ *Bank Tatha Bitiya Sanstha Sambandhi Ain 2073* (Banks and Financial Institution Act 2017), s. 5.

## ६ भूमि सम्बन्धी ऐन, २०२१ (१९६४)

यस ऐनले व्यक्ति, संस्थान वा सरकारद्वारा प्रयोग गर्न वा स्वामित्व प्राप्त गर्न सक्ने जग्गाको अधिकतम सीमा निर्धारण गरेको छ।

तराई एवं भित्रि तराईमा एउटा व्यक्ति वा परिवारका जग्गाको लागि अधिकतम सीमा १० बिगहा, काठमाडौँमा २५ रोपनी, पहाडी क्षेत्रमा ७० रोपनी रहेको छ।[४६] जग्गा प्रयोग वा स्वामित्वको लागि रहेको यो अधिकतम सीमाको भने सरकारबाट स्वीकृति लिएका उद्योग, कम्पनी र कृषि उद्योगहरू अपवाद रहेका छन्।[४७] यद्यपि, यस ऐनमा २०७४ कार्तिक २४ मा प्रमाणिकरण गरिएको आठौ संशोधन अनुसार यो अपवाद यी कम्पनीहरूले हरेक बिगहाको को लागि तराईमा १ लाख पचास हजार, हरेक रोपानीको लागि काठमाडौँमा ५० हजार र पहाडमा १० हजार शुल्क तिरे मात्र लागु हुन्छ।[४८] तोकिएको सीमाभन्दा बढी जग्गा प्रयोग गर्ने स्वीकृति कृषि, शिक्षा, अस्पतालका क्षेत्रमा रहेका कम्पनी, उद्योग र सरकारले स्वीकृति दिएका अन्य कुनै कम्पनीलाई हुन्छ। १७ औं पटक संशोधन गरिएको *भूमिसम्बन्धी नियम, २०२१ (१९६४)* ले पनि भूमिसम्बन्धी मामिलाहरूलाई नियमन गरेको छ।

साथै, *विदेशी लगानी र प्रविधि हस्तान्तरण ऐन, २०७५* को दफा ३१ र *औद्योगिक व्यवसाय ऐन, २०७६* को दफा ३० ले कुनै पनि विदेशी लगानीकर्तालाई नेपाल सरकारसँग जग्गा प्राप्ति वा नेपाल सरकारको जग्गा, *भूमिसम्बन्धी ऐन, २०२१* ले तोकेको सीमा भन्दाको माथिको जग्गा प्राप्ती एवं प्रयोगको लागि अनुरोध गर्न सक्ने अधिकार दिएको छ। २०७५/ ११ /१९ मा संशोधन गरिएको *जग्गा प्राप्ति ऐन २०३४* ले पनि यस कार्यलाई स्वीकृति दिएको छ तर कृषिको अनुसन्धानबाहेक कृषि गर्नको लागि भने यो स्वीकृति पाइने छैन।

---

४६ *Bhumi Sambandhi Ain 2021* (Lands Act 1964), s. 7.

४७ Ibid, s. 12.

४८ Ibid, s. 12(a).

### २.३.१. सान्दर्भिक नीति

#### १.पन्ध्रौं योजना (आर्थिक वर्ष २०१९/२० – २०२३/२४)

हालको पन्ध्रौं योजनाको लक्ष्य नेपालमा प्रत्यक्ष विदेशी लगानीलाई आकर्षित एवं वृद्धि गराई नेपालमा वस्तु, उत्पादकत्व र प्रतिस्पर्धा बढाउने रहेको छ। यस योजनाले विदेशी लगानीको परिचालन गरी प्रतिस्पर्धात्मक र गतिशील राष्ट्रिय अर्थतन्त्र निर्माण गर्ने परिकल्पना गरेको छ र यो लक्ष्य हासिल गर्न पाँचवटा रणनीति तय गरेको छ। यी रणनीतिहरूमा कानुनी पूर्वाधार निर्माण गर्ने तथा प्रभावकारी बनाउने, सक्रिय 'डिजिटलाइज्ड वन स्टप सर्भिस सेन्टर' स्थापना गर्ने र साथ-साथै तुलनात्मक लाभसहित (comparative advantage), उत्पादनशील र रोजगारमूलक क्षेत्रमा लगानी आकर्षित गर्ने रणनीति पनि समावेश छ। पछिल्लो योजनाको कार्यनीतिहरू मध्ये एकले तुलनात्मक लाभ (comparative advantage) र प्रतिस्पर्धात्मक लाभका (competitive advantage) भएका वस्तु र सेवाको उत्पादनलाई प्राथमिकता दिने योजना समावेश गरेको छ। यो नीतिले *विदेशी लगानी र प्रविधि हस्तान्तरण ऐन, २०७५* मा गरेको संशोधन मार्फत नेपाल सरकारले कृषिमा प्रत्यक्ष विदेशी लगानी भित्र्याउने हालैको प्रयासलाई प्रतिबिम्बित गर्दछ।

#### २. प्रत्यक्ष विदेशी लगानी नीति, २०७१

अघिल्लो 'वैदेशिक लगानी र वान विन्डो पोलिसी (one window policy), २०४८' को अपर्याप्तताका कारण, वैदेशिक लगानीको आप्रवाह बढाउन ठूलो सुधार आवश्यक देखिएपछि यो नीति ल्याइएको हो।

अघिल्लो नीतिले विशेष आर्थिक क्षेत्र (SEZ) को स्थापना, श्रम व्यवस्थापन, गैरआवासीय नेपालीहरूको लगानी (जुन अहिले *विदेशी लगानी र प्रविधि हस्तान्तरण ऐन, २०७५* मा "विदेशी लगानीकर्ता" को रूपमा समावेश छ), २०६४ सालमा लगानी बोर्डको स्थापना, जस्ता वर्तमान आवश्यकताका कार्य समावेश गर्न नसकेको कारणले नयाँ निति ल्याईएको हो। यो नीति यिनै परिवर्तन र आवश्यकता पूर्ति एवं नेपाललाई विश्व अर्थतन्त्रमा जिम्मेवार बनाउनका

लागि ल्याइएको हो। राष्ट्रिय अर्थतन्त्रलाई गतिशील र प्रतिस्पर्धात्मक बनाउने, व्यापार सन्तुलन कायम गर्ने, राष्ट्रिय प्राथमिकताका क्षेत्रमा विदेशी लगानी आकर्षित गर्ने र निर्यात बढाउने परिकल्पना पनि यस नीतिले गरेको छ।[४९]

यस नीतिले विदेशी प्रविधि र पुँजीको माध्यमबाट निजी क्षेत्रलाई सुदृढ गर्दै रोजगारी सृजना गर्ने, उपलब्ध प्राकृतिक स्रोतको प्रत्यक्ष विदेशी लगानीद्वारा दिगो उपयोग गर्ने, स्वदेशी र विदेशी पुँजी बीचको खाडल र पुँजी आवश्यकतालाई प्रत्यक्ष विदेशी लगानी मार्फत पूरा गर्ने, आधुनिक विदेशी प्रविधिको प्रयोगले उत्पादन क्षमता र निर्यात अभिवृद्धि गर्ने र लगानी मैत्री वातावरण सिर्जना गर्ने लक्ष्य लिएको छ।[५०]

यी योजनाका नीति विशेषत: निर्यात बढाउने र आयात घटाउने लक्षमा केन्द्रित छन्। राष्ट्रिय प्राथमिकताका उद्योगहरूमा विदेशी पुँजी र लगानी बढाउने नीतिमा माध्यमिक कृषि समावेश भए पनि प्राथमिक कृषिलाई[५१] भने नकारात्मक सूचीमा[५२] राखिएको छ। यस नीतिले निर्यातमा केन्द्रित भएका उद्योगहरूलाई सहुलियतसहित थप सुविधा दिएको छ।[५३] साथै एक-स्टप सेवा केन्द्रको (One stop service center) को स्थापनाको प्रतिबद्धता पनि प्रदान गर्दछ।[५४]

## ३. औद्योगिक नीति, २०६७

*औद्योगिक नीति, २०४९* रोजगारी र निकासी बढाउन प्रभावकारी नभएको भन्दै *औद्योगिक नीति, २०६७* तर्जुमा गरिएको हो। यस नीतिले सार्वजनिक, निजी र सरकारी क्षेत्रको सामञ्जस्यपूर्ण साझेदारी र समन्वयपूर्ण ढङ्गले औद्योगिक विकास गर्दै अर्थतन्त्रमा योगदान पुर्याउने र गरिबी निवारण गर्ने परिकल्पना गरेको छ। नेपाललाई दक्षिण एसियाली क्षेत्र र विश्वमै लगानीको आकर्षक गन्तव्यका रूपमा स्थापित गर्नका लगि उत्पादनशील जनशक्तिको

---

४९ *Bideshi Lagani Niti 2071* (Foreign Investment Policy 2014), no. 6.

५० Ibid, no. 7.

५१ Ibid, no. 14.

५२ Ibid, no. 41.

५३ Ibid, no. 8.

५४ Ibid, no. 8.5.

र व्यवस्थापकीय क्षमताको विकास जस्ता कार्य गर्दै लगानीको बलियो आधार निर्माण गर्ने यो नीतिको मुख्य उद्देश्य हो।[५५]

नेपाली दूतावासमा रहेका आर्थिक कूटनीति इकाइहरू र 'प्रत्यक्ष विदेशी लगानी' गर्ने देशहरूमा रहेका नियोगहरूका साथै गैरआवासीय नेपालीहरूलाई लगानी गर्न प्रोत्साहन गर्ने जस्ता नीतिहरूमार्फत यो उद्देश्य हासिल गर्ने लक्ष्य यस नीतिले राखेको छ।[५६] नीतिले लगानी बोर्ड, वन स्टप सर्भिस सेन्टर, औद्योगिक प्रवर्द्धन बोर्ड, औद्योगिक जिल्ला व्यवस्थापन प्राधिकरण, औद्योगिक मानव श्रोत विकास संस्था र नेपाल व्यापार मञ्च जस्ता धेरै संस्थागत निकायहरूलाई यस उद्देश्यलाई अघि बढाउने माध्यमका रूपमा परिकल्पना गरेको छ।[५७]

यस नीतिले उद्योग विभागलाई पनि विदेशी लगानीको लागि नियामक निकाय मानेको छ।[५८] साथै, यसले जलविद्युत् आयोजना, खानी उद्योग, पर्यटन, भौतिक पूर्वाधार निर्माण जस्ता कार्यमा, स्वदेशी तथा विदेशी पुँजी आकर्षित गर्न आवश्यक संस्थागत व्यवस्था, नीतिगत सुधार र प्रोत्साहनको व्यवस्था मिलाउने रणनीति राखेको छ।[५९] छिमेकी राष्ट्रलगायत विश्वका अन्य मुलुकका औद्योगिक नीति तथा वैदेशिक लगानी नीति अध्ययन गरी नीतिमा सुझाव दिन विज्ञहरूको समूह गठन गर्ने परिकल्पना पनि यस नीतिको रहेको छ।[६०]

यद्यपि यस नीतिले लघु उद्यम र घरेलु उद्योगहरूमा विदेशी लगानीलाई प्रतिबन्ध लगाएको छ र त्यस्ता क्षेत्रमा प्रविधि र बजार प्रवर्द्धनलाई मात्र अनुमति दिन्छ।[६१] यस नीतिमा विदेशी लगानीकर्ताले विदेशी प्रविधि, बौद्धिक सम्पत्ति वा व्यवस्थापन सेवा शुल्क र विशेष आर्थिक

---

५५ Ibid, no. 7.4.

५६ Ibid; *Audyogik Niti 2067* (Industrial Policy 2011), p. 8.

५७ Ibid, no. 8.16, p. 8.

५८ IP (n 51), no.  39.

५९ Strategy 10.30 related with Objective 7.3, IP (n 51), p. 13.

६० Strategy 10.34 related with Objective 7.3; IP (n 51), p. 14.

६१ Strategy 11. 17.

क्षेत्र (Special Economic Zones) मा स्थापित रोयल्टीबाट आर्जन हुने आम्दानीमा तिर्ने आयकरमा भने पचास प्रतिशत छुट दिने व्यवस्था गरेको छ।[६२]

## २.४.१. वित्तीय नीति

### १. मौद्रिक नीति (सन् २०२१-२२)

कोभिड–१९ महामारीबाट प्रभावित अर्थतन्त्रको पुनरूत्थानमा सहयोग पुर्याउन, मौद्रिक सहजता एवं आर्थिक तथा वित्तीय स्थायित्व कायम गर्न आवश्यक रहेकोमा यस मौद्रिक नीतिको परिकल्पना सन्तुलित रहने देखिन्छ। यो नितिले नेपाल राष्ट्र बैंकको *विदेशी लगानी र बाह्य ऋण व्यवस्थापन विनियमावली, २०२१* को कार्यान्वयनद्वारा उद्योग विभाग अन्तर्गत “वन स्टप सर्भिस सेन्टर” को ‘विदेशी मुद्रा सहजीकरण इकाई’ (Foreign Exchange Facilitation Unit) लाई थप प्रभावकारी पार्ने परिकल्पना लिएको छ। आर्थिक वर्षको तेस्रो त्रैमासको नीतिको समीक्षाले डिजिटाइजेसनमा (digitalization) बढी जोड दिनुपर्ने सुझाव दिएको छ।

### २. वित्तीय विधेयक, २०७९

हाल रहेको यस वित्तीय नीतिले उत्पादनमुखी अर्थतन्त्रको विकास गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रका स्रोत र साधन परिचालन गर्ने लक्ष्य राखेको छ। यो उद्देश्य पूर्ति गर्नका निमित्त यस नीतिले विदेशी लगानीको वृद्धिमा पनि जोड दिएको छ।[६३] यस्तै, बैंकहरूले विदेशी बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणको ब्याज भुक्तानीमा रोक्का करको दर घटाउनु एउटा प्रस्तावित उपायका रूपमा राखिएको छ। कानूनहरू बीचको सामञ्जस्य बढाउन र लगानी मैत्री वातावरण सिर्जना गर्न यस नीतिले कर सुधार गर्ने मुख्य लक्ष्य राखेको छ।[६४]

---

६२ Income Tax Exemption 19.3.1 (3), Industrial Policy 2010, p. 34.

६३ President’s Address in Parliament, Nepal Government’s policy and Programme, 2079, para. 16.

६४ Ibid, para. 18.

यसबाहेक, यसले विभिन्न नियामक निकायहरूको अधिकारक्षेत्र बढाउन एवं तुलनात्मक लाभ[६५] का उत्पादनमा आधारित उद्योगहरू[६६] माथि लगानीकर्ताहरूको विश्वास बढाउने लक्ष्य पनि राखेको छ। सरकारले कृषि, वन र खानी क्षेत्रलाई औद्योगिक परिसरमा समावेश गर्नका लागि 'फार्मदेखि उद्योग सम्म' (Farm to Industry) कार्यक्रम सञ्चालन गर्ने लक्ष्य राखेको छ। यस नीतिले सम्बन्धित आर्थिक कूटनीतिक विभाग[६७] को कार्यहरू अघि बढाई विदेशी लगानी भित्र्याउने उद्देश्य राखी स्वचालित फाइल व्यवस्थापन प्रणालीसहित विदेशी लगानी र "वान डोर पोलिसि" सहजीकरण गर्ने लक्ष्य राखेको छ।

## २.५.१. क्षेत्रगत नीतिहरू

### १. कृषि विकास रणनीति, सन २०१५

"आर्थिक वृद्धिदरलाई अगाडि बढाउन, जीविकोपार्जन सुधार एवं खाद्य सम्प्रभुताको प्राप्ति गर्नका निमित्त दिगो, आत्मनिर्भर, प्रतिस्पर्धात्मक र समावेशी कृषि क्षेत्र को विकास गर्नु" यो रणनितिको मुख्य परिकल्पना रहेको छ। विभिन्न गतिविधिहरू मार्फत प्रतिस्पर्धा वृद्धि गराई खाद्य र कृषि निर्यात वृद्धि हासिल गर्नु "ए.डि.एस लोजिकल फ्रेमवर्क" (ADS Logical Framework) को नियोजित गतिविधिहरू मध्ये एक हो। त्यस्ता गतिविधिहरू मध्य एक भनेको कृषि व्यापार र विदेशी लगानीसँग सम्बन्धित पर्याप्त कानून बनाउनु हो। लगानीको वातावरण सुधार्न, प्रत्यक्ष विदेशी लगानीलाई सहजीकरण र नियमन गर्न योगदान पुर्याउन, एवं कृषि क्षेत्रमा प्रत्यक्ष विदेशी लगानी प्रवर्द्धन र आकर्षण गर्न यो नीतिले उद्योग मन्त्रालय र नेपाल लगानी बोर्डसँग नजिकबाट अन्तरक्रिया गर्ने लक्ष्य पनि साथै राखेको छ। कृषि र कृषि व्यवसायमा विदेशी लगानी प्रोत्साहन प्रदान गर्दै, यसले लगानी प्रवर्द्धन गर्नका लागि बनेका ऐन र नियमहरू लागू गर्ने लक्ष्य पनि राखेको छ। यद्यपि, घरेलु किसानहरूको अधिकार सुनिश्चित गर्ने ध्येयले प्राथमिक उत्पादनमा प्रत्यक्ष विदेशी लगानी प्रतिबन्धित गरेको छ।

---

६५ Ibid, para.. 20.

६६ Ibid. para. 39.

६७ Ibid, para. 141.

## २. राष्ट्रिय कृषि नीति, वि.सं. २०६१

वर्तमान निर्वाहमुखी खेती प्रणालीलाई व्यावसायिक र प्रतिस्पर्धात्मक खेती प्रणालीमा परिणत गर्दै दिगो कृषि विकास मार्फत जीवनस्तर सुधार गर्ने परिकल्पना यस नीतिले गरेको छ।

यस नीतिको उद्देश्य कृषि उत्पादकत्व वृद्धि, विश्व बजारमा प्रतिस्पर्धी कृषि प्रणालीको निर्माण र प्राकृतिक स्रोतको दिगो उपयोग गर्ने रहेको छ।[६८] सो लक्ष्य हासिल गर्नको निम्ति कृषि विकास र अनुसन्धानको क्षेत्रमा विदेशी लगानीलाई उपयुक्त प्रोत्सहानको व्यवस्था पनि गरिनेछ भनी यस नीतिले उल्लेख गरेको पापन्छ।[६९]

## ३. सार्वजनिक निजी साझेदारी नीति, २०७२

लगानीमैत्री वातावरण निर्माण गर्नका निमित्त यस नीतिले मूलतः पूर्वाधार संरचनासँग सम्बन्धित वैदेशिक लगानी, विवाद समाधान संयन्त्र, 'राष्ट्रिय योजना आयोग' अन्तर्गत "सार्वजनिक-निजी साझेदारी केन्द्र" स्थापना जस्ता कार्यसँग सम्बन्ध राखेको छ।[७०]

६८ National Agriculture Policy 2004, objective 3.3, p. 1.

६९ Ibid, 4.1.10, p. 3.

७० *Sarbajanik Nijii Sajhedari Niti 2072* (Public-Private Partnership Policy 2015), policy 9.2.

*अध्याय ३:*

# अध्ययन विधि र अध्ययन योजना

## ३.१ समस्याको कथन

विकासोन्मुख राष्ट्र, विकासिल राष्ट्र तथा अर्थतन्त्रमा उदयमान राष्ट्रहरूको आर्थिक विकास, आधुनिकीकरण, आयमा वृद्दी साथै रोजगार सिर्जनाको निमित्त प्रत्यक्ष वैदेशिक लगानीलाई महत्वपूर्ण स्रोतको रूपमा हेरिन्छ। संसारका विभिन्न राष्ट्रहरूले प्रत्यक्ष वैदेशिक लगानीलाई उदारीकरणको सिद्धान्त अवलम्बन गरी सो लगानी भित्र्याउने विभिन्न नीतिहरू सार्वजानिक गरेका छन्। नेपालको सन्दर्भमा, कृषी क्षेत्रलाई विकास गर्ने सन्दर्भमा प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउने नीति वर्तमान परिप्रेक्ष्यमा पनि विकासको प्रथम चरणको अवस्थाको नै रहेको छ। सोही समस्याको समाधानको निमित्त हामीले प्रस्तुत अध्ययन गरेका छौ।

## ३.२ उद्देश्यहरू

यस अध्ययनका उद्देश्यहरू मुख्य गरी निम्न कुरामा केन्द्रित रहने छ।

- नेपालमा कृषिक्षेत्रमा भएको विदेशी लगानीको विद्यमान अवस्थाको लेखाजोखा गर्ने।
- कृषिक्षेत्रमा विदेशी लगानीका अवसर र चुनौतीहरूको अध्ययन गर्ने।
- कृषि चेत्रलाई प्रतिस्पर्धी बनौन स्वदेशी लगानी मात्र पर्याप्त हुन्छ कि वैदेशिक लगानीलाई खुला गर्नुपर्दछ भन्ने विषयमा अध्ययनगर्ने।
- विदेशी लगानीबाट हुने उपलब्धि तथा कृषि प्रणालीमा पर्न जाने नकारात्मक असरहरूको अध्ययन गर्ने।
- नेपालका स्वदेशी उद्योग/व्यवसायमा असर नपर्ने गरी कृषका कुनै उपक्षेत्रमा वैदेशिक लगानीका भित्र्याउन सकिन्छ कि सकिन्न भन्ने विषयको विश्लेषण गर्ने।
- कृषिमा वैदेशिक लगानीका लागि अलग्गै नीति आवश्यक भएको नभएको सम्बन्धमा अध्ययन गर्ने।

- प्राप्त विदेशी लगानीको उपलब्धिमूलक परिचालनका लागि र तहगत समन्वयको स्वरूपका बारेमा राय दिने।

## ३.३ अध्ययनमा प्रयोग भएका मुख्य विधिहरूको परिचय

यो अध्ययनमा तथ्यांकका लागि मात्रात्मक दृष्टिकोण (quantitative approach) प्रयोग गरिएको छ। अध्ययनमा सरकारी एजेन्सीहरूका साथै अन्तर्वार्ता लिनेहरूका माध्यमिक तथ्याङ्कहरू (secondary data) समावेश छन्। यो नेपालका लागि नयाँ नीतिगत कदम भएकोले र प्रत्यक्ष विदेशी लगानीको नयाँ क्षेत्र पनि भएकाले विद्दमान तथ्याङ्क प्रक्षेपण बनाउन पर्याप्त सन्दर्भ वा सहायता प्रदान गर्न यो अध्ययन सक्षम हुने छैन। त्यसैले विज्ञहरूको रायमा यो अध्ययन धेरै भर पर्नेछ।

यस अध्ययनमा विभिन्न शैक्षिक स्रोतहरू समावेश छन् जसबाट तथ्याङ्क सङ्कलन गरिएको छ। अध्ययनमा प्रत्यक्ष विदेशी लगानी नीतिको अध्ययन र विश्लेषण गरिएको छ। तथ्याङ्कहरू प्राथमिक र माध्यमिक स्रोतहरूबाट सङ्कलन गरिएको हो। सम्बन्धित अधिकारीहरूसँग अन्तर्वार्ता लिइएको थियो र प्रत्यक्ष विदेशी लगानी सम्बन्धी उनीहरूको राय र अनुभवहरूलाई अध्ययनमा महत्त्वपूर्ण नतिजाको रूपमा छलफल गरिएको थियो। मुख्यतया पीयर-रिभ्युड लेखहरू, शैक्षिक जर्नलहरू, पुस्तकहरू र अनलाइन पुस्तकालयहरू जस्ता स्रोतहरू पनि जानकारी प्राप्त गर्नका लागि प्रयोग गरियो।

यो अध्ययन गुणात्मक अनुसन्धान विधि मार्फत सञ्चालन गरिएको छ, जुन मुख्य रूपमा कृषि क्षेतर्मा प्रत्यक्ष विदेशी लगानीको कारण र प्रभाव सम्बन्धको गहन अध्ययनमा केन्द्रित छ। सोही निष्कर्षमा पुग्न थुप्रै पियर-रिभ्युड लेखहरू र जर्नलहरूको विश्लेषण गरिएको थियो।

कृषिमा विदेशी लगानीका सम्बन्धमा अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्थरमा प्रचलित सिद्धान्त, मापदण्ड, विधि र असल अभ्यासका खोजि गर्ने यस बियको पुर्व साहितिक पुनरावलोकन वा प्रतिवेदनहरूको अध्ययन एवम पुनरावलोकन गरी समेटिनेछ ।

कृषिमा विदेशी लगानीका सम्बन्धमा छिमेकी मुलुकहरू र नेपाल सरकारले गरेको नीतिगत, संस्थागत, भौतिक, प्राबिधिक तथा अन्य प्रयास वा सुधारको तुलनात्मक विवेचना र विस्लेषण गर्ने गरी अध्यनको बिधि छनोट गरिएको छ।

विषय संग सम्बन्धित सरोकारवालाहरू, विज्ञ समूह र प्रमुख सुचनादाताहरू संगको संवाद, सुझाव, सल्लाह, छलफल, अन्तक्रिया तथा अन्तरबार्ता गर्ने बिधि पनि समेटिएको छ।

आयोगमा गठन समितिहरूमा अध्ययन प्रतिवेदन उपर छलफल/अन्तरक्रिया गर्ने, सुझावको हितको परिमार्जित प्रतिवेदनलाई कृषि तथा पशुपक्षी विकास मन्त्रालय, अर्थ मन्त्रयाला, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रतिनिधिहरू, अन्य प्राज्ञ तथा विषय विज्ञहरू, कृषक तथा कृषि उद्यमीहरूका क्षेत्र गत संघ संस्थाका प्रतिनिधि तथा सरोकारवालाहरू संग पुन:छलफल गरेर अन्तिम रूप प्रदान गर्ने।

## ३.४ तथ्यांक तथा त्यसका श्रोतहरू

अन्तर्वार्ताका लागि देहायका संस्था, सरकारी घरबाट विज्ञ छनोट गरिएको छ। यो अध्ययन पत्रले अन्तरवार्ता दिनेहरूको सहमतिलाई सम्मान गर्छ। त्यसैकारण, अन्तरवार्ता दिनेहरूलाई बेनामी (anonymous) कायम गरिएको छ। अन्तरवार्ता दिनेहरूलाई निज क्षेत्रहरूबाट अन्तर्वार्ता लिइएको छ:

- सरकारी संस्था
- कृषि विद्यार्थी

- कृषक
- व्यापार विशेषज्ञ
- निजी क्षेत्रको संस्था
- कृषि उद्यमी
- विदेशी लगानी सम्बन्धित विज्ञ

विज्ञहरू र अन्तर्वार्ता दिनेहरूले नेपालमा प्रत्यक्ष विदेशी लगानी प्रवृत्तिका बारेमा आफ्ना तथ्याङ्क र अनुभवहरू साझा गरेका छन्। प्रश्नहरू सीधा अनुसन्धान उद्देश्यहरूसँग जोडिएको छ। यस अध्ययनमा केही विज्ञहरूले उठाएका विशेष मुद्दाहरूलाई उद्धृत गरी सोको सान्दर्भिकता अनुसार एकिकृत गरिएको छ। निजहरूलाई देहायका प्रश्नहरू सोधिएको छ:

- कृषिक्षेत्रमा प्रत्यक्ष विदेशी लगानीमा कस्ता प्रकारका अवसर र चुनौतीहरू छन् ?
- कृषिक्षेत्रलाई प्रतिस्पर्धी बनाउन स्वदेशी लगानी मात्र पर्याप्त हुन्छ वा विदेशी लगानीलाई पनि अझ खुला गर्नुपर्छ?
- नेपालको स्वदेशी उद्योग व्यवसायमा असर नपर्ने गरी कृषिका कुनै साहेक क्षेत्रमा वैदेशिक लगानी भित्र्याउन सकिन्छ कि सकिन्न होला ?
- कृषिमा विदेशी लगानीका लागि अलग्गै नीति को कति आवश्यकता छ कि छैन?
- प्राप्त विदेशी लगानीको उपलब्धिमूलक परिचालनका लागि र तहगत समन्वयको स्वरूपमा कस्तो राय छ?
- कृषिमा वैदेशिक लगानीलाई समग्रमा कस्तो धारणा राख्नुभएको छ , सकारात्मक , मध्य वा नकारात्मक ?

## ३.५ अध्ययनका सिमितता

**पद्दतीमा सीमितता:** केही सिमित व्यक्तिहरूमार्फत प्राप्त गरेको अन्तर्वार्तामा मात्र हाम्रो अध्ययन सीमित रहेको छ। आम वर्गबाट नभई सीमित वर्गवाट संक्लित अन्तर्वाता र सोही अनुरूप प्रयुक्त भएका तथ्याङ्कहरूमा सिमित रहेका कारण यस अध्ययन पद्दतिमा सीमित हुन सक्छ।

**विषयगत सीमितताः** तत्कालको नीतिगत अवस्था र आर्थिक अवस्था हेरेर यस कार्यपत्रमा सुझावहरू पेश गरेका छौ। उक्त उल्लेखित अवस्थाहरूमा तात्त्वत परिवर्तन हुने अवस्थामा हाम्रो सुझाव समयानुकुल प्रयोग नहुन सक्छ।

*अध्याय ४:*

# विगतका अध्ययनहरूको पुनरावलोकन

नेपाल सरकारका आधिकारिक प्रतिवेदनहरू, विकाससँग सम्बन्धित आधिकारिक तथा अन्य निकायद्वारा प्रस्तुत भएका प्रतिवेदनहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त पत्रपत्रिकामा प्रकाशित आलेख तथा सन्दर्भ सामाग्रीहरूबाट अध्ययनको विषयसँग सम्बन्धित महत्वपूर्ण विषय साभार गरी निम्नार्थ अध्ययन पुनरावलोकन गरिएको छ। यस अध्ययन पुनरावलोकन मुख्यत विज्ञहरूको दृष्टिकोणमा उहाँहरूले उजागर गर्नुभएको महत्त्वपूर्ण मुद्दाहरूमा केन्द्रिकृत रहेको छ। समीक्षा गरिएका विषय सान्दर्भिक अध्ययनहरू निम्न प्रस्तुत गरिएको छ।

### Awunyo-Vitor & Sackey (2018)[71]

प्रस्तुत विषयसँग सम्बन्धित यस खोजमुलक लेखअनुरूप कृषि क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी धेरै महत्त्वपूर्ण छ भन्ने कुरा प्रयुक्त हुन्छ। अर्थात उक्त लगानीले  पुँजीको स्रोतको सुनिश्चिता प्रदान गर्दछ र आन्तरिक निजी लगानीलाई पूर्ण रूपमा सहयोग गर्दछ। घरेलु लगानीले मात्र राज्यको कुल उत्पादकत्व तथा आयमा वृद्धि गर्न सम्भव नभएको अवस्थामा प्रत्यक्ष वैदेशिक लगानीले राष्ट्रको कुल उत्पादकत्त्व तथा आयको बृद्धिमा योगदान पुऱ्याउँछ।

यस अध्ययनमा उल्लेख भएअनुसार शिक्षा, प्रविधिक तालिम, अनुसन्धान र विकाससँग सम्बन्धीत रहि स्वदेशी प्राविधिक क्षमतालाई अभिवृद्धि गर्ने नीतिहरू तर्जुमा गर्दा प्रत्यक्ष वैदेशिक लगानीको प्रत्यक्ष लाभ लिन सकिन्छ। जस्तै, प्रत्यक्ष वैदेशिक लगानीको उपस्थितिले राज्यमा विविध प्रविधिको स्थानान्तरण हुन्छ र निर्यात प्रवर्द्धन गर्ने व्यापार व्यवसायहरू प्रभावकारीरूपमा सञ्चालन हुन्छन्। उत्पादन प्रक्रियामा नविन तथा सुधारिएको प्रविधि अपनाउन र ज्ञान हस्तान्तरणलाई प्रोत्साहन गर्न प्रत्यक्ष वैदेशिक लगानी महत्वपूर्ण छ। यस

[71] Awunyo-Vitor and Sackey, '*Agricultural Sector Foreign Direct Investment and Economic Growth in Ghana*', Journal of Innovation and Entrepreneurship, 2018

प्रकारको लगानीले कृषि जनशक्तिलाई प्रशिक्षण तथा सीप कुसलताको विकास गर्दछ, व्यवस्थापनका वैकल्पिक अभ्यासहरूमा निपूण बनाउछ तथा राम्रो संगठनात्मक व्यवस्थाको निर्माण गर्दछ।

प्रस्तुत लेखमा साभार टिआन लगायत अन्य लेखकहरू सम्मिलित तयार पारिएको खोजपत्रलाई उदृत गर्नुपर्दा चीनमा प्रत्यक्ष वैदेशिक लगानीको प्रवाह भएका क्षेत्रहरूमा कुल ग्राह्यस्थ उत्पादन बढेको यथार्थ विवरण उल्लेख छ।कुल ग्राह्यस्थ उत्पादन बढ्नुको मुख्य कारकको रूपमा लेखकहरूले प्रविधिको विस्तारलाई उदृत गरेका छन्। वैदेशिक लगानीको कारण भारतमा संचालित विभिन्न फार्महरूले उत्पादन गर्ने कृषिका विविध उत्पादनमा उल्लेख्य र सकारात्मक वृद्धि भएको छ। तर विदेशी लगानी नभएका अन्य फर्महरू तुलनात्मक रूपमा कम उत्पादनशील रहेको अवस्था छ।
कृषिमा विदेशी लगानी नीतिगत रूपमा ल्याउन सजिलो छ, तर आस गरेको जति तत्कालै प्रतिफल चै तत्कालै न देखिन सक्छ भने अध्यननले देखिएको छ।

विकासशील देशहरू चिली, थाइल्याण्ड र मलेसियाको आर्थिक सूचकहरूको अध्ययन गर्दा प्रत्यक्ष वैदेशिक लगानीले आर्थिक वृद्धिमा महत्वपुर्ण भूमिका खेल्नुको साथै उक्त देशहरूले गरिवी निवारणमा उल्लेख्य सफलता हासिल गरेका छन्। प्रायः औद्योगिक र विकासशील देशहरूले प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गरी आफ्नो अर्थतन्त्रमा सकरात्मक सुधार ल्याउन विभिन्न प्रस्तावहरू नीतिगत रूपमा प्रस्तुत गरेका छन्। विकासोन्मुख राष्ट्रले प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउन वा आकर्षण उपर्युक्त नीति निर्माणको आवश्यक हुन्छ।

सरकारी खर्चको प्रकृति तथा प्रयोगले राष्ट्रको आर्थिक वृद्धिमा प्रभाव पार्दछ। माईकल साउन्डर्षले उदृत गर्नुभएबमोजिम अर्थतन्त्रमा सरकारी खर्चको प्रभाव परीक्षण गर्न (ओ.ई.सी.डी.) OECD राष्ट्रहरूबाट प्राप्त विवरण अनुसार राष्ट्र अर्थतन्त्रको आर्थिक वृद्धिदर साथै कुल ग्राह्यस्थ उत्पादन र सरकारी खर्च बिच नकरात्मक सम्बन्ध सिर्जित हुन्छ। अर्थशास्त्री

धानेश्वर गुरा थोमसले ३३ अफ्रिकी राष्ट्रहरूको अर्थतन्त्रमा सन् १९७० देखि १९९० बिचको समयावधीमा सरकारी खर्च र आर्थिक वृद्धि सम्बन्धको परिक्षण गर्दा उक्त सरकारी खर्च र आर्थिक वृद्धिबीच नकारात्मक सम्बन्ध रहेको प्रष्ट्योक्ति हुन्छ।

### Schüpbach (2014)[72]

सन् २००७-२००८ मा विश्वव्यापी रूपमा खाद्य मूल्य संकट आए पश्चात कृषि र जमिनमा प्रत्यक्ष वैदेशिक लगानी उल्लेखनीय रूपमा वृद्धि भएको छ। धेरैजसो खाद्यवस्तुको उच्च मूल्य तथा मूल्य र उत्पादन अस्थिरताको कारणले गर्दा खाद्यान्न आयात गर्ने देशका सार्वजनिक तथा निजी लगानीकर्ताहरूले कृषि उत्पादनका निमित्त खेतीयोग्य जमिनहरूको ठूलो क्षेत्रफल खरिद वा भाडामा दिन खोजिरहेका छन्।

वैदेशिक लगानी प्राप्त गर्ने देशहरूमा प्रत्यक्ष वैदेशिक लगानीले आर्थिक वृद्धिलाई समुन्नत गर्न सहयोग गर्नेछ। साथै उक्त लगानीले प्रतिस्पर्धात्मक क्षमतालाई अभिवृद्धि गर्न, ज्ञान र रोजगारी सिर्जना गरी गरिबी घटाउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। यस प्रकार/प्रकृतिका लगानीहरूले विश्वव्यापी स्तरमा खाद्यान्न उत्पादन वृद्धिमा योगदान पुऱ्याउने र घरेलु राष्ट्रहरूमा खाद्यान्न सुरक्षा बढाउने सम्भावना हुन्छ। बहुसंख्यक गरिबहरू ग्रामीण क्षेत्रमा बसोबास गर्छन् , त्यसैले कृषि क्षेत्रको विकासले गरिबी न्यूनीकरणमा सकरात्मक प्रभाव पार्दछ।

प्रत्यक्ष वैदेशिक लगानीका निमित्त भूमी/जमिनको माग धेरै हदसम्म विकासोन्मुख देशहरूमा केन्द्रित भएको तथ्यगत अवस्था छ। आलोचकहरूले यस्ता लगानीहरूलाई "जमिन हडप " भनेका छन्। भूमि किनबेच सम्बन्धमा वित्तीय पारदर्शिताको अभावको कारण भ्रष्टाचार लगायत अन्य विभिन्न प्रकारका जोखिमका समस्याहरू निम्तिन सक्ने अवस्था सिर्जित हुन सक्छ।

---

72 J.M. Schupbach, '*Foreign Direct Investment in Agriculture: The Impact of Outgrower Schemes and Large-Scale Farm Employment on Economic well-being in Zambia*', Doctoral Dissertation, ETH Zurich, 2014.

## Wang., et. al (2019)[73]

प्रत्यक्ष वैदेशिक लगानीको प्रभाव मुख्यतया कुल कारक उत्पादकता (Total Factor Productivity), प्राविधिक परिवर्तन, र दक्षता परिवर्तन (Efficiency Change) मा निहित हुन्छ। विद्वानहरूको तर्क अनुसार प्रत्यक्ष वैदेशिक लगानीले आयोजक देशहरूमा प्राविधिक प्रगतिलाई बढावा दिन्छ। अन्य विद्वानहरूले आयोजक देशको कुल कारक उत्पादकतामा प्रत्यक्ष वैदेशिक लगानीको प्रभावको अध्ययन गर्दा सकारात्मक प्रभाव पार्छ भन्ने कुरा उल्लेख गरेका छन्। वाङ र वाङले उल्लेख गर्नु भएबमोजिम सेवा उद्योगमा प्रत्यक्ष वैदेशिक लगानीले चीन, मध्य र पश्चिमी क्षेत्रहरूमा ग्रीन टोटल फ्याक्टर प्रोडक्सनको वृद्धिलाई उल्लेखनीय रूपमा रोकेको देखाएको छ। केही विद्वानहरूले प्रत्यक्ष वैदेशिक लगानीले उत्पादनमा केन्द्रित उद्योगमा कुल कारक उत्पादकता र दक्षता परिवर्तन को सुधारलाई प्रभावकारी रूपमा प्रवर्द्धन गर्न सक्छ भनेका छन्। यद्यपि, केही विद्वानहरूले ग्रीन टोटल फ्याक्टर प्रोडक्सन (GTFP) मा एफडीआईको प्रभाव महत्त्वपूर्ण छैन र महत्त्वपूर्ण भिन्नता छ भनेका थिए।

प्रत्यक्ष वैदेशिक लगानी र कुल कारक उत्पादकत्व बीचको सम्बन्ध उजागर गर्न माथिको अनुसन्धानले मुख्यतया उत्पादन र सेवा उद्योग समावेश गर्दछ, तर कृषि क्षेत्रमा भने कम अनुसन्धान गरेको छ। कृषिमा प्रत्यक्ष वैदेशिक लगानीको प्रवाहले कृषि क्षेत्रमा कुल कारक उत्पादकत्वलाई वृद्धि गरी प्रभावकारी रूपमा प्रवर्द्धन गर्न सक्छ वा सक्दैन भन्ने सवालमा हालका वर्षहरूमा उल्लेख्य रूपमा नीतिगत साथै सैद्धान्तिक रूपमा दुई प्रकारका दृष्टिकोण बारे विमर्श भएका छन।

उक्त विमर्शमा प्रथमत् कृषिमा प्रत्यक्ष वैदेशिक लगानीको प्रवाहले राष्टको कृषि उत्पादनमासकारात्मक प्रभाव पार्छ। आयोजक राष्ट्रमा खाद्यान्न संकट र प्राकृतिक स्रोतको

[73] Wang, Y.ant et. al., '*Does FDI promote or inhibit the high-quality development of agriculture in China? An agricultural GTFP perspective*', Sustainability, 2019.

सीमिततालाई मध्यनजर गर्दै लगानीकर्ताहरूले खेतीयोग्य जमिन भाडामा लिन वा किन्न थालेका छन्। एडोम र उनका सहकर्मीले सन् १९८० देखि सन् २०१४ सम्म अफ्रिकाका २८ देशहरूको तथ्याङ्क संकलन गरी र स्थिर प्रभाव मोडेल प्रयोग गरेर प्रत्यक्ष वैदेशिक लगानीले कृषि उत्पादनमा सार्वजनिक अनुसन्धान र विकासको प्रभावलाई कसरी कम गर्छ भनेर अन्वेषण गरेका थिए। परिणामस्वरूप उनीहरूले कृषि उत्पादनमा यस प्रकारको लगानीले स्तो लगानीको प्रत्यक्ष सकारात्मक प्रभाव पारेको विवरण प्राप्त गरेका थिए। त्यस्तै ज्यांग र उनका सहकर्मीले चीनको कृषिमा प्रत्यक्ष वैदेशिक लगानीको वास्तविक प्रभावको अध्ययन गर्दा निजी उद्यमहरू चीनको कृषि क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानीको स्तम्भ रहेको साथै यसले कृषि बजार विस्तार गरेर राष्ट्रिय खाद्यान्न सुरक्षाको सुनिश्चितता गर्नुका साथै कृषि प्रविधि, कृषि व्यवस्थापन लगायत सो सम्बन्धी अनुभव र रोजगारीका अवसरहरू निर्माण गर्ने कुरा उल्लेख गरेका छन्।

दोस्रो दृष्टिकोण अनुसार कृषिमा प्रत्यक्ष वैदेशिक लगानीले कृषिको कुल कारक उत्पादनमा कुनै महत्त्वपूर्ण वा निषेधात्मक प्रभाव पार्दैन। सन् २००७ देखि २०१२ सम्म चीनको कृषि उत्पादन प्रशोधन उद्योगको १० क्षेत्रहरूबाट प्राप्त प्यानल डेटा प्रयोग गर्दै, लिन र उनका सहकर्मीले ताइवानको प्रत्यक्ष लगानीले चीनको कृषि उत्पादन प्रशोधन उद्योगमा प्रत्यक्ष प्रविधि विकासमा प्रभाव ल्याएको छैन, तर यसले कृषि उत्पादन प्रशोधन उद्योगको विदेशी लगानीको खुलापन सुधार गर्न र दुई पक्षबीचको प्राविधिक खाडललाई कम गर्न सहयोग गरको उल्लेख गरेका छन्। अल्फारोले ओईसीडी देशहरूको डाटा प्रयोग गरेर कृषिमा प्रत्यक्ष वैदेशिक लगानीले कृषि उत्पादन दक्षतामा नकारात्मक प्रभाव पारेको फेला पारेका थिए। त्यस्तै ओवुटुआमोर र उनका सहकर्मीले नाइजेरियामा कृषि वृद्धिमा प्रत्यक्ष वैदेशिक लगानीले निश्चित बाधक प्रभाव पारेको भनेका छन्। मेङ र लीले सन् २००० देखि २०११ सम्म चीनका १५ प्रान्तमा कृषिमा प्रत्यक्ष वैदेशिक लगानी र कृषिको कुल कारक उत्पादन बीचको सम्बन्ध अध्ययन गर्दा यस्तो लगानीले उल्लेखनीय नकारात्मक प्रभाव पारेको र प्राविधिक प्रगतिलाई पनि प्रवर्द्धन नगर्ने तथ्य फेला पारे। सन् १९९० देखि २०१२ सम्म १०८ आयोजक राष्ट्र र

२४० घरेलु राष्ट्रहरू वीच रहेको द्विपक्षीय प्रत्यक्ष वैदेशिक लगानी प्रवाहको अवस्था अध्ययनका क्रममा डेमिर र उनका सहकर्मीले विभिन्न अनुमान प्रविधिहरू र ठूलो संख्यामा परीक्षणहरू प्रयोग गरी द्विपक्षीय लगानी प्रवाहले दुई आयोजक देशहरूमा कुनै महत्त्वपूर्ण प्रभाव पारेको देखिएन।

### Chaudhuri & Mukhopadhyay (2014)[74]

Dunning (2001) ले ओ एल आई (OLI) भनेर चिनिने स्वामित्व, स्थान, आन्तरिककरण (Ownership, Location, Internalization) प्रतिमानको विकास गरे। प्रत्यक्ष वैदेशिक लगानी आउनका लागि एकैसाथ तीनवटा सर्त पूरा गर्नुपर्ने उनको भनाइ छ। बहुराष्ट्रिय कम्पनीहरूसँग (१) स्वामित्वको फाइदा हुनैपर्छ, अर्थात् उनीहरूसँग केही फर्म-विशिष्ट सम्पत्तिहरू हुनुपर्छ (उदाहरणका लागि उत्पादन र प्रविधि जस्ता मूर्त सम्पत्तिहरू र प्याटेन्टहरू जस्ता अमूर्त सम्पत्तिहरूले उनीहरूलाई स्थानीय रूपमा थप लागतहरूको क्षतिपूर्तिको लागि स्वदेशी उद्योग भन्दा उनीहरूलाई फरक बनाउँछ ) ; (२) बहुराष्ट्रिय लगानी गर्दा उत्पादनमा कम लागत हुँदा दुबै घरेलु र आयोजक देशहरूमा फाइदा हुन्छ जसले गर्दा अर्को देशमा वैदेशिक लगानी जान पाउदैन(३) व्यापार सम्पर्कहरू आन्तरिककरण गर्दा उत्पन्न हुने आन्तरिक लिने।

बहुराष्ट्रिय कम्पनीहरूको उत्पादन स्थान छनोट गर्दा व्यापार प्रतिबन्ध र आयोजक देशहरूको अन्य नीतिहरू, देशहरूले लगानी प्रवर्द्धन र सहजीकरण गर्न अपनाउने सक्रिय उपायहरू र तिनीहरूको अर्थतन्त्रका विशेषताहरूको विश्लेषण गर्छ (UNCTAD, 1998)। यस सन्दर्भमा, विदेशमा लगानी गर्ने फर्महरूको निर्णय संलग्न देशहरूको अन्तर्राष्ट्रिय व्यापार र लगानी नीतिहरूमा निहित हुन्छ। साथै, देशको संस्थागत संरचनाले पनि प्रत्यक्ष वैदेशिक लगानीलाई निर्धारण गर्दछ। थोरै आर्थिक, सामाजिक र राजनीतिक जोखिमको साथ साथै सरकारी स्थायित्व, लोकतान्त्रिक जवाफदेहिता, कर्मचारीतन्त्रको कार्यशैली, स्थिर, भरपर्दो, पारदर्शी

---

74 S.Chaudhuri and U. Mukhopadhyay, '*Foreign Direct Investment in Developing Countries: A Theoretical Evaluation*', Springer, 2014.

कानुनी र नियामक संरचना, कम्पनी बनाउन सहजता, भ्रष्टाचार नियन्त्रण , पारदर्शिता, सुरक्षा, सम्पत्ति अधिकार, न्यायको दक्षता र विवेकपूर्ण मापदण्डहरू आदि पर्छन् Dumludag et. al. (2007); Quéré et. al. (2007)। यस क्रममा नियमहरूको समग्र स्थायित्व र उदारीकरण आवश्यक भए तापनि ती वैदेशिक लगानीलाई प्रेरित गर्न पर्याप्त नहुन सक्छ। बहुराष्ट्रिय कम्पनीहरूले अधिक उदार व्यवस्थाहरूलाई स्वीकार गर्ने गर्दछन् र प्रत्यक्ष वैदेशिक लगानीको व्यवस्थाहरूलाई विश्वव्यापीकरणको स्वाभाविक नतिजा मान्छन्। ल्याटिन अमेरिकी देशहरू र मध्य र पूर्वी युरोपका सङ्क्रमणकालीन अर्थतन्त्रहरू लगायत धेरै विकासोन्मुख देशहरूमा यस्तो वैदेशिक लगानी ल्याउदा सरकारी स्वामित्वका उद्यमहरूको निजीकरण गरेको देखिन्छ। निजीकरण मार्फत विदेशी लगानीकर्ताहरूले अधिग्रहण गरेका फर्महरूको आम्दानीको पुन: लगानीले तर्कसंगत आधुनिकीकरणमा महत्त्वपूर्ण अतिरिक्त लगानी हुन सक्छ। निजीकरणले आर्थिक सुधारको लागि सरकारको प्रतिबद्धताको सन्दर्भमा पनि आशावादी संकेत दिन्छ।

वैदेशिक प्रत्यक्ष लगानी मार्फत विकासोन्मुख देशहरूमा हस्तान्तरण गरिएका प्रविधिहरू स्थानीय रूपमा उपलब्ध हुने भन्दा बढी आधुनिक र वातावरणीय रूपमा "स्वच्छ" हुन्छन्। यसबाहेक घरेलु अर्थतन्त्रमा वातावरणीय सुधारहरू निम्त्याएको ठाउँमा स्थानीय अनुकरण, रोजगारी कारोबार र आपूर्ति-श्रृंखला आवश्यकताहरूले सकारात्मक प्रभाव देखिएको। तथापि, आफ्नो देशमा वातावरणीय हिसाबले अनुपयुक्त ठानेका उपकरणहरू विकासोन्मुख देशहरूमा सार्ने गरिएका केही उदाहरणहरू समेत छन्। यस्तो निम्न स्तरको प्रविधिको प्रयोग सामान्यतया कम्पनीको हितमा हुनेछैन; यसले वैदेशिक लगानीसँग सम्बन्धित वातावरणीय जोखिमलाई देखाउँछ।

प्रत्यक्ष वैदेशिक लगानीको सामाजिक परिणामहरूको प्रायोगिक प्रमाण प्रचुर मात्रामा भेटिएको छैन। तथापि, समग्रमा भन्नु पर्दा , यसले गरिबी घटाउन र सामाजिक अवस्था सुधार गर्न मदत गर्छ भन्ने धारणालाई व्यक्त गर्न सकिन्छ। अध्ययनले देखाए अनुसार विकासोन्मुख

देशहरूमा उच्च आयले सामान्यतया जनसंख्याको सबैभन्दा गरीब वर्गलाई समानुपातिक रूपमा फाइदा पुऱ्याउँछ। गरीबी न्यूनीकरणमा प्रत्यक्ष वैदेशिक लगानीको लाभकारी प्रभावहरू तब रूपमा बलियो हुन्छ जब यस्तो लगानीलाई श्रममा आधारित उद्योगहरू विकास गर्ने उपकरणको रूपमा प्रयोग गरिन्छ र जहाँ राष्ट्रिय श्रम कानून र अन्तर्राष्ट्रिय रूपमा स्वीकृत श्रम मापदण्डहरूको पालनामा लंगरिएको हुन्छ।

विकासोन्मुख देशहरूमा विदेशी उपस्थितिले आधारभूत सामाजिक मूल्यमान्यताहरू जस्तै मुख्य श्रम मापदण्डहरूमा सामान्य ह्रास निम्त्याउँछ भन्ने थोरै प्रमाणहरू भेटिएका छन्। यसको विपरित, अनुभवजन्य अध्ययनहरूले प्रत्यक्ष वैदेशिक लगानी र श्रमिकहरूको अधिकार बीचको सकारात्मक सम्बन्ध फेला पारेको छ। श्रम सम्वन्धि कमजोर मापदण्ड लगानीको लागी बाधाको रूप मा काम गर्न सक्छ , आयोजक राष्ट्रमा भएको सामाजिक अशान्तिको कारण लगानीकर्ताहरूलाई आफ्नो प्रतिष्ठा को बारे मा चिन्ता हुन्छ ।

### Shiva (1989)[75]

कृषिका परम्परागत तथा मौलिक तरिकाहरूको अवमूल्यन गरी अन्धो तरिकाले विदेशी लगानीलाई प्रवेश दिँदा रैथाने कृषि प्रणालीमा दिर्घकालीन समस्या सिर्जना हुन जान्छ भन्ने कुरा लेखिका वन्दना शिभाले तथ्य-प्रमाण सहित तर्क राखेकी छिन्। विश्वभर खाद्य समस्या टड्कारो रूपमा देखा परेपछि सो समस्या निराकरणको लागि जिएम्ओजको (वंशाणु परिमार्जित जिव) निर्माण गरिएको हो। सोको प्रयोगले पहिलो चरणमा विश्वभर उत्पादन बढाए पनि क्रमिक रूपमा यी बीऊहरूसँगै प्रयोग गरिने रसायनिक मल किरानाशक औषधी र सिँचाईको निरन्तरताले जमिनको उत्पादकत्व घटाई मौलिक कृषि प्रणालीमा आघात पुर्याएको र जमिननै बाँझो पल्टिई दिर्घकालीन समस्या सिर्जना गरेको छ। भारतका पन्जाब लगायत राज्यमा जिएम्ओजको प्रयोगले पन्जाबको मौलिक कृषि प्रणाली नै ध्वस्त बनाई वातावरणमा

75 Vandana Shiva, *The Violence of the Green Revolution: Third World agriculture, ecology and politics*,London, Zed Books, 1989

नकारात्मक प्रभाव पारी खाद्यको समस्या झन् टड्कारो बनाएको छ भन्ने तथ्य यत्रतत्र रहेको कुरा लेखिकाले गरेकी छिन्।

### Egan (2017)[76]

प्रत्यक्ष वैदेशिक लगानीमा आधारित अन्तरराष्ट्रिय अनुसन्धानहरूले प्रायः यी महत्त्वपूर्ण अन्तर्राष्ट्रिय पुँजी प्रवाहलाई समान रूपमा व्यवहार गर्दछन्। राजनीतिक अर्थशास्त्रीहरूले राजनीतिक संस्थाहरू (लोकतन्त्र, संघीयता, इत्यादि) र आगामी कुल लगानी बीचको सम्बन्धको बारेमा धेरै तर्कहरू गरेका छन्। यी अध्ययनहरूले विश्वव्यापी रूपमा लगानीको ढाँचाहरूबारे हाम्रो बुझाइ बढाएका छन् र बहुराष्ट्रिय कम्पनीहरूका लागि कस्ता प्रकारका राजनीतिक ढांचाहरू सबैभन्दा आकर्षक छन् भनेर देखाएका छन्। विशिष्ट निष्कर्षहरू फरक भए तापनि, बहुराष्ट्रिय फर्महरूले कहाँ र कहिले लगानी गर्ने भन्ने निर्णय गर्दा आयोजक देशहरूमा नीति र संस्थागत वातावरणलाई विचार गर्छन् भन्ने कुरा हामीलाई बोध गराएका छन्। यद्यपि यी दृष्टिकोणहरू अपूर्ण छन् किनभने यिनीहरूले क्षेत्रगत लगानीहरू अलग गर्दैनन् वा वास्तवमा बहुराष्ट्रिय कम्पनीहरूले आयोजक देशहरूमा के गरिरहेका छन् भनेर सोध्दैनन्। राजनीतिक अर्थशास्त्रीहरूले प्रायः फराकिलो सम्बन्धमा आधारित प्रत्यक्ष वैदेशिक लगानीलाई बारेमा व्यापक सामान्यीकरण गर्छन्, तर यी कथनहरूमा गहिराइको कमी छ। विकास परम्परामा आधारित भएका अध्ययनहरूले प्रायः एउटै गल्ती गर्छन् ; व्यापार, पुँजी खाता ल चिलोपन र अन्य समष्टि आर्थिक सूचकहरूको साथमा आउने वैदेशिक लगानीलाई एकै नजरले हेर्छन्। तर कुनै देशले कुन प्रकारको प्रत्यक्ष वैदेशिक लगानीलाई आकर्षित गर्छ त्यो अत्यन्त महत्त्वपूर्ण छ, किनकि नीति निर्माताहरूले लामो समयदेखि सो कुरा बुझेका हुन्छन्। कपडा कारखाना र सफ्टवेयर विकास सुविधाबाट समान प्रकारको विकासात्मक लाभहरू आउदैन , यद्यपि दुवैले विकासमा योगदान पुऱ्याउन सक्छ। हामी स्वाभाविक रूपमा आशा गर्नु पर्ने के हो भने यी दुवै क्षेत्र फरक लगानीहरू आकर्षित गर्नका लागि प्रयोग गरिएका स्रोत र

76 P.W. Egan, '*Globalizing Innovation State Institutions and Foreign Direct Investment in Emerging Economies*', Massachusetts Institute of Technology. 2017

रणनीतिहरू प्रयोग भएका हुनेछन्। प्रत्यक्ष वैदेशिक लगानी विकासको लागि "राम्रो" वा "खराब" हो भन्न असम्भव छ। यसको लागि हामीले प्लगानीको बारेमा थप जान्नुपर्दछ।

विकासोन्मुख देशहरूमा प्रत्यक्ष वैदेशिक लगानीका विशेषताहरू शैक्षिक एकत्रीकरण र सरलीकरण गरिएका थुप्रै कारणहरू छन्। अन्तर्राष्ट्रिय राजनीतिक अर्थतन्त्रको क्षेत्रमा विद्वानहरूले यस्तो लगानीको स्तर वा वार्षिक प्रवाहलाई स्वतन्त्र वा आश्रित चरको रूपमा प्रयोग गर्न सुझाउछन् , तर राजनीतिक अवस्थामा ध्यान केन्द्रित गर्छन्। अन्तर्राष्ट्रिय व्यापार अध्ययनको क्षेत्रमा शिक्षाविद्हरूले विकासशील देशहरूमा बहुराष्ट्रिय फर्महरूको विशेष गतिविधिहरूको अनुसन्धान गर्ने सम्भावना बढी हुन्छ। यस्तो अवस्थामा फर्महरूले एक स्थानमा अर्को भन्दा बढी अनुसन्धान र विकास गर्छन् भन्ने प्रश्न उठ्न सक्छ। यद्यपि, यी कामहरू प्रायः सो फर्मको सिद्धान्तहरूमा निर्भर हुन्छन्। अर्थात्, प्रत्यक्ष वैदेशिक लगानीमा हुने फरकपन विभिन्न व्यापार रणनीतिहरूको परिणाम हो। यसै गरी विकासविद हरूले राज्यहरूले कसरी प्राविधिक परिवर्तन र औद्योगिक स्तरवृद्धिलाई बढावा दिन्छन् भन्ने कुरामा धेरै चासो राख्दा, बहुराष्ट्रिय नेतृत्वको विकासको सम्भावनालाई सधैं मान्यता दिएका छैनन्।
विकास परम्पराका विद्वानहरू विश्वव्यापी उत्पादन श्रृंखलाको फैलावट र यी सञ्जालहरूले विकास प्रक्षेपणहरू र राज्यका निकायहरूको प्रकृतिमा पार्ने प्रभावहरूको विवेचनामा केन्द्रित छन्। वैदेशिक लगानी प्रवद्र्धन अहिले विश्वभर राज्यको विकास रणनीतिको अत्यावश्यक अंग बनेको छ। सरकारहरू अब राष्ट्रिय कम्पनीहरूको प्रवर्द्धनमा मात्र भर पर्न सक्दैनन्; उनीहरूले आफ्ना देशमा रहेको श्रमको विश्वव्यापीकरणको बारेमा पनि विचार गर्नुपर्छ। तसर्थ, बहुराष्ट्रिय फर्महरू र सरकार वीचको सम्बन्ध अझ महत्त्वपूर्ण छ। आफ्नो देशमा वैदेशिक लगानी भित्राउन तिब्र प्रतिस्पर्धा रहेको छ। तर उदीयमान अर्थतन्त्रहरूमा क्षेत्रगत रूपमा एफडीआईलाई अलग गर्ने डाटाको अभाव छ। विकासोन्मुख देशहरूले विशेष गरी सन् १९९० को दशकदेखि बहुराष्ट्रिय उद्यमहरूले गरेको लगानीको राम्रो अभिलेख राखेका छन्।

पछिल्लो दशकमा, साना र ठुला स्तरका धेरै नयाँ डाटाका स्रोतहरू उपलब्ध भएका छन् जसले प्रत्यक्ष वैदेशिक लगानीको थप सूक्ष्म विश्लेषण गर्न सहयोग गर्छन्। आन्तरिक लगानीको मात्रा र लगानीको क्षेत्रगत वितरणलाई अझ सही रूपमा प्रतिनिधित्व गर्नका लागि डाटाका यी नयाँ स्रोतहरूलाई प्रायः निरन्तर परिष्कृत र परिमार्जन गरिन्छ। फार्महरूको लगानी तौर तरिका र उदीयमान अर्थतन्त्रहरूमा प्रत्यक्ष वैदेशिक लगानी कसरी क्षेत्रगत रूपमा वितरित गरिन्छ भन्ने बारे बारेमा बुझ्न सजिलो भएको छ किनभने यस्ता जानकारीका समय-श्रृङ्खला र बहुस्तरीय अर्थ विधिहरूमा प्रगतिको एकै समयमा भइरहेको छ।

तथ्याङ्क र विधिको राम्रो संगमले विकासोन्मुख देशहरूमा १० वर्ष पहिलेको तुलनामा हालको वर्ष हरूमा प्रत्यक्ष वैदेशिक लगानीलाई गहिरो संग वुझ्न मदत गरेको छ। विभिन्न घटनाक्रमहरूलाई विमर्श गर्दै यस पुस्तकमा उल्लेख गरे अनुसार प्रत्यक्ष वैदेशिक लगानी र विकासोन्मुख देशहरू बीचको सम्बन्ध केलाउदा फरक र अधिक व्यापक परिप्रेक्ष्य चाहिन्छ। उदीयमान अर्थतन्त्रमा वैदेशिक लगानी थप विविध हुँदै गएको छ। निश्चित रूपमा, त्यहाँ अझै पनि देशहरू छन् जो मुख्य रूपमा खानी र कपडाको लगानीमा निर्भर छन्। तर धेरैजसो विकासोन्मुख देशहरूले यस्तो वैदेशिक लगानीको संरचनामा परिवर्तन देख्न थालेका छन्। समग्र वैदेशिक लगानीको अनुपातमा सेवाहरू बढ्दै गएका छन् र यो प्रवृत्ति जारी रहने देखिन्छ। विकासोन्मुख देशहरूमा लगानी गर्न उत्पन्न हुने प्रश्न हरूको उत्तर दिंदा सूक्ष्म दृष्टिकोणलाई अनिवार्य रूपमा संयोजन गर्नुपर्छ जसले गर्दा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा ठूला सामाजिक-आर्थिक प्रवृतिहरू र प्रभावहरूको जागरूकताको साथ प्रतिविम्बित गर्न सकियोस्।

### Social Inquiry: Journal of Social Science Research (2020)[77]

नेपालले पनि प्रत्यक्ष वैदेशिक लगानी सम्बन्धी नीतिलाई प्राथमिकतामा राखेको छ तर यो कागजमा मात्र सिमित छ। ठूला क्षेत्रमा लगानी देखिन्छ, तर ती लगानीमा कस्तो असर पर्छ र

[77] Foreign Direct Investment in Nepal, Social Inquiry: Journal of Social Science Research, Vol. 2, No. 2, 2022, available at https://doi.org/10.3126/sijssr.v2i2.33082, accessed on 18 June 2022.

ती लगानीबाट देशलाई के फाइदा हुन्छ भन्ने कुरा नीतिगत रूपमा कतै प्रकाश पारिएको छैन। ऊर्जा क्षेत्रमा लगानीको उच्च प्रवाह देखिए पनि त्यसको प्रभाव के–के छन् र त्यस क्षेत्रमा लागेका जनताले के फाइदा पाइरहेका छन् भन्ने कुराको सुक्ष्म अध्ययन हुन सकेको छैन । प्रत्यक्ष वैदेशिक लगानी विकासोन्मुख देशहरूको आर्थिक वृद्धिको लागि महत्त्वपूर्ण स्रोत हो। KC (2011) को अनुसार उच्च संख्यामा स्रोतसाधन भएको तर वित्त, प्रविधि , व्यवस्थापन र सक्षमतामा कमजोर भएको देशको लागि उपयुक्त छ। यसले नयाँ सीप, प्रविधि नयाँ ज्ञानलाई प्रयोग गर्दै विश्वस्तरमा प्रतिस्पर्धी बन्न मदत गर्नुका साथै रोजगारीका अवसरहरू सिर्जना गरी कुल गार्हस्थ्य उत्पादन बढाउन बृहंगम सहयोग गर्दछ (Fortanier & Van Wijk, 2010)। वैदेशिक लगानी विभिन्न क्षेत्रमा भित्रिने गर्दछ। अनुकुल वातावरण सृजना गर्न सके यस्तो लगानी अझ विस्तारित हुने गर्दछ (Wells & Allen, 2001)। Authokorala and Sharma (2004) ले उल्लेख गरे लगानी मैत्री वातावरण सिर्जना भए कुनै पनि देशले तुलनात्मक रूपमा विकासमा फड्को मार्न सक्दछ।

नेपालमा विद्यमान आयोजनाहरू दिनानुदिन बढ्दै गएको छ र रोजगारीको अवसरहरू वृहतरूपमा सृजना भएको अवस्था छ। अझै, स्थानीय आवश्यकताको सन्दर्भमा आयोजनाको प्रभावको विश्लेषण गर्नुपर्छ जसले अन्ततः देशको घरेलु लगानीलाई उत्प्रेरित र प्रोत्साहित गर्दछ (Cristina & Levieuge, 2013)। यसले भविष्यको सन्दर्भमा पनि प्रत्यक्ष वैदेशिक लगानीको आवश्यकतालाई उजागर गर्दछ (Ranjit, 2016)। विभिन्न राष्ट्रहरूमा आयोजनाको संख्या र रकम वर्षैपिच्छे बढ्दै गएको छ। आयोजनाहरू बढ्दै गएका छन् र आम्दानी विभिन्न क्षेत्रमा लगानी गरिएको छ जसले विकासोन्मुख देशहरूमा प्रत्यक्ष वैदेशिक लगानी निरन्तर प्रवाह भएको देखिन्छ (Adhikari, 2013)।

ऊर्जामा आधारित, उत्पादन, सेवा र पर्यटन क्षेत्रमा सबैभन्दा बढी वैदेशिक लगानीका आयोजनाहरू देखिएका छन्। नेपाल सरकारले पहिचान गरी प्रत्यक्ष वैदेशिक लगानीको लागि छुट्याइएका क्षेत्र पनि यिनै हुन्। त्यसैले नेपालमा लगानी गर्दा नेपालको लगानी नीतिले

विभिन्न क्षेत्रमा लगानीकर्तालाई आकर्षित गरेको देखिन्छ Department of Industry, 2005, 2016)। विभिन्न क्षेत्रमा लगानी भए पनि मुलुकलाई फलदायी हुने क्षेत्रलाई प्राथमिकतामा अझै राख्न सकेको छैन।

प्रत्यक्ष वैदेशिक लगानी कार्यान्वयनमा पनि उत्तिकै चुनौती छ। Gurung (2010) को अनुसार बन्दरगाहहरूमा सीधा पहुँच नहुनु र यातायातको कठिनाइको साथै श्रम सम्बन्ध बारे अस्पष्ट नियमहरू यसका प्रमुख समस्या हुन्। यस सन्दर्भमा KC (2011) ले राजनीतिक जोखिम र राष्ट्रको जोखिम पनि हो भन्ने सङ्केत गरेका छन् । कर नीतिहरू, व्यापार अवरोधहरू र सरकारी नियमहरूले लगानीमा रणनीतिक र दीर्घकालीन समस्या सृजना गरेका छन् जहाँ विश्वव्यापी प्रतिस्पर्धीहरूको रक्षा गर्न आवश्यक छ।

नेपालमा प्रत्यक्ष वैदेशिक लगानीको सम्भाव्यता अध्ययन एकदम थोरै गरिएको छ यद्यपि यँहा बजार खोज्ने लगानीकर्ताहरूका लागि मात्र होइन स्रोत खोज्नेहरूका लागि पनि ठूलो सम्भावना रहेको छ। लगानीमैत्री वातावरण सिर्जना गर्ने धेरै अवसर र सम्भावना छन् तर कार्यान्वयन निकै फितलो छ। कार्यान्वयनमा धेरै अवरोधहरू छन् , त्यसै गरी स्वीकृति प्रक्रिया, दर्ता र अन्य प्रक्रियाहरू लामो र झन्झटिलो छ। लगानीकर्ताले बढी सेवा क्षेत्रमा काम गरिरहेका छन् तर उच्च उत्पादन भएका अन्य क्षेत्रहरू लोप भएका छन्।

### Parajuli (2021)[78]

विश्व बैंकको २०१८-१९ को सर्वेक्षण प्रतिवेदनले देखाए अनुसार प्रत्यक्ष विदेशी लगानीले अल्पविकसित देशहरूको आर्थिक वृद्धि र विकासलाई निकै सहयोग गर्छ भन्ने प्रष्ट्योक्ति हुन्छ। हालका वर्षहरूमा नेपालले लगानीमैत्री वातावरण सिर्जना गरी विदेशी लगानी सम्बन्धी सुधारहरूलाई प्राथमिकता दिएर प्रत्यक्ष विदेशी लगानीको प्रवाहलाई प्रोत्साहन गरेको छ।

---

78 R. Parajuli, '*Impact of Foreign Direct Investment on Economic Growth in Nepal*', Interdisciplinary Journal of Management and Social Sciences, 2021

पछिल्लो समय लगानीको लागि थुप्रै कदम चालिएको छ। UNCTAD को २०२० मा आएको विश्व लगानी प्रतिवेदन अनुसार जलविद्युत परियोजनाहरूमा भारतीय लगानीका कारण प्रत्यक्ष विदेशी लगानीको प्रवाह बढेको छ। डब्ल्यूटीओ र बहुपक्षीय लगानी प्रवर्द्धन संस्था (मिगा) को सदस्यको रूपमा, नेपालले प्रत्यक्ष वैदेशिक लगानीको प्रवाहलाई प्रोत्साहन गर्न भारत लगायत छ वटा देशहरूसँग द्विपक्षीय लगानी प्रक्षेपण र प्रवर्द्धन ऐन (बिप्पा) मा हस्ताक्षर गरेको छ। विदेशी लगानी नियमन र व्यवस्थापन गर्न विदेशी लगानी र प्रविधि हस्तान्तरण ऐनको र औद्योगिक उद्यम ऐन तयार गरिएको छ।

नेपाली लगानीकर्ताहरूसँगको संयुक्त उद्यम वा शतप्रतिशत विदेशी स्वामित्वको उद्यमको रूपमा प्रत्यक्ष विदेशी लगानीलाई नेपाल सरकारले प्रोत्साहन गरेको छ। विदेशी लगानीका लागि खुला नभएका केही क्षेत्रहरू कि त साना स्थानीय उद्यमहरूलाई प्रवर्द्धन गर्न र स्वदेशी सीप र विशेषज्ञताको संरक्षण गर्न राष्ट्रिय उद्यमीहरूका लागि आरक्षित गरिएका छन् वा राष्ट्रिय सुरक्षाको सवालमा सीमित छन्। सबै क्षेत्रमा विदेशी लगानीका लागि सरकारको स्वीकृति आवश्यक हुन्छ।

Malhorta (2014) ले उल्लेख गरे अनुसार प्रत्यक्ष विदेशी लगानीको पहल विश्वव्यापीकरण र उदारीकरणको नतिजा हो र भारत यसमा संलग्न देशहरू मध्ये एक हो। भारतीय प्रत्यक्ष विदेशी लगानी नीतिलाई लगानीकर्ता मैत्री बनाउन क्रमशः उदारीकरण गरिएको छ। एफडीआई प्रवाहले आन्तरिक पुँजीको साथसाथै कम्पनीहरूको प्रविधि र सीपको विकास गरेको छ। साथ साथै यस्ता लगानी सहितका नयाँ कम्पनीहरू स्थापना गर्दा भारतीय अर्थतन्त्रको आर्थिक वृद्धि हुन्छ। मेरस र ओलासुंकन्मी (२०१५)ले विश्लेषण गरे अनुसार प्रत्यक्ष वैदेशिक लगानीले नाइजेरियाको आर्थिक वृद्धिमा सकारात्मक योगदान दिएको छ। मुनेटल (२००८) ले न्यूनतम वर्ग प्रतिगमन प्रयोग गरेर हेर्दा मलेसियाको आर्थिक वृद्धि र प्रत्यक्ष वैदेशिक लगानीको प्रवाहबीच महत्वपूर्ण सम्बन्ध रहेको देखिएको छ।

Pokharel and Pokharel (2019) ले बताए अनुसार प्रत्यक्ष वैदेशिक लगानीले कुल गार्हस्थ्य उत्पादन र देशको आर्थिक वृद्धिमा सहयोग गर्दछ। Bista (2005) ले नेपालमा प्रत्यक्ष वैदेशिक लगानी र कुल गार्हस्थ्य उत्पादन बीचको सम्बन्धको समीक्षा गर्दा सकारात्मक सम्बन्ध देखाउँछ। Kharel (2020) ले कुल गार्हस्थ्य उत्पादन र रोजगारीमा प्रत्यक्ष वैदेशिक लगानीले सकारात्मक प्राभाव पार्ने कुरा गरेका छन्। त्यसतै Neupane (2020) ले नेपालमा पुँजी निर्माण र रोजगारीमा प्रत्यक्ष वैदेशिक लगानीको योगदान उल्लेख्य नभएकोले यस्तो लगानी नेपाली अर्थतन्त्रमा महत्वपूर्ण नभएको र अन्ततः कुल गार्हस्थ्य उत्पादनमा कम योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो।

# अध्याय ५:

# अन्तर्वाताको सार संक्षेप

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | **प्रश्नहरू** | | | | | | |
| | | **कृषि क्षेत्रमा विदेशी लगानीमा कस्ता अवसर र चुनौतीहरू छन् ?** | | **कृषि क्षत्रलाई प्रतिस्पर्धी बनाउन स्वदेशी लगानी मात्र पर्याप्त हुन्छ वा वैदेशिक लगानीलाई पनि अझ खुला गर्नुपर्छ?** | **नेपालको स्वदेशी उद्योग व्यवसायमा असर नपर्ने गरी कृषिका कुनै उपक्षेत्रमा लगानी भित्र्याउन सकिन्छ कि सकिन्न?** | **कृषिमा विदेशी लगानीका लगि अलग्गै नीतिको कति आवश्यकता छ ?** | **प्राप्त विदेशी लगानीको उपलब्धि मूलक परिचालनका लागि र तहगत समन्वयको स्वरूपमा यहाँको कस्तो राय छ?** | **यहाँले कृषिमा वैदेशिक लगानीलाई समग्रमा कस्तो धारणा राख्नुभएको छ , सकारात्मक , मध्य वा नकारात्मक ?** |
| | | **चुनौतीहरू** | **अवसरहरू** | | | | | |
| **मुख्य जानकारी दिनेहरू** | निजी क्षेत्र संस्था | - सानो मात्रामा व्यवसायिक खेती गर्नेहरूमा ठूला लगानीकर्ताहरूसँग प्रतिस्पर्धा गर्न नसक्ने भन्ने डर।<br>- प्राकृतिक स्रोत साधनमा बहुराष्ट्रिय कम्पनीहरूको नियन्त्रण र हस्तक्षेप बढ्न सक्ने।<br>- प्रतिस्पर्धा, सानो लगानी, बजार, गुणस्तर, वस्तु निर्यातको, व्यवसाय पलायन, रोजगारी जस्ता चुनौती। | - आधुनिक प्रविधि र पुँजी भित्र्याउन सकिन्छ र उत्पादन बढ्न सक्ने।<br>- पुँजी, प्रविधि र बजारमार्फत विश्व अर्थतन्त्रमा कृषिलाई जोड्न मिल्ने।<br>- स्वदेशी कृषकलाई प्रतिस्पर्धी बनाउने।<br>- परम्परागत तथा निर्वाहमुखि खेती प्रणालीलाई व्यावसायिक बनाउने।<br>- उत्पादन र उत्पादकत्वमा वृद्धि।<br>- रोजगारी सिर्जना।<br>- आयात प्रतिस्थापनमा सहयोग। | - खुला गर्नुपर्छ, सर्त सहितको विदेशी लगानी खुला गर्दा कृषि क्षेत्र प्रतिस्पर्धी र व्यावसायिक हुने उत्पादन बढाउन आवश्यक<br>- छिमेकी मुलुकमा निर्यात गर्न कृषिको आधुनिकीकरण, व्यावसायिकरण जरूरी<br>- उच्चतम प्रविधि भित्र्याएर, निर्यात गर्न | - सकिन्छ, तर स्वदेशी कृषक र व्यवसायीलाई अप्ठ्यारो पार्न नहुने<br>- प्राथमिक उत्पादनमा असर गर्ने खालको हुन नहुने<br>- प्राथमिकताका क्षेत्र छुट्याएर उत्पादनको निश्चित प्रतिशत अनिवार्य निर्यात गर्नुपर्ने सर्त राख्नु पर्ने | - वैदेशिक लगानीको माध्यमबाट कृषिमा क्रान्ति ल्याउन झन्झटिलो र नियन्त्रण मुखि नीतिले नहुने।<br>- उपभोक्ता, लगानीकर्ता, व्यवसायीको हित र बजारको संरचनालाई हेर्दै अलग्गै नीति | - नीतिको प्रभावकारी कार्यान्वयन र अपेक्षाकृत लाभ हासिल गर्न ।<br>- नियमनकारी निकायहरू र सरोकारवाला बीच समन्वय आवश्यक हुने।<br>- तीन वटै निकायको समन्वयले लगानीको उपलब्धिमूलक परिचालन गर्न सकिने। | - निश्चित सर्त र मापदण्ड सहित ल्याइने विदेशी लगानीलेसँगसँगै प्रविधि पनि ल्याउने।<br>- नेपालमा कृषि क्षेत्रको आधुनिकिकरणमा मदत पुर्याउने।<br>- कृषिमा विदेशी लगानी प्रति सकारात्मक नै बन्नु पर्छ। |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सक्ने सम्भाव्यताको पर्याप्त अध्ययन जरूरी | | बनाउँदा प्रभावकारी हुने। | | |
| | निजी क्षेत्र संस्था | - बहुसंख्यक कृषक निर्वाहमुखी खेती गर्ने गरेकाले यस्तो अवस्थामा कृषिमा विदेशी लगानीले एक किसिमको त्रास उत्पन्न गरेको।<br>- सानो स्केलमा व्यावसायिक खेती गर्नेहरूमा पनि आफूले ठूला लगानीकर्ताहरूसँग प्रतिस्पर्धा गर्न नसक्ने हो की भन्ने डर छ। | -आधुनिक प्रविधि भित्र्याउन सकिन्छ।<br>-पुँजी भित्रिन्छ र उत्पादन बढ्छ।<br>-कृषिलाई पुँजी, प्रविधि र बजारमार्फत विश्व अर्थतन्त्रमा जोड्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।<br>-उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारी सिर्जना, आयात प्रतिस्थापनमा सहयोग | - छिमेकी मुलुकमा निर्यात गर्नका लागि पनि कृषिको आधुनिकिकरण र व्यावसायीकरण आवश्यक छ।<br>- प्रविधि भित्र्याउनेर अधिकांश निर्यात गर्न सक्ने सम्भाव्यताको पर्याप्त अध्ययन गरी सर्त सहितको विदेशी लगानी खुला गर्दा कृषि क्षेत्र प्रतिस्पर्धी र व्यावसायिक हुन सक्छ। | - स्वदेशी उद्योग व्यवसायमा असर नपर्ने गरी कृषिका कुनै उपक्षेत्रमा लगानी भित्र्याउन सकिन्छ।<br>- त्यस्तो लगानीले स्वदेशी कृषक तथा व्यवसायीलाई अप्ठ्यारो पार्ने र प्राथमिक उत्पादनमा असर गर्ने खालको हुनु हुँदैन। | - वैदेशिक लगानीको माध्यमबाट कृषिमा क्रान्ति ल्याउन झन्झटिलो र नियन्त्रणमुखि नीतिले मात्र पुग्दैन।<br>- उपभोक्ता, लगानीकर्ता, व्यवसायीको हितलाई मध्यनजर गरेर अलग्गै नीति बनाउँदा अझ प्रभावकारी हुन सक्छ। | - नीतिको प्रभावकारी कार्यान्वियन र अपेक्षाकृत लाभ हासिल गर्न नियमनकारी सम्पूर्ण निकायहरू तथा सरोकारवालाबीच समन्वय को आवश्यक।<br>- तीन वटै सरकारका निकायहरूबीच को समन्वयले मात्र लगानीको उपलब्धिमूलक परिचालन गर्न सकिन्छ। | - सकारात्मक, सर्त र मापदण्ड सहित ल्याइने विदेशी लगानीले प्रविधि पनि ल्याउने। |
| | निजी क्षेत्र संस्था | - नेपालको सन्दर्भमा, कृषिमा प्रत्यक्ष विदेशी लगानी ल्याउनु घातक हुन्छ। विस्तारै कृषि वस्तुमा आत्मनिर्भर हुने क्रममा छौँ। | - किसानलाई प्रविधिमैत्री बनाउन सरकारले प्रविधि प्रयोग गर्न सिकाउने र प्रयोग गरिरहेको प्रविधि बिग्रिएमा त्यसलाई बनाउन सकिने सजिलो ठाउँको व्यवस्था गरिदिनुपर्छ।<br>- अन्तराष्ट्रिय दातृ संस्था र राष्ट्रहरूले अनुदानको रूपमा दिने रकम बैंकलाई दिई बैंकमार्फत त्यस्तो लगानी कृषिमा गर्न लगाउनुपर्छ। | - अनुसन्धान गर्नु पर्छ।<br>- कृषि क्षेत्रमा हुने विदेशी लगानी पैसा मात्र नभई आधुनिक प्रविधि भित्रिनु पर्छ।<br>- केरा र दुध जस्ता आत्मनिर्भर भइसकेका वस्तुहरू माविस्थापित नहुने गरी विदेशी लगानी भित्र्याउन सकिन्छ। | - आवश्यकता छ, नीति स्पष्ट नभएमा लगानीहरू छरपष्ट हुन सक्छन्। | - | - | - |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | - ७७ वटै जिल्लामा १०० ओटा व्यवसायिक कृषि तालिम केन्द्र स्थापना गर्ने, सीप विकास गर्ने, प्रशिक्षण केन्द्रहरू तयार गर्नुपर्छ। | | | | | |
| | निजी क्षेत्र संस्था | - कृषिका प्राथमिक उत्पादनका क्षेत्रहरूमा यदि विदेशी लगानी भित्र्याउने हो भने यहाँका किसानहरूलाई मर्का पर्न जान्छ। | - प्रोसेसिङ प्याकेजिङ, लेबलिङ, र निर्यातको लागि नेपाललाई आधुनिक प्रविधि र पैसाको चाहिएको छ। | - जुन क्षेत्रमा नेपाल आत्मनिर्भर हुनसक्छ त्यो क्षेत्रमा विदेशी लगानी नभित्र्याई, आत्मनिर्भर हुन नसकेको क्षेत्रमा विदेशी लगानी भित्र्याउन जरूरी छ। | - सकिन्छ। | - विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ राम्रो छ।<br>- नीतिगत सुधारसँगै प्रक्रियागत सहजता, जसमा अनुमति लगायत अन्य विषय पर्छन्, त्यसलाई सुधार्न जरूरी छ। | - प्रक्रियागत सहजताका लागि तहगत समन्वय हुन आवश्यक छ।<br>- यस संस्थाले सहायता केन्द्र सञ्चालनमा ल्याएको छ। जसले विदेशी लगानीका लागि आएका व्यक्तिहरूका लागि प्रक्रियागत सुझाव र सहायता दिने काम गर्छ। | -मध्यम, नेपालीहरूलाई चुनौती हुने क्षेत्रमा विदेशी लगानी ल्याउनु हुँदैन तर जुन क्षेत्रमा प्रविधि चाहिएको छ त्यस्तो क्षेत्रमा विदेशी लगानी भित्र्याउन सकिन्छ। |
| | निजी क्षेत्र संस्था | - लगानी मात्र भित्र्याउने तर त्यसले नेपाली मौलिकता, उत्पादन र रोजगारीलाई असर गर्ने हो भने त्यसको कुनै महत्त्व रहँदैन। त्यसले हानि नै गर्छ।<br>- अहिलेको अवस्थामा, नाफा मात्रै आर्जन गर्ने उद्देश्यले विदेशी लगानी नेपाल आएमा, त्यो नेपाली अर्थतन्त्रका लागि राम्रो हुँदैन। | - राम्रो नीति र कडा कानून सहित लगानी भित्र्याएर मात्र नेपाललाई सहयोग पुग्छ।<br>- नेपालको जैविक विविधताको सुरक्षा, रैथाने वस्तु प्रवर्द्धन, साना किसानको मागहरूको सम्बोधन गर्दै नीतिहरूको व्यवस्था गरी विदेशी लगानी आएमा त्यसले फाइदा गर्छ। | - सकिन्छ, आफ्नो मौलिकतालाई प्रवर्द्धन गर्दै सरकारले विदेशी लगानी भित्र्याउँदा कुनै पनि हानी गर्दैन। | - नेपालको कूटनीतिक नियोगहरू भएका ठाउँमा, गैरआवासीय नेपालीले विदेशी सरकारसँग वार्ता गर्ने र लगानीका लागि आह्वान गर्ने राम्रो वातावरण बनाइदिन सक्छन्।<br>- यो माध्यमलाई नेपालले उपयोग गर्नुपर्छ। | - | - सुरूवातमा नीतिगत स्पष्टता।<br>- नेपाल सरकारले दिएका सहुलियतहरू स्पष्ट रूपमा वेबसाइटहरूमा राखी नीतिगत र कार्यविधिगत झन्झटछैन भनेर खुलाउनुपर्छ। वर्तमान संरचनाले यस विषयलाई पूरा गर्न सक्दैन त्यसका लागि नयाँ संरचना स्थापना गर्नुपर्छ। | - सकारात्मक, नीति निर्माण गर्ने व्यक्तिहरू कुन विषय वन क्षेत्रको अन्तर्गत आउँछन् र कुन विषय कृषि क्षेत्रका अन्तर्गत आउँछ भनेर स्पष्ट हुन जरूरी छ।<br>- यस्तो स्पष्टताले मात्र लगानीकर्तालाई आकर्षण गर्नसक्छ। कुन विषयमा विवाद छन् त्यो विषयलाई समाधान गर्ने र कुन मन्त्रालय अन्तर्गत यो विषय पर्छ भनेर स्पष्ट हुन जरूरी छ।<br>- उदाहरणका लागि, अहिले सामुदायिक वन भित्र कृषि गतिविधि सम्बन्धी कुनै स्पष्ट नीति छैन। यार्सागुम्बा संकलनको विषयमा राम्रो नियमन गर्न सकेको छैन। यसको |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संकलनलाई नियमन गरेर त्यसलाई राम्रो प्रशोधन गरेर आम्दानी हुनेगरी बेच्न सकियो भने त्यसले समुदायलाई नै हित गर्छ। |
| | सरकारी संस्था | - ठूला विदेशी व्यापारीहरूलाई बजार कब्जा गर्न दिने हिसाबले विदेशी लगानी भित्र्याउनु हुँदैन। | - वैदेशिक लगानीलाई व्यवस्थित गर्न ठूला किसानलाई धेरै हेक्टर जमिन दिने र ठूलो मात्रामा उत्पादन गर्न दिने हो भने मात्र कृषिमा आमूल परिवर्तन देखिने | - गर्नुपर्छ, तर त्यसमा विभिन्न सीमाहरू राख्नुपर्छ।<br>- विदेशी लगानीको नाममा स्वदेशमा रहेका स्रोतहरूलाई नकार्नु हुँदैन। | - सकिन्छ, कृषिको कुनै उपक्षेत्रमा विदेशी लगानी भित्र्याउँदा त्यसता कम्पनीहरूको अधिकतम सेयर नेपालीका नाममा राखी, बाँकी रहेको सेयर, लगानी गर्ने कम्पनीको नाममा राख्नुपर्छ। | - सरकार समक्ष पेश गरेका ३२ वटा नीतिहरू मध्ये ७ वटा नीतिहरू पास भएका छन्। | - लगानीको क्षेत्र छनोट गर्ने, जनशक्ति कुन देशको राख्ने, कति उत्पादन गर्ने, पारिश्रमिक कति दिने, जस्ता विषयको निर्णय गर्ने अधिकार नेपाललाई हुनुपर्छ।<br>- उदाहरणका लागि, कुनै एउटा मुलुकले नेपाललाई ५० अर्ब रूपैयाँ लगानी गर्नका लागि दिएमा त्यस्तो रकम कुन क्षेत्रमा लगानी गर्ने हो भनेर नेपालले छनोट गर्न पाउनुपर्छ। | - सकारात्मक, विरोध छैन। तर त्यसता लगानीहरूले नेपाली बजारलाई प्रत्यक्ष हस्तक्षेप गर्नुहुँदैन।<br>- भएका रोजगारीहरू गुम्नु हुँदैन। चलिरहेका विभिन्न आयोजना र लगानीहरूलाई असर गर्नुहुँदैन। |
| | सरकारी संस्था | - कृषिलाई व्यवसायीकरण गर्न नसकेको अवस्थामा कृषिले जीविका मात्र धान्न सक्छ, "मास प्रोडक्सन" मा जानसक्दैन।<br>- कुल ग्राहस्त उत्पादनमा कृषिको योगदान र मानिसहरूको कृषि प्रतिको लगाव घट्दै जानुले, कृषिमा आन्तरिक लगानीले मात्र कृषिलाई व्यवसायीकरण र आधुनिकीकरणतर्फ लैजान पुग्दैन भन्ने देखायो।<br>- एउटा घरमा एउटा गाई पालेर कृषि क्षेत्रमा आमूल परिवर्तन आउन सक्दैन।<br>- "मास प्रोडक्सन" मा गयो भने मात्र बजारमा प्रतिस्पर्धा हुन्छ र यसले कुनै | - कृषि क्षेत्रलाई आधुनिक बनाई व्यवसायीकरण गर्न विदेशी लगानीको खाँचो देखिन्छ।<br>- कृषिलाई आधुनिकीकरण गरी नयाँ यन्त्रहरू कृषिमा भित्र्याउन पनि विदेशी लगानीले सहयोग गर्न सक्छ।<br>- यसले खाद्य सुरक्षालाई पनि मजबुत बनाउँछ।<br>- यदि कृषिमा विदेशी लगानी आयो भने यसले आधुनिक यन्त्र, प्रोसेसिङ, प्याकेजिङ सहित गुणस्तरीय वस्तु दिन्छ।<br>- यसरी विदेशी लगानी आउँदा कतिपय गुणस्तरीय उत्पादन आफ्नो | - आन्तरिक लगानीले थोरै अन्तसम्म बजारलाई प्रतिस्पर्धा बनाउँछ तर विदेशी लगानी आईसके पश्चात अझ बढी प्रतिस्पर्धा र पारदर्शीता अगाडि आउँछ।<br>- यसरी विदेशी लगानी आइसकेपछि स्वदेशी उद्योगहरू पनि चनाखो भई, गुणस्तरीय वस्तु दिन बाध्य हुन्छन्। | - अघिल्लो सालबाट राष्ट्र बैंकले विदेशी लगानीको सन्दर्भमा खुल्ला र लचिलो नीति लिएको छ।<br>- पहिलाको अभ्यासमा विदेशी लगानीका लागि पुँजी भित्र्याउँदा राष्ट्र बैंकसँग दोहोरो स्वीकृति लिनु पर्ने थियो।<br>- अहिलेको अवस्थामा त्यस्तो पुँजी, कागजातहरू देखाएर सिधै बैंकमार्फत लिन सकिन्छ। | - आवश्यकता हो,विदेशी लगानी सम्बन्धी नीति २०१५ मा आएको हो।<br>- अलग नीतिले रणनीति र कुन क्षेत्रमा लगानी भित्र्याउन चाहन्छौं भन्ने कुरालाई स्पष्ट पार्छ।<br>- तर नीतिहरू सधै एकै किसिमको रहि रहनु हुँदैन। | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | वस्तुको मूल्यलाई पनि सस्तो बनाउँछ। यस्ता अवसरहरू उपभोक्ताका रूपमा गुमाइरहेका छौं।<br>- अरबका विभिन्न देशहरूमा यहाँका हरिया सागपात निर्यात गर्न सक्ने सम्भावना छ तर उनीहरूले खोजेको जस्तो गुणस्तर दिन सकिरहेका छैनौं-<br>- मल र त्यसमा पनि युरिया मलको ठूलो झमेला देशमा रहेको छ। त्यसैले युरिया मलको उद्योगमा पनि लगानी भित्र्याउन सक्छ। | देशमा गरेर आत्मनिर्भर पनि हुनसक्छ, र त्यो सँगै निर्यातको पनि धेरै सम्भावना बढेर जान्छ।<br>- हरियो सागपात मात्र नभई पानीलाई समेत “मिनरल वाटर” का रूपमा बोतलमा पठाउन सके त्यस्तो वस्तुपनि बिक्री गर्न सक्छौं।<br>- कृषि क्षेत्रमा प्रयोग हुने थ्रेसर देखि कुटोकोदालोसम्म बाहिरबाट आयात गरिरहेका छौं, यदि त्यस्तो यन्त्र बनाउने उद्योगमा विदेशी लगानी आएमा आत्मनिर्भर हुनसक्छौं। यसमा अर्को सम्भावना रहेको छ।<br>- कृषिको माटो जाँच देखि बीउ बिजन र अन्तिम उत्पादन सम्म हस्तक्षेपको जरूरत छ र विदेशी लगानीले यसमा हस्तक्षेप गर्न सक्छ। यो हस्तक्षेपले कृषिलाई सुधार्छ। | यसले बजारलाई प्रतिस्पर्धी बनाउँछ। | | यसलाई समयानुकूल परिवर्तन गर्दै जानुपर्छ। | | |
| | सरकारी संस्था | - विदेशी लगानीले प्राकृतिक श्रोतलाई प्रदूषित गराउँछ, जमिन माथिको नियन्त्रण विस्तारै विदेशी निजी कम्पनीको हातमा पुर्याउँछ साना किसानलाई विस्थापित, जैविक तथा आनुवंशिक श्रोतको नास, परम्परागत कृषिको अभ्यासलाई लोप गराउँछ भनेर विश्वव्यापी रूपमा नै कृषि क्षेत्रमा विदेशी लगानीको विरोध हुँदै आएको छ।<br>- बजार पहुँच सुनिश्चित गर्न सक्नु पर्दछ।<br>- तरकारी, जडिबुटी, चिया, अदुवाजस्ता प्रोसेस नगरिएका कृषिजन्य वस्तुमा 'सेनिटरी तथा फेटो | - लगानीले आर्थिक वृद्धिको फड्को मार्न सक्छ<br>- नयाँ प्रविधिको प्रयोग एवं उद्यमशीलता सम्बन्धी ज्ञानको प्रवेश गराउने<br>- कृषि क्षेत्रमा उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना आयात रोक सकिन्छ र निर्यात वृद्धि हुन सक्ने<br>- देशको अर्थतन्त्रले आशातीत वृद्धि र विस्तार हुन नसकेको मुख्य कारण नै लगानीको कमीले हो।<br>- आर्थिक वृद्धि र विकासको आकांक्षाको तुलनामा निजी क्षेत्रतर्फबाट आवश्यक पर्ने लगानी | - गर्नुपर्छ, अपर्याप्त बचत तथा लगानीको घरेलु श्रोतको सीमिततालाई मध्यनजर गरेर कृषि क्षेत्रमा विदेशी लगानीको औचित्य देखिन्छ।<br>- तर विदेशी लगानीले यहाँको गरिब किसानको जीविकोपार्जन, श्रोतको संरक्षणमा केही खतरा ल्याउन सक्दछ भन्ने | - सकिन्छ, नेपाली कृषिले आशातीत उत्पादकत्व र उत्पादन बढाउन सकेको छैन, तर श्रोतको संरक्षण एवं उत्थानशीलतालाई भने कायममै राखेको छ।<br><br>- खाद्यबालीको खेतीमा विदेशी लगानी नियन्त्रण गरेर हाललाई चिया, सूर्ति, अलैची, अम्रिसोजस्ता नगदे बालीका क्षेत्रमा भने विदेशी लगानी खुला गर्न सकिन्छ। | - धेरैवटा नीति भएमा सोही अनुसार धेरैवटा कानूनी प्रबन्ध आवश्यक पर्न सक्दछ जुन लगानीकर्ताका लागि झन्झटिलो एवं अपारदर्शी हुन जान्छ।<br><br>- विदेशी लगानीसम्बन्धी पछिल्लो अभ्यास, | - सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन (PPPIA) २०१९ बमोजिम लगानी बोर्ड नेपालले रू. ६ अर्ब वा सोभन्दा बढी र २०० मेगावाटभन्दामाथिका जलविद्युत तथा ऊर्जा आयोजनाहरूको विकास गर्दै आएको छ।<br>- संघ, प्रदेश र स्थानीय तहका विकास कार्यक्रमहरू मा दिगो विकासको लक्ष्यहरूलाई | - सकारात्मक, तर केही सतर्कता आवश्यक छ।राजनीतिक तहमा सहमति चाहिएला। |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सेनिटरीजस्ता' गैरभन्सार अवरोध कायम छन्।<br>- विदेशी लगानीका उद्योगले नेपालमा विक्री भइरहेका बीउ बिजन प्रयोग नगरी आफै विकास गर्ने वा आयात गरे एउटा लामो प्रक्रिया पूरा गर्नुपर्छ।<br>- विश्व व्यापार संगठन (WTO) मा नेपालले कृषिजन्य बालीका जातमा बौद्धिक सम्पत्तिको पेटेन्ट नदिने गरी प्रतिबद्धता जनाएको छ तर विदेशी लगानीकर्ता बीउबिजनमा कडा पेटेन्ट सुरक्षित गर्न चाहन्छन्। अन्यथा लगानी प्रोत्साहन नहुन सक्दछ।<br>- विदेशी लगानी खोल्ने वित्तिकै औद्योगिक क्षेत्रमा जस्तो कृषि क्षेत्रमा लगानी नआउन सक्दछ, केही कानूनी सुधार र केही कूटनीतिक पहल मार्फत बजारको पहुँच बढाउन आवश्यक छ।<br>- मास स्केलमा खेती गरिँदा त्यसले सिर्जना गर्ने साधन कुशलता र उत्पादकत्व वृद्धिले साना कृषकलाई कृषि पेशाबाट विस्तारै विस्थापित गर्दै लैजान्छ।<br>- कूल ६४.१ प्रतिशत रोजगारी कृषि क्षेत्रले प्रदान गरेको, त्यसमा पनि थोरै जमीनमा खेती गर्ने कृषक धेरै भएको सन्दर्भमा विस्थापित हुँदै जाने जनसंख्यालाई कसरी वैकल्पिक रोजगारीको अवसर सिर्जना गर्ने भन्ने कुरा ठूलो चुनौती हो। | पुगेको छैन (१५ औँ योजनाले ५३३४ अरब निजी लगानी चाहिने र त्यसमा २६० अरब विदेशी लगानी भित्र्याउने अपेक्षा गरेको छ।<br>- दिगो विकास लक्ष्य हासिल गर्न कुल ५५८९ अरब निजी लगानी आवश्यक पर्दछ तर त्यसको ५० प्रतिशत मात्र उपलब्ध हुने देखिएकोले यसैको परिपूर्तिका लागि विदेशी लगानीको बाटो खोलिएको हो।<br>- कृषि क्षेत्रमा आउने विदेशी लगानीले परम्परागत कृषि प्रणालीलाई परिवर्तन गरेर लगानीमा आधारित कृषि प्रणाली विकास गर्दछ<br>- कृषि क्षेत्रमा उत्पादकत्व र कूल उत्पादन दुवै बढाउन मदत गर्दछ<br>- यसरी बढ्ने उत्पादनले वार्षिक ३२५ अरबको कृषिजन्य वस्तु आयात (गत वर्षको तथ्यांक) नियन्त्रण गर्न र निर्यात विस्तार गर्न मदत गर्न सक्दछ।<br>- अन्य क्षेत्रमा जस्तै कृषि क्षेत्रमा हुने विदेशी लगानीले समेत प्रविधि भित्र्याउन मदत गर्दछ।<br>- कृषिको आधुनिकीकरण गरेर उच्च आर्थिक वृद्धि हासिल गर्न मदत पुग्दछ।<br>- ट्राक्टर पावर टिलर तथा थ्रेसर जस्ता आधुनिक उपकरण भएका कृषक परिवार एक–एक प्रतिशत | कुरालाई ख्याल गर्दै बीचको बाटो अपनाउनु उपयुक्त हुन्छ। | - रासायनिक मल, कृषि सामाग्री जस्ता उत्पादनमा विदेशी लगानी खुला गर्नुपर्छ।<br>- खाद्यान्न तथा जडिबुटी जन्य वस्तुको प्रशोधन जन्य उद्योगमा भने विदेशी लगानी प्रवर्द्धन गर्दा लाभ हुन्छ। | अनुभव,आवश्यक तालाई समेत समेटेर समय सापेक्ष एकीकृत कृषि नीति चाहिँने देखिन्छ। | आन्तरिकीकरण र स्थानीयकरण गरिँदै छ।<br>-उल्लेखित आकारको निजी लगानीको स्वीकृति दिने दायित्व समेत लगानी बोर्डलाई सुम्पिईएको छ। सोभन्दा साना आयोजनाको हकमा उद्योग विभागमार्फत गरिन्छ।<br>- लगानी बोर्डमार्फत विकास भएको परियोजना र गरिएको लगानीको कार्यान्वयनको सहजीकरण लागि लगानी बोर्डले सम्बन्धित प्रदेश र स्थानीय तहसँग पीपीपीआईएले तोके बमोजिम समन्वय र सहकार्य गर्दै आएको छ।<br><br>-लगानी बोर्डमार्फत गरिएको लगानीको कार्यान्वयनको सहजीकरणका अतिरिक्त परियोजना विकास, लगानी प्रवर्द्धन गर्न प्रदेशहरूसँग समझदारी पत्रमा हस्ताक्षर गर्न लगानी बोर्ड अघि बढेको छ। | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | - मास प्रोडक्सनले सानो देशको जैविक विविधता र परम्परागत ज्ञानलाई खतरा पैदा गर्न सक्छ।<br>- अन्यथा बेरोजगारी, खाद्यान्न संकट जस्ता मानवीय संकट नै आउन सक्छ।<br>- विदेशीले नेपालमा जमिन खरिद गर्न सक्दैनन् तर जमिनको ठूलो अंश क्रमशः विदेशी कम्पनीको नियन्त्रणमा जान सक्दछ र धेरै मानिस भूमिहीन एवं सुकुमबासी होलान् भन्ने चिन्तालाई सम्बोधन गर्ने चुनौती | तथा पम्पिङ्ग सेट हुने कृषक घर परिवार ७ प्रतिशतमात्र छन्।<br>- नेपालमा विदेशी लगानी भित्रिँदा त्यसले कृषि क्षेत्रको यान्त्रिकीकरण एवं आधुनिकीकरणमा मदत पुग्नेछ। | | | | | |
| | सरकारी संस्था | - लगानी गर्ने बाटो खोलिए पनि कृषिमा त्यति ठूलो लगानी आएको थिएन।<br>- प्राथमिक कृषिमा जुन सुकै विदेशी लगानी आयो भने पनि अहिले स्वीकृति दिँदैन | - यदि कसैले कृषिमा प्रशोधन गर्न चाहेमा अहिले पनि गर्न पाउँछ।<br>- उदाहरणको लागि यदि कसैले उत्पादन गरेको कफी किन्छ र त्यसको प्रशोधन गरेर बिक्री गर्छु भन्छ भने, त्यो ठाउँ अहिले पनि छ। पहिला पनि उच्च स्तरमा लगानी आएको थिएन। | - कृषिमा हामीले विदेशी लगानी फेरी भित्र्याउने हो भने, आफ्नै जग्गा जमिन भएको र सानो स्तरमा कृषि उत्पादन गरी बिक्री गर्ने घरेलु किसानलाई मर्का नपर्ने हुनु पर्छ | - सकिन्छ, विदेशी लगानीकर्ता सानो लगानी गर्छु भनेर आउँदैनन्। विदेशीले नेपालमा कृषिमा अवसर देखेर लगानी गर्न आउँछ। | - आवश्यकता छैन, कृषि मात्र नभएर जल विद्युत र पर्यटनमा पनि हाम्रो आवश्यकता हो।<br>- अहिलेसम्म जति पनि सम्भाव्यता अध्ययन गरिएको छ त्यसमा, कृषि हाम्रो लगानीको सम्भाव्य क्षेत्र भनेर कहीँ पनि देखिएको छैन।<br>- कृषिमा बढी लगानी भित्र्याउनु भन्दा, पर्यटन र साहसिक क्षेत्र, जलविद्युत क्षेत्रमा लगानी भित्रिए, | - विदेशी लगानीलाई नियमन गर्ने अधिकार संघीय सरकारको मात्र हो।<br>- प्रादेशिक र स्थानीय सरकारले लगानीको सञ्चालन र प्रोत्साहनको लागि महत्वपूर्ण भूमिका खेल्ने | - यस नीतिको हामीले कार्यान्वयन गर्ने अवसर नपाएको हुनाले यसको बारेमा थप जानकारी बटुल्ने अवसर हामीले पाएनौ। |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ती क्षेत्रमा हाम्रो तुलनात्मक लाभ पनि रहेको देखिन्छ। | | |
| | सरकारी संस्था | - विदेशी लगानी आउँदा साना किसानहरूलाई असर गर्ने देखिन्छ | - राज्यले जिम्मेवारी लिएर साना किसानहरूलाई सहुलियत दिए, जीविकोमा सहयोग गर्ने र रोजगारी सम्मको प्रावधान मिल्ने। | - पर्छ, बजारलाई व्यवस्थित र प्रतिस्पर्धा मूलक बनाउन विदेशी लगानी भित्र्याउनु पर्छ।<br>- तर त्यसमा एउटा सीमा के हुनुपर्छ भने, जग्गा खरिद गर्न नदिई, जग्गा भाडामा मात्र लिने व्यवस्था मिलाउनुपर्छ। | | | - जग्गा भाडामा लिने र उत्पादन व्यवस्थित गर्ने विषयमा केन्द्रीय सरकारले स्थानीय र प्रदेश सरकारसँग समन्वय गर्न जरूरी छ।<br>- कृषिका उत्पादनहरूलाई व्यवस्थित गर्ने र भण्डारण गर्नका लागि केन्द्रीय सरकार एक्लैले सक्दैन। त्यसका लागि प्रदेश सरकार स्थानीय सरकारको सहयोग चाहिन्छ। प्रदेश र स्थानीय सरकारले कृषिका लागि पूर्वाधार विकासमा पनि सहयोग गर्न सक्छन्। यस्ता विषयमा विशेष गरी स्थानीय तहले स्वामित्व लिन जरूरी छ। | |
| | कृषि उद्यमी | - नेपालमा कच्चा पदार्थ कमी भएको हुनाले विदेशी लगानी आए पनि उनीहरूलाई फाइदा नरहेको<br>- राजनीतिक कारणले फाइदा भेटिन सक्ला तर व्यावसायिक लगानीकर्तालाई फाइदा नभएको | - विदेशमा प्रविधि छ | - यदि विदेशी लगानी भित्र्याउने हो भने व्यावसायिक खेतीमा ल्याउनु पर्ने | | - विदेशी लगानी भित्र्याउने हो भने पनि धान, चामल, चिनी पहिले नै बनी रहेको हुँदा स्ट्रबेरी, काजु जस्ता उत्पादनका लागि भित्रिएको राम्रो | | - मध्यम, नेपाली उद्योग नै ५०% क्षमतामा चलिरहेको अवस्थामा यदि चिनियाँ कम्पनी आयो भने पनि १००% मा चलाउन नसक्ने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | उद्यमी | - नेपाली कफीको गुणस्तर एकदमै राम्रो रहेको<br>- विदेशी स्तरमा‍ै प्रतिस्पर्धा गर्न सक्ने क्षमता रहेको<br>- रैथाने कफी अझ पनि नेपालमा रहेको | - अन्वेषण, अनुसन्धानमा कमि भएको<br>- ठूला लगानी हुदाँ हाम्रो अवस्था कस्तो हुने यकिन नरहेको | - यस विषयमा हामीले कूटनीतिक असरलाई मूल्यांकन गर्नु पर्ने रहेको<br>- सामाजिक, आर्थिक, राजनीतिक लाभ मात्र प्राप्ति गर्न खोजेको या नखोजेको | - सीमा तोक्नु पर्ने आवश्यकता रहेको<br>- निश्चित समयको लागि लगानी गर्न आँउदा राम्रो हुने | -यान्त्रिकरणको नीति, कफी उत्पादनमा लागेका साना किसानहरूलाई प्रशिक्षण दिने नीति, कार्बोन उत्सर्जन कम गराउनु पर्ने नीति आवश्यक रहेको।<br>- कफि बालि बीमा भनेर पोहोर साल परिचय गराईएको। | - उत्पादन गर्ने च्यानलतर्फ जानु पर्ने<br>- उद्योग विभागमा क्षेत्रगत रूपमा अगाडी बढ्न पर्ने<br>-लगानीकर्ताहरूलाई उनीहरूको दिगोपनाको लागि समर्थन गर्नुपर्छ<br>- सरकारी निकाय र सम्बन्धित निकायले अनुगमन र मूल्याङ्कन गर्नुपर्छ | - सकारात्मक |
| | उद्यमी | - चिया बिक्री हुदैन र त्यसको दाम पनि कम छ।<br>- नेपालमा भारतको तुलनामा श्रम महङ्गो छ। यदि बजार थियो भने लागत पनि उठ्ने सक्ने अवस्था छ तर बजार छैन। | | - पर्छ, नेपालमा प्रविधिहरू जस्तो “कोल्ड-स्टोर” हरू को अभाव छ, बजार पनि छैन।<br>- विदेशी लगानी खुला गर्दा प्रविधि र बजार दुवै आउनसक्छ। | - सकिन्छ, तर दिइएको छैन<br>- नेपाली सागसब्जीहरू बिक्री हुँदैनन्। | - आवश्यकता छ, नीति गलत छ।<br>- विशेषगरी किसानका लागि बजारको व्यवस्था हुनुपर्यो। | | - सकारात्मक, अहिलेको व्यवस्थाबाट आशा छैन। विदेशी लगानी आएमा राहत हुन सक्छ। |
| | कृषक | - कृषि क्षेत्रमा आबद्ध जनसंख्याहरूको मुख्य चासो र निर्भरतालाई सम्बोधन नगरीकन विदेशी लगानीलाई खुला तथा खुकुलो बनाउन हुँदैन।<br>- स्वदेशी पुँजी मार्फत अनावश्यक वस्तुको उपभोगलाई बढाउने काम भएको खण्डमा यस कुराहरूलाई चुनौतीको रूपमा लिन सकिन्छ। | - ठूलठूला उद्योग तथा कलकारखानामा निर्यातमुखी बजारको आकार बढाउने कुरामा विदेशी लगानी भित्र्याउन सकिन्छ।<br>- कृषि क्षेत्रको आधुनिकीकरणतर्फ लगानी भित्र्याउन सकिन्छ।<br>- लगानीको क्षेत्र छुट्ट्याएर यसको सवाललाई एकीकृत प्रणालीको | - खास गरी ज्ञान सीप तथा प्रविधिको विकासका लागि यो जरूरी छ, तर त्योभन्दा बाहेक आन्तरिक रूपमा यसका सबै आयामहरूलाई केलाएर मात्र विदेशी लगानी आह्वान गर्न सकिन्छ। | - सकिन्छ, मुख्य गरी साना तथा मझौला उद्योगहरूमा प्रतिकूलता नआउने ग्यारेन्टी भने गर्नुपर्ने देखिन्छ नेपालको स्वदेशी साना उद्योग/व्यवसायमा असर नपर्ने गरी कृषिको कुनै सहायक क्षेत्रमा वैदेशिक लगानी भित्र्याउन सकिन्छ। | - देशले नीति तर्जुमा गर्दा साना मसिना कुराहरूलाई पनि ख्याल गरेर अघि बढ्नु पर्छ।<br>- कृषिमा आश्रित ठूलो जनसंख्याको लागि वैकल्पिक | - दोहोरो कार्य प्रणालीको कुराहरू सुधार गर्न सकिन्छ।<br>- एउटा संरचना बनाएर स्थानीय तहको भूमिकालाई बलियो बनाउने काम गर्नुपर्छ।<br>- धेरै संस्थाको सहभागीता भन्दा एकीकृत लगानी | - मध्यम, स्वदेशी हितलाई ख्याल गरी विदेशी लगानीलाई समग्रमा मध्यम हिसाबले आवश्यक रहेको। |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
कृषिक्षेत्रको आधुनिकीकरण भने जरूरी भएको हुनाले थप लगानी यसतर्फ भित्र्याउने कुरासँग अवसरको रूपमा लिन सकिन्छ। खास खास लगानीको क्षेत्र छुट्ट्याएर यसको सवाललाई एकीकृत प्रणालीको विकास मार्फत यो कुरा सम्बोधन गर्न सकिन्छ। बीउमा बिजनको विकास गर्ने गरी आत्मनिर्भर बनाउने गरी विदेशी लगानीबाट काम गर्न सकिन्छ। यहाँका प्रत्यक्ष अप्रत्यक्ष संलग्न रोजगारीको क्षेत्रलाई ध्यान दिएर विदेशी लगानी भित्र्याउने कुरासँग सहमत हुन् सकिन्छ।

बाहिरी देशमा भएका राम्रा अभ्यास, ज्ञान सीप विकास गराइने कुराहरूलाई विदेशी लगानी स्वरूप काम गर्न सकिन्छ। हाम्रो देशले विदेशी तथा छिमेकी राष्ट्रबाट कृषिमा भएको आयात रोक्ने गरी लगानी मैत्री क्षेत्र पहिचान गरेर काम गर्न सकिन्छ। जुन उपभोग्य वस्तु हामी टाढाका मुलुकबाट आयात गर्छौं , त्यस खाले वस्तुको उत्पादन, वितरण र निर्यात समेतको कुराहरूलाई ख्याल गरेर बहुराष्ट्रिय कम्पनीहरूका लगानी भित्र्याउने काम गर्न सकिन्छ जसलाई अवसरमा बुझ्न सकिन्छ। स्वदेशी पुँजी मार्फत अनावश्यक वस्तुको उपभोगलाई बढाउने काम भएको खण्डमा यस कुराहरूलाई चुनौतीको रूपमा लिन सकिन्छ।

**२. कृषि क्षत्रलाई प्रतिस्पर्धी बनाउन स्वदेशी लगानी मात्र पर्याप्त हुन्छ वा वैदेशिक लगानीलाई पनि अझ खुला गर्नुपर्छ?**

खास गरी ज्ञान सीप तथा प्रविधिको विकासका लागि यो जरूरी छ तर त्योभन्दा बाहेक आन्तरिक रूपमा यसका सबै आयामहरूलाई केलाएर मात्र विदेशी लगानी आह्वान गर्न सकिन्छ , हाम्रो देशको मुख्य माग र आपूर्तिलाई ख्याल गरेर लगानी भित्र्याउने काम गर्दा राम्रो र सहज हुन्छ।

**३. नेपालको स्वदेशी उद्योग व्यवसायमा असर नपर्ने गरी कृषिका कुनै उपक्षेत्रमा लगानी भित्र्याउन सकिन्छ कि सकिन्न?**

नेपालको स्वदेशी साना उद्योग/व्यवसायमा असर नपर्ने गरी कृषिका कुनै सहायक क्षेत्रमा वैदेशिक लगानी भित्र्याउन सकिन्छ। यसमा मुख्य गरी साना तथा मझौला उद्योगहरूमा प्रतिकूलता नआउने कुराको ग्यारेन्टी भने गर्नुपर्ने देखिन्छ।

**४. कृषिमा विदेशी लगानीका लगि अलग्गै नीतिको कति आवश्यकता छ ?**

देशले नीति तर्जुमा गर्दा साना-मसिना कुराहरूलाई पनि ख्याल गरेर अघि बढ्नु पर्छ। कृषिमा आश्रित ठुलो जनसंख्याको लागि वैकल्पिक कार्यक्षेत्रको पहिचान गरी उनीहरूको सहभागिताको प्रतिफलले कम्तीमा उनीहरूका दैनिक रोजगार तथा जीवनमा प्रतिकूल परिणाम नआउने खाले काममा स्थानान्तरण गर्ने नीति ल्याउनुपर्ने हुन्छ। देशको हितका लागि कुनै विदेशी लगानीले भूमिका खेलोस् भन्नका लागि मूल रूपमा नीतिगत निर्माणको कुराहरू बनाउन पहल गर्नुपर्छ।

**५. प्राप्त विदेशी लगानीको उपलब्धिमूलक परिचालनका लागि र तहगत समन्वयको स्वरूपमा यहाँको कस्तो राय छ?**

प्राप्त विदेशी लगानीको उपलब्धिमूलक परिचालनका लागि, दोहोरो कार्य प्रणालीको कुराहरू सुधार गर्न सकिन्छ। एउटा संरचना बनाएर स्थानीय तहको भूमिकालाई बलियो बनाउने काम गर्नुपर्छ। व्यक्तिगत धारणाले हेर्दा धेरै संस्थाको सहभागीता भन्दा एकीकृत लगानी प्रणालीको विकास बनाउनुपर्ने हुन्छ। धेरै स्थानमा दोहोरिने गैरसंस्थाको निर्माण गर्दा धेरै कठिनाइ

भोग्नुपरेको पाइन्छ , परिणाममुखी काम गर्दा तहगत समन्वयको राम्रो व्यवस्था बनाउन जरूरी छ।

**६. यहाँले कृषिमा वैदेशिक लगानी**लाई **समग्रमा कस्तो धारणा राख्नुभएको छ, सकारात्मक, मध्य वा नकारात्मक ?**

मध्यम। समग्रमा, स्वदेशी हितलाई ख्याल गरी विदेशी लगानी, मध्यम हिसाबले आवश्यक रहेको छ।

**वरिष्ठ कृषि पत्रकार**

**१. कृषि क्षेत्रमा विदेशी लगानीमा कस्ता अवसर र** चुनौतीहरू **छन् ?**

**अवसर**

नेपालमा कृषि उत्पादनमा स्वदेशी लगानी नै पर्याप्त हुन सक्छ। कृषिका सामान्य क्षेत्रमा विदेशी लगानी उपयुक्त हुँदैन। तर, कृषिजन्य क्षेत्रमा यान्त्रिकरण गर्नका लागि भने वैदेशिक लगानी ल्याउन सकिन्छ।प्रविधि भित्र्याउनका लागि कृषिजन्य वस्तु आवश्यक हुन सक्छ। कृषि उद्योगमा विदेशी लगानी आवश्यक छ। उदाहरणको लागी डेरीमा विदेशी लगानी नभई चकलेट उत्पादन गर्ने फ्याक्ट्रीमा लगानी ल्याउनु उपयुक्त हुन्छ। यस्तै कृषिजन्य वस्तुको प्रवर्द्धन हुने हरेक उद्योगमा विदेशी लगानी ल्याउन सकिन्छ।

**२. कृषि क्षत्रलाई प्रतिस्पर्धी बनाउन स्वदेशी लगानी मात्र पर्याप्त हुन्छ वा वैदेशिक लगानीलाई पनि अझ खुला गर्नुपर्छ?**

कृषि क्षेत्रमा स्वदेशी लगानी पर्याप्त हुन्छ। तर, सरकारले कृषकलाई परम्परागत कृषिबाट आधुनिक कृषितर्फ बढ्न प्रोत्साहन गर्नुपर्छ । कृषिलाई व्यावसायिक र आधुनिकीकरण गर्दा विदेशी लगानी पनि चाहिन सक्छ। पहिलो प्राथमिकता स्वदेशमा रहेका सबै खालका लगानीकर्तालाई आह्वान गरेर ठाउँ-ठाउँमा पाकेट क्षेत्र बनाउनुपर्छ। उत्पादन, बजारीकरण, प्रशोधन गरी स्वदेशमै खपत गर्ने र विदेशमा समेत निर्यात गर्नतर्फ ध्यान दिई हरेक कृषकलाई

उद्यमी बनाउनतर्फ सरकारले कृषिप्रति आकर्षण ल्याउनुपर्छ। अहिले सरकारले बजेटमार्फत कृषि र उद्योगमा प्राथमिकता दिने उद्घोष गरेको छ। व्यावहारिक रूपमै कृषिलाई ध्यान दिने हो भने अहिले वर्षैनी आयातमा जाने विदेशी मुद्रा जोगाउन सकिन्छ। गत वर्ष ३ खर्ब २५ अर्बको सामान आयात भएको छ। योजना र प्राथमिकताबिना हचुवाको भरमा विदेशी लगानी कृषिमा खोले झन् समस्या पर्न सक्छ।

**३. नेपालको स्वदेशी उद्योग व्यावसायमा असर नपर्ने गरी कृषिका कुनै उपक्षेत्रमा लगानी भित्र्याउन सकिन्छ कि सकिन्न?**

सकिन्छ। स्वदेशी उद्योग व्यावसायमा असर नपर्ने गरी कृषिका कुनै उपक्षेत्रमा लगानी भित्र्याउन सकिन्छ। कृषकलाई मार नपर्ने, नेपालको स्वाधीन अर्थतन्त्रमा आँच नपुग्ने गरी, सहायक कम्पनीमा विदेशी लगानी भित्र्याउन सकिन्छ। कृषकलाई टेवा पुग्ने खालका क्षेत्रमा लगानी भित्र्याउन सकिन्छ। रासायनिक मल कारखाना स्थापना गर्न, कृषिका यान्त्रिक भित्र्याउन, कृषि बजारको ग्यारेन्टी हुनेगरी कृषिजन्य ठूला उद्योगमा विदेशी लगानी भित्र्याउन सकिन्छ।

**४. कृषिमा विदेशी लगानीका लगि अलग्गै नीतिको कति आवश्यकता छ ?**

"विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५" ले कृषिको प्राथमिक क्षेत्रमा विदेशी लगानी बन्देज गरेको छ। त्यसैको कुनै परिच्छेदमा कृषिसम्बन्धी व्यवस्था अझ स्पष्ट गरेर कृषिका कुनै क्षेत्रमा विदेशी लगानी खुला गर्न सकिन्छ।

यद्यपि कृषिमा आत्मनिर्भर हुन सरकारले विशेष ध्यान दिनुपर्छ। विदेशी लगानी आउँदैमा कृषकलाई फाइदा पुग्छ भन्ने कुनै ग्यारेन्टी हुँदैन। साना किसानलाई मर्का नपर्नेगरी उनीहरूलाई प्रत्यक्ष राहत पुग्ने खालका क्षेत्रमा कृषि लगानी खोल्न सकिन्छ। त्यसका लागि छुट्टै नीति आवश्यक पर्छ। ऐनमै थप व्यवस्था गरेर लगानीमा खुकुलो गराउन सकिन्छ।

**५. प्राप्त विदेशी लगानीको उपलब्धिमूलक परिचालनका लागि र तहगत समन्वयको स्वरूपमा यहाँको कस्तो राय छ?**

विदेशी लगानी प्रतिबद्धता अनुसार आउन सकेको छैन। विदेशी लगानी ल्याउन झन्झटिलो व्यवस्था छ, जुन हटाउन आवश्यक पर्छ। अनलाइन मार्फत सम्बन्धित देशबाटै प्रस्ताव गर्न

सकिने व्यवस्था उद्योग विभागमा हुनुपर्छ। प्रक्रियागत सरलीकरणको अपरिहार्य आवश्यक छ। वैदेशिक लगानी भित्र्याउन कानुनमा पनि लचकता ल्याउन जरूरी छ।

'एकल बिन्दुसेवा' प्रभावकारी हुन नसक्दा, लगानीकर्ताले दुःख पाइरहेका छन्। त्यहाँ आउने प्रतिनिधि पूर्ण अधिकारसहितको जिम्मेवारी बोकेर आउनुपर्छ। केही क्षेत्रका प्रतिनिधि अझै त्यहाँ जान सकेका छैनन् त्यसैले सबै प्रतिनिधि ठाउँमा आउने व्यवस्था र साथमा छोटो समयमा प्रभावकारी सेवा दिन सक्नुपर्छ।

**६. यहाँले कृषिमा वैदेशिक लगानी**लाई **समग्रमा कस्तो धारणा राख्नुभएको छ, सकारात्मक, मध्य वा नकारात्मक ?**

मध्यम। कृषिमा वैदेशिक लगानीलाई समग्रमा भन्नुपर्दा मध्यम छ। अरू क्षेत्रमा जस्तो कृषिमा लगानी ल्याई हाल्नुपर्छ भन्ने लाग्दैन। कृषिमा लगानी ल्याउनै हुदैँन भनेर नकारात्मक टिप्पणी पनि गर्नु भने हुदैँन। समग्रमा भन्नु पर्दा, सरकारले "बृहत छलफल गरी योजना बनाएर कृषिमा आत्मनिर्भर हुन कसरी सकिन्छ?", "त्यसका लागि राज्यले के योगदान गर्न सक्छ?" "निजी क्षेत्र र सहकारीले कसरी उत्पादन र उत्पादकत्व बढाएर कृषिको आयात रोक्न सकिन्छ?" भन्ने विषयमा 'एक्सन प्लान' बनाउनुपर्छ। यसो गरेमा कृषिमा थप लगानी चाहिँदा कुन क्षेत्रमा, कति हदसम्म विदेशी लगानी भन्ने स्पष्ट भएर मात्रै सरकारले विदेशी लगानी खुला गर्न सक्छ।

**कृषि विद्यार्थी**

**१. कृषि क्षेत्रमा विदेशी लगानीमा कस्ता अवसर र** चुनौतीहरू **छन् ?**

कृषि क्षेत्र नेपालमा धेरै नागरिकको प्रत्यक्ष जीवनसँग जोडिएको क्षेत्र हो, जुन ग्रामीण जीवन यापनसँग पनि सम्बन्धित छ। यस क्षेत्रको लागि स्वदेशी लगानी (सरकार र निजी क्षेत्र संलग्न छ) तर आर्थिक पारदर्शीता र जवाफदेहीताको कमीका कारण लगानी बमोजिमका प्रतिफल त्यति पाइएको छैन त्यसैले कृषि क्षेत्रमा लगानी भित्र्याउने कुरामा धेरै ध्यान पुर्याउनु पर्छ।

**चुनौती**

हाम्रा स्वदेशी लगानीकर्ताहरू कम पुँजी भएका हुन्छन् जुन स्वाभाविक छ। बजारमा धेरै पुँजी भएका विदेशी लगानीहरू भित्र्याउने कुराले स्वदेशी लगानी पलायनको स्थिति आउन सक्ने र

यस कुरामा ध्यान नपुर्याई काम गर्दा, विदेशी लगानीको केही समय अन्तरालमा एकाधिकार निर्माण हुन सक्दछ।

वैदेशिक प्रविधिको प्रयोग गर्दा स्वदेशी माटोमा अमिल्दो भएको खण्डमा यहाँको वातावरणमा प्रतिकूल असर पर्न सक्ने खतरा हुनसक्छ। वैदेशिक प्रविधिबाट भित्रिने रासायनिक मल, बीउ बिजन, पेस्टिसाइड आदिले गर्दा कृषिको जैविक विविधतामा प्रतिकूल असर पुग्न सक्दछ। स्थानीय जातका नश्ल तथा बीउहरू लोप हुन् सक्ने खतरा पनि रहन्छ।

**अवसर**

फाइदा जनक र माटो सुहाउँदो प्रविधि अनुसारको काम गर्न थप लगानी पुँजीको आकार बढाउन सकिन्छ। देशको बेरोजगारीको दरमा कमी, कृषिमा आधारित उद्योगका प्रशोधन केन्द्रहरूको बिस्तार, निर्यातमा सुधार गरेर व्यापार घाटामा कमी गर्न सकिन्छ। उद्योग व्यापारमा चाहिने थप कच्चा पदार्थको उत्पादनलाई कृषक तथा आम जनताको लागि स्व:रोजगारको अवस्था सिर्जना पनि गर्न सकिन्छ ।

**२. कृषि क्षत्रलाई प्रतिस्पर्धी बनाउन स्वदेशी लगानी मात्र पर्याप्त हुन्छ वा वैदेशिक लगानीलाई पनि अझ खुला गर्नुपर्छ?**

स्वदेशी लगानीलाई धेरै महत्त्व दिएर काम गर्नुपर्छ, स्वदेशी लगानीको प्रभावकारिताको लागि र सशक्त रूपमा विकासको लागि देशका नीति कार्यान्वयनको पाटोमा थुप्रै काम गर्नुपर्छ। वैदेशिक लगानी भित्र्याउने कुराहरूमा ख्याल गर्दा स्वदेशी श्रम शक्तिको ज्ञान सीप र क्षमता अभिवृद्धिको काम निकै प्रभावकारी ढंगले गर्नुपर्छ। फुड प्रोसेसिंग फ्याक्ट्रीहरूका लागि वैदेशिक लगानीलाई भित्र्याउने काम गर्न सकिन्छ , प्रत्यक्ष रूपमा किसान र लगानीकर्ता दुवैको वीन-वीनको अवस्थामा काम गर्न सकिन्छ। यस कृषि क्षेत्रलाई दिगो विकासका लक्ष्यमा पनि टेवा पुग्ने गरी राष्ट्रको हितमा हुनेगरी केही खुला गर्न सकिन्छ।

**३. नेपालको स्वदेशी उद्योग व्यवसायमा असर नपर्ने गरी कृषिका कुनै उपक्षेत्रमा लगानी भित्र्याउन सकिन्छ कि सकिन्न?**

नेपाली उद्योगहरूलाई त कठिनाइ कुनै सर्तमा हुनुहुदैँन, त्यसकारण उनीहरूको हितलाई ख्याल गरेर विदेशी लगानी, अनुदान र प्रविधिको हस्तान्तरणमा काम गर्न सकिन्छ , नेपाल जस्तो गरिबी देशको आफ्नो आन्तरिक अर्थतन्त्रको कुनै सूचकमा प्रत्यक्ष असर नपुग्ने गरी विदेशी लगानीलाई भित्र्याउने काम गर्न सकिन्छ।

**४. कृषिमा विदेशी लगानीका लगि अलग्गै नीतिको कति आवश्यकता छ ?**

नेपाल धेरैजसो नीतिगत कार्यान्वयनको जटिलता पाउन सकिन्छ, मुख्य गरी कृषिकोलाई अलग्गै खाले नीति बनाउने काम जरूरी छ, यो कृषि क्षेत्र आफैंमा निकै जोखिम भएको क्षेत्र हो, बजारमा कृषिजन्य वस्तुको आयात निर्यात प्रणालीको सही समन्वयको काम नभएकोले कहिले छुट्टै खाले चुनौती खडा भएको पाइन्छ। कृषिमा विदेशी लगानीको लागि विशिष्ट खाले नीतिको आवश्यकता छ जसले गर्दा कुनै हिसाबले यहाँ भइरहेको स्वदेशी लगानीमा असर नपुगोस्।

**५. प्राप्त विदेशी लगानीको उपलब्धिमूलक परिचालनका लागि र तहगत समन्वयको स्वरूपमा यहाँको कस्तो राय छ?**

नेपालमा सरकारका तीन तह छन्, तीनै तहको सरकारमा कृषिका प्राथमिकतालाई जोडदार रूपमा राखेको पाइन्छ। कृषिमा मुख्य गरी स्थानीय सरकारको बढी भूमिका रहने हुनाले स्थानीय सरकारलाई बढी बलियोसँग काम गर्ने प्रणालीलाई विकास गर्ने गरी काम गर्नुपर्छ। यहाँ हाल उपलब्ध संरचना र प्रणालीको भूमिकामा केही सुधारका काम गर्न जरूरी छ। सबै सरकारका तर्फबाट समन्वयात्मक काम गरी कृषिलाई प्राथमिकतामा निरन्तरता कायम गर्न सकिन्छ।

**६. यहाँले कृषिमा वैदेशिक लगानी**लाई **समग्रमा कस्तो धारणा राख्नुभएको छ, सकारात्मक, मध्य वा नकारात्मक ?**

कृषिक्षेत्रमा हुने वैदेशिक लगानीलाई लिएर हेर्दा धारणा मध्यम छ। हामी गरिबीको चपेटामा परेको मुलुक भएकाले यहाँको विकासमा राष्ट्रिय हितलाई ख्याल गरेर विदेशी लगानी पनि भित्र्याउने कुरालाई स्वागत गर्न सकिन्छ। वैदेशिक लगानी आफैमा नराम्रो कुरा नभए पनि देशको वास्तविक अवस्थालाई ध्यानमा राखेर कृषिमा आश्रित जनसंख्याको जीविकोपार्जनमा असर नपुर्याई वैदेशिक लगानीलाई डिल गर्नुपर्छ।

**<u>कृषि उद्यमी</u>**

**१. कृषि क्षेत्रमा विदेशी लगानीमा कस्ता अवसर र** चुनौतीहरू **छन् ?**

**अवसर:**

- नेपाली कफीको गुणस्तर एकदमै राम्रो रहेको
- विदेशी स्तरमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता रहेको
- रैथाने कफी अझ पनि नेपालमा रहेको

**चुनौतीः अन्वेषण, अनुसन्धानमा कमी भएको**

- ठूला लगानी हुदाँ हाम्रो अवस्था कस्तो हुने यकिन नरहेको

**२. कृषि क्षत्रलाई प्रतिस्पर्धी बनाउन स्वदेशी लगानी मात्र पर्याप्त हुन्छ वा** वैदेशिक **लगानीलाई पनि अझ खुला गर्नुपर्छ ?**

- यस विषयमा हामीले कूटनीतिक असरलाई मूल्यांकन गर्नु पर्ने रहेको
- सामाजिक, आर्थिक, राजनीतिक लाभ मात्र प्राप्ति गर्न खोजेको या नखोजेको

**३. नेपालको स्वदेशी उद्योग व्यावसायमा असर नपर्ने गरी कृषिका कुनै उपक्षेत्रमा लगानी भित्रयाउन सकिन्छ कि सकिन्न ?**

- हामीले हाम्रो सीमा तोक्नु पर्ने आवश्यकता रहेको
- निश्चित समयको लागि लगानी गर्ने आँउदा राम्रो हुने

**४. कृषिमा विदेशी लगानीका लगि अलग्गै नीतिको कति आवश्यक छ ?**

- छ, यान्त्रिकरणको नीति, कफी उत्पादनमा लागेका साना किसानहरूलाई प्रशिक्षण दिने नीति, कार्बोन उत्सर्जन कम गराउनु पर्ने नीति आवश्यक रहेको
- कफि बालि बीमा भनेर पोहोर साल परिचय गराइएको

**५. प्राप्त विदेशी लगानीको उपलब्धिमूलक परिचालनका लागि र तहगत समन्वयको स्वरूपमा यहाँको कस्तो राय छ ?**

- उत्पादन गर्ने च्यानलतर्फ जानुपर्ने
- उद्योग विभागमा क्षेत्रगत रूपमा अगाडि बढ्नुपर्ने
- लगानीकर्ताहरूलाई उनीहरूको दिगोपनाको लागि समर्थन गर्नुपर्छ
- सरकारी निकाय र सम्बन्धित निकायले अनुगमन र मूल्याङ्कन गर्नुपर्छ

**६. यहाँले कृषिमा वैदेशिक लगानी**लाई **समग्रमा कस्तो धारणा राख्नुभएको छ, सकारात्मक, मध्य वा नकारात्मक ?**

- सकारात्मक

**व्यापार विशेषज्ञ**

**१. कृषि क्षेत्रमा विदेशी लगानीमा कस्ता अवसर र** चुनौतीहरू छन् **?**

कृषि क्षेत्रमा हामीले लगानी गर्ने थुप्रै किसिमका साहेक पाटाहरू छन् जसमा हामीले प्रारम्भमा भन्नुपर्दा यस विषयको अवसर र चुनौतीलाई दुई धारबाट वर्गीकरण गर्न सकिन्छ। हालसम्म पनि कृषि क्षेत्र सामन्य जीविकाको लागि बढी काम भइरहेको छ, त्यो भन्दा बाहेक मुख्य गरी व्यवसायीक हिसाबले अलि कम काम भएको पाउन सकिन्छ।

**चुनौती:**

भू-उपयोग प्रणालीको सही व्यवस्थापन, जस्तै पहाडी क्षेत्रको भूमि, तराई र हिमाली जिल्लाका जमिनको उपयोग गर्ने कुरामा कसरी उपयोग गर्ने भन्ने कुरामा केही चुनौती छन्। जमिनको एकीकृत हिसाबले प्रयोगमा ल्याउने गरी काम गर्न केही चुनौती हुन्छ। अवधारणागत रूपमा

भने जमिनको मालिकहरूले भूमि उपयोगको काम गर्नमा असहजता लिएको कुरा चुनौतीको रूपमा रहेको छ। किसानले पाउनुपर्ने तालिम, सीप अभिवृद्धिमा काम गर्ने कुराहरूमा काम गर्न अझै चुनौती छ।

**अवसर**

कार्ययोजनालाई स्पष्ट पारेर यस कुरालाई आधुनिक बजार र विश्वव्यापीकारणको सिद्दान्तलाई ख्याल गरेर उत्पादन, वितरण र बजारीकरणको खाका बनाएर काम गर्न सकिन्छ , जुन एफ.डी.आई को रूपमा अवसर हो। पुरानो हिसाबले चलिआएकै कुरामा यान्त्रिक व्यवस्थापन र सुधारका अन्य पाटोलाई ख्याल गरेर काम गरेमा यो एक अवसर हुन्छ।

**२. कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउन स्वदेशी लगानी मात्र पर्याप्त हुन्छ वा** वैदेशिक **लगानीलाई पनि अझ खुला गर्नुपर्छ?**

स्वदेशी किसानलाई आत्मनिर्भर बनाउने र यहाँ विद्यमान भएको पुरानो साँघुरो सोचलाई सुधार गरेर खास खास क्षेत्रमा लगानी गर्न सकिन्छ। जस्तै कृषिजन्य उत्पादन हुने जमिनमा कृषि उपजका सीप , तालिम, बजारीकरण र त्यसको प्रबन्ध सरकार मार्फत गराउने गरी काम गर्ने। त्यसमा थप पशुपालनका लागि उपयुक्तताको जमिन, बाँजो रूखो जमिनलाई सोही अनुसार प्रवर्द्धन गर्ने काम गर्न सकिन्छ। वैदेशिक लगानीलाई केही खुला गर्न भने यसर्थमा सकिन्छ।

**३. नेपालको स्वदेशी उद्योग व्यवसायमा असर नपर्ने गरी कृषिका कुनै उपक्षेत्रमा लगानी भित्र्याउन सकिन्छ कि सकिन्न?**

यहाँको स्थानीयवासीले कुनै चुनौती वा स्वदेशी वस्तुको पलायन नहुने गरी र यहाँका बजारमा नकारात्मक प्रभाव नहुने गरी वैदेशिक लगानी भित्र्याउने कुरामा सहमत हुन सकिन्छ। यस ठाउँको ज्ञान, आधुनिक माग र आपूर्तिमा सहज हुने खाले क्षेत्र र राष्ट्रिय प्राथमिकताका कुराहरूलाई ख्याल गरेर यस क्षेत्रमा लगानी भित्र्याउने काम गर्न सकिन्छ।

**४. कृषिमा विदेशी लगानीका लगि अलग्गै नीतिको कति आवश्यकता छ ?**

कृषि र उत्पादनमा आ-आफ्नै प्रकृति भएको हुनाले यसलाई समग्रतामा “ब्ल्यांकेट एप्रोच”बाट नभई छुटै तरिकाले अलग्गै नीति आवश्यक छ, कृषिमा वैदेशिक लगानीलाई प्रभावकारी माध्यमबाट नियालेर नीति बनाउन सकिन्छ। साहयक नीति मार्फत पनि काम गर्न सकिन्छ।

**५. प्राप्त विदेशी लगानीको उपलब्धिमूलक परिचालनका लागि र तहगत समन्वयको स्वरूपमा यहाँको कस्तो राय छ?**

भूमिको संरचनाको, आकार र बनोटलाई आधार मानेर हाम्रो हिमाल, पहाड तराई, उपत्यका लगायतका भूमि बनोटको आधारमा, जमिनको खास विशेषताको आधारमा पनि वैदेशिक लगानी (एफ.डी.आई)लाई स्थानीय, प्रादेशिक र सङ्घीय भूमिकाको समन्वयमा सहज र सहभागीमुखी गर्न सकिन्छ। आम्दानीको र लगानीको प्रयोजनका आधार निर्धारण गरेर परिचालन गर्दा समन्वय सहित सहज प्राणालीको विकास गर्न सकिन्छ।

**६. यहाँले कृषिमा वैदेशिक लगानी**लाई **समग्रमा कस्तो धारणा राख्नुभएको छ, सकारात्मक, मध्य वा नकारात्मक ?**

समग्रमा धारणा सकारात्मक छ, यसको उपयोग गर्दा चलाखी पूर्ण तरिकाले राष्ट्रको हित अनुकूल हुनुपर्यो।

**<u>वैदेशिक लगानी</u>** <u>सम्बन्धी</u> **<u>विज्ञ</u>**

**१. कृषि क्षेत्रमा विदेशी लगानीमा कस्ता अवसर र चुनौतीहरू छन् ?**

नेपाली बजारमा उत्पादन नै नपुगी रहेको अवस्थामा प्रतिस्पर्धा सम्भव छैन। हाम्रो उत्पादनले बजारको माग नै पूरा नगरिरहेको अवस्थामा हामीले वस्तुहरूको मूल्य पनि बढी चुकाउनु परेको छ। त्यसैले प्रतिस्पर्धाले मात्र मूल्यलाई सन्तुलनमा ल्याउन सक्छ। प्रतिस्पर्धा बढाउँदा “production unit” बढाएर मात्र सम्भव छ। विदेशी लगानी आएको खण्डमा प्रविधि पनि आउँछ। यसले अरू किसानलाई फाइदा पुर्याउँछ र उत्पादनपनि बढाउँछ। विदेशी लगानीले हामीलाई आत्मनिर्भर पनि बनाउँछ।

हामीले कृषि उत्पादनलाई बजारीकरण गर्न नसकेको कारणले आज बजारमा नेपाली मकै भन्दा विदेशी मकै पाइन्छ। उदाहरणका लागि “sweet corn”। बजार प्रतिस्पर्धी भएको अवस्थामा उपभोक्ताले गुणस्तरीय वस्तु पाउनुका साथै उत्पादन गर्दाको बखतमा लगानीकर्ताको लागत पनि कम लाग्छ र यसले अन्तिममा वस्तुहरूको मूल्य घटाउँछ।

कृषि उत्पादनका लागि चाहिने सम्पूर्ण सामान हामी बाहिरबाट आयात गरिरहेका छौं। जसका कारणलेअन्तिम उत्पादनको मूल्य बढ्छ। यस्ता विषयहरूमा विदेशी लगानीले हामीलाई सहयोग पुर्याउँछ। नेपालमा कोल्डस्टोरहरू को अभाव देखिन्छ जसका कारणले हामीले तरकारीहरू सुरक्षित तरिकाले राख्न सक्दैनौँ। विदेशी लगानीले कोल्डस्टोर जस्ता प्रविधिहरूको पहुँचलाई सहज बनाउँछ।

**२. कृषिमा विदेशी लगानीका लागि अलग्गै नीतिको आवश्यकता कत्तिको छ ?**

विदेशी लगानीको नीति भित्रै कृषिको विषय पनि जोडिएको छ। राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगलाई प्राथमिकता दिई लगानी भित्र्याइने कुरा नीतिमै उल्लेख छ। कृषि राष्ट्रिय प्राथमिकता भित्र पहिलो नम्बरमा पर्छ। के कारणले सरकारले विदेशी लगानी रोक्ने नीति लियो, यो विषयमा सरकार आफै स्पष्ट छैन। टुक्रे नीतिले आम कृषकलाई फाईदा पुर्याउँदैन। कृषिको विदेशी लगानीमा किन रोक लगाइएको हो भन्ने कुरालाई स्पष्ट हुन जरूरी छ। विभिन्न व्यक्तिहरूको विभिन्न स्वार्थका कारणले पनि यसमा रोक लगाइएको हुनसक्छ।

**३. कृषिमा विदेशी लगानीलाई समग्रमा कस्तो धारणा राख्नुभएको छ?- सकारात्मक, मध्यम, वा नकारात्मक?**

कृषिमा विदेशी लगानीलाई समग्रमा धारणा सकारात्मक छ। विदेशी लगानीले पहिलोमा प्रविधि भित्र्याउँछ, दोस्रोमा कृषिमा आधुनिकीकरण गर्छ, र तेस्रोमा प्रयोगमा नआएको जमिनलाई प्रयोगमा ल्याउँछ। कृषि क्षेत्र जीविका चलाउने माध्यमका रूपमा मात्र अघि बढिरहेको छ, जसका कारणले कृषि प्रतिको आकर्षण घटिरहेको छ। कृषिमा विदेशी लगानीले यस्ता आकर्षण बढाउन सक्छ। खेती योग्य जमिन बाँझो छोड्न पनि थालिएको छ। विश्व बैंकले च्याङरा पालन गरेर पस्मिना उत्पादन गर्नका लागि सम्भावित अध्ययनहरू अघि बढिरहेको छ। पस्मिना उत्पादनका लागि चाहिने सबै कच्चा पदार्थहरू चीनबाट आउँछन्।

कफीमा हाम्रो राम्रो व्यापार थियो। नेपाली कफीको स्वाद पनि बेग्लै पनि थियो। बजार माग बढेपछि हामीले मागअनुसारको आपूर्ति गर्न सकेनौँ। त्यसका लागि चोरी निकासी गरेर भारतबाट कफी ल्याएर नेपाली कफीसँग मिसाई, नेपाली कफीको रूपमा त्यसलाई बजारमा पठाउन थालियो। जसले गर्दा नेपाली कफीको पुरानो स्वाद हराउँदै गयो। यसले हाम्रो कफीको बजारलाई घटायो। हामी ठूलो मात्रामा उत्पादन गर्दैनौ र बजार मात्रै खोजि रहन्छौँ। उत्पादन गर्न दिने तर प्राथमिक क्षेत्रमा नदिने भनेको “श्रोत बन्द गरेर धाराबाट पानी आउँछ” भने जस्तै हो।

**४. कृषिमा विदेशी लगानीका लगि अलग्गै नीतिको कति आवश्यकता छ ?**

यसको लागी छुट्टै नीति चाहिदैन, हामि सगं भएका यथावत नीतिहरूनै पर्याप्त छन, ब्याख्या र तिनका सही कार्यान्वयन हुने हो भने वैदेशिक लगानी नीति, कृषितथा पशुपालनका लागि बनाइएको नीतिहरूले प्राथमिकताका सुची तयार गरी राखेको छ।

**५. प्राप्त विदेशी लगानीको उपलब्धिमूलक परिचालनका लागि र तहगत समन्वयको स्वरूपमा यहाँको कस्तो राय छ?**

समन्वयको काममा हामि प्रभावकारी संयन्त्र तयार गरेर लगानीको क्षेत्र निर्धारण गरेमा दिगो हुनेथियो। स्थानीय तह सम्म सहज कार्यान्वयनमैत्री व्यवस्था निर्माणगर्न जरूरि छ।

**६. यहाँले कृषिमा वैदेशिक लगानी**लाई **समग्रमा कस्तो धारणा राख्नुभएको छ, सकारात्मक, मध्य वा नकारात्मक ?**

मेरो बिचारमा म विदेशी लगानी राम्रो हो, यसको सही हिसाबले मूल्यांकन गरेर अन्तर्राष्ट्रिय बजार र स्वदेशी बजारको अध्यन गरेर ठोस काम गर्न सकिन्छ।

**<u>सरकारी संस्था</u>**

**१. कृषि क्षेत्रमा विदेशी लगानीमा कस्ता अवसर र** चुनौतीहरू **छन् ?**

**अवसर**

विश्वस्तरीय अनुभवलाई केलाउने हो भने, कृषि क्षेत्रमा विदेशी लगानीले भित्रिए पछि लगानी प्राप्त गर्ने देशभित्र सिर्जना हुने अवसरको विषयमा विश्वस्तरमै केही लाभ पहिचान भएका छन्।

खासगरी लगानीको अभावमा आर्थिक वृद्धिको फड्को मार्न नसकेकोमा कृषि अर्थतन्त्रमा विदेशी लगानीले, नयाँ–नयाँ प्रविधिसँग परिचित गराउन एवं उद्यमशीलता सम्बन्धी नयाँ ज्ञान प्रवेश गराउन मदत गर्दछ। यसको फलस्वरूप कृषि क्षेत्रमा 'इकोनोमिज अफ स्केलको' सिर्जना भइ उत्पादकत्व वृद्धि हुन्छ, रोजगारी सिर्जना हुन्छ, आयात रोक्न सकिन्छ र निर्यात बढ्न पुग्छ भन्ने विश्वास गरिन्छ।

देशको अर्थतन्त्रको आशातीत वृद्धि र विस्तार हुन नसकेको मुख्य कारण नै लगानीको कमीले हो। हामीले लिएको आर्थिक वृद्धि र विकासको आकांक्षाको तुलनामा खासगरी 'हाउसहोल्ड' तथा निजी क्षेत्रतर्फबाट आवश्यक पर्ने लगानी पुगेको छैन (१५ औँ योजनाले ५३३४ अरब निजी लगानी चाहिने र त्यसमा २६० अरब विदेशी लगानी भित्र्याउने अपेक्षा गरेको छ। दिगो विकासको लक्ष्य हासिल गर्न कुल ५५८९ अरब निजी लगानी आवश्यक पर्दछ तर त्यसको ५० प्रतिशतमात्र उपलब्ध हुने देखिएको छ। यसैको परिपूर्तिका लागि विदेशी लगानीको बाटो खोलिएको हो।

कृषि क्षेत्रमा आउने विदेशी लगानीले परम्परागत कृषि प्रणालीलाई परिवर्तन गरेर लगानीमा आधारित कृषि प्रणाली विकास गर्दछ, जसले कृषि क्षेत्रमा उत्पादकत्व र कूल उत्पादन दुवै बढाउन मदत गर्दछ। यसरी बढ्ने उत्पादनले वार्षिक ३२५ अरबको कृषिजन्य वस्तु आयात (गत वर्षको तथ्यांक) नियन्त्रण गर्न र निर्यात विस्तार गर्न मदत गर्न सक्दछ। अन्य क्षेत्रमा जस्तै कृषि क्षेत्रमा हुने विदेशी लगानीले समेत प्रविधि भित्र्याउन मदत गर्दछ। मुलतः 'मेकनाइजेसन' एवं अत्याधुनिक बीउ विजनको प्रयोग मार्फत कृषिको आधुनिकीकरण गरेर उच्च आर्थिक वृद्धि हासिल गर्न मदत पुग्दछ। लेक्सिकोग्राफर अनुसार ट्याक्टर पावर टिलर तथा थ्रेसरजस्ता आधुनिक उपकरण भएका कृषक परिवार एक–एक प्रतिसत तथा पम्पिङ्ग सेट हुने कृषक घरपरिवार ७ प्रतिशतमात्र छन्।

विकासे (उन्नत) बीउ प्रयोग गर्ने कृषक परिवार ज्यादै न्यून छ (हिउँदे आलु, प्याज र गर्मी सिजनको सागसब्जीमा क्रमशः ३४, २८.६ र २६.३ प्रतिशत देखिए पनि अन्य बाँकी बालीको हकमा १६.५ प्रतिशत भन्दा कृषक परिवारले विकासे बीउ प्रयोग गर्दछन्)। बीउ प्रतिस्थापन दर सन् २०१९ सम्ममा सागसब्जीको सन्दर्भमा ७५ प्रतिशत देखिए पनि मुख्य अनाज बालीमा

जम्मा १७प्रतिशत रहेको छ। यस्तो अवस्थामा नेपालमा विदेशी लगानी भित्रिँदा त्यसले स्वभाविक रूपमा कृषि क्षेत्रको यान्त्रिकीकरण एवं आधुनिकीकरणमा मदत पुग्नेछ। लेक्सिकोग्राफर (lexicographer) अनुसार ५२.७ प्रतिशत परिवारले आधा हेक्टरभन्दा कममा खेती गर्ने गरेका छन्। विदेशी लगानीकर्ताले मास स्केलमा खेती गर्ने भएकाले जग्गा एकीकरण गरी खेती गर्ने प्रणालीलाई प्रवर्द्धन गर्दछ। फलतः समग्र कृषि क्षेत्रमा 'इकोनोमिज अफ स्केल' प्राप्त हुन्छ।

**चुनौती**

विश्वव्यापी रूपमा राजनीतिक तहमा कृषि क्षेत्रमा विदेशी लगानीको विरोध भइरहेको छ। खासगरी विदेशी लगानी भित्रिएमा त्यसले साना किसानलाई विस्थापित गरेर, जैविक तथा आनुवंशिक श्रोतको नास गरेर एवं परम्परागत कृषि अभ्यासलाई लोप गराएर साना किसानको जिविकोपार्जन समाप्त पार्दछ र कृषक समुदायको उत्थानशीलता (upliftment) कमजोर बनाउँछ भन्ने गरिन्छ।

विदेशी लगानीले प्राकृतिक श्रोतलाई प्रदूषित गराउँछ, जमिन माथिको नियन्त्रण विस्तारै विदेशी निजी कम्पनीको हातमा पुर्याउँछ भनेर विश्वव्यापी रूपमा नै कृषि क्षेत्रमा विदेशी लगानीको विरोध हुँदै आएको छ। विदेशी लगानी खोल्ने वित्तिकै आफै लगानी भित्रिन्छ भन्ने छैन। लगानीकर्ता आउने भनेको उसको उत्पादनले बजार पाउने निश्चित भएपछि मात्र हो। विश्वमा धेरै कृषि उपज निर्यात गर्ने देशहरूले समेत धेरै विदेशी लगानी भित्र्याउन सकेको देखिन्नः चीन र न्यूजिल्याण्डबाहेक त्यस्ता देशमा कुल भित्रिएको विदेशीलगानीमा कृषि क्षेत्रतर्फ १ प्रतिशत पनि गएको छैन। त्यसैले कृषि क्षेत्रमा विदेशी लगानी बढाउन कृषि उपज बजार पहुँच सुनिश्चित गर्न सक्नु पर्दछ। यो प्रसङ्ग नेपाल आउने विदेशी लगानी भारतको, विशाल बजार देखेर हो। तर "नेपाल भारत वाणिज्य सन्धिको" धारा ४ ले नेपाली औद्योगिक वस्तुलाई जस्तो कृषिजन्य वस्तुलाई शून्य भन्सार पहुँच दिएको छैन–रेसिप्रोसिटीमा आधारित भएरमात्र बजार पहुँच दिन्छ।

तरकारी, जडिवुटी, चिया, अदुवाजस्ता प्रोसेस नगरिएका कृषिजन्य वस्तुमा 'सेनिटरी तथा फेटो सेनिटरीजस्ता' गैरभन्सार अवरोध कायम छन। त्यस्ता गैरभन्सार अवरोध अपारदर्शी

ढंगले सिर्जना भएको हामीले पटक पटक देखेका छौँ। नेपालमा प्रमाणित बीउ विजनको दर्ता एवं उपयोगको आफ्नै नियम छ र त्यसलाई छुट्टै कानूनले निर्देशित गर्दछ। यदि विदेशी लगानीका उद्योगले नेपालमा विक्री वितरण भइरहेका बीउ बिजन नै उपयोग गरे भने त ठिकै हो, अन्यथा आफै विकास गर्ने वा आयात गर्ने चाहना राखे भने एउटा लामो प्रक्रिया पूरा गर्नुपर्छ। जुन लगानीकर्ताका लागि झण्झटिलो हुन जान्छ।

"विश्व व्यापार संगठनमा" कृषिजन्य बालीका जातमा बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी प्रतिबद्धता जनाउँदा नेपालले पेटेन्ट नदिने गरी प्रतिबद्धता जनाएको छ। तर विदेशी लगानीकर्ता बीउबिजनमा कडा पेटेन्ट सुरक्षित गर्न चाहन्छन्। अन्यथा लगानी प्रोत्साहन नहुन सक्दछ। अन्तराष्ट्रिय स्तरमा गरेको प्रतिबद्धता र देशको क्रिटिकल मासको विचार विपरित विदेशी लगानीकर्ताले खोजेको बौद्धिक सम्पत्तिको अधिकारको सुरक्षा गर्न ठूलो चुनौती छ। त्यसैले विदेशी लगानी खोल्ने वित्तिकै औद्योगिक क्षेत्रमा जस्तो कृषि क्षेत्रमा लगानी नआउन सक्दछ। केही कानूनी सुधार र केही कूटनीतिक पहल मार्फत बजारको पहुँच बढाउन आवश्यक छ।

विदेशी लगानीले स्वभाविक रूपमा देशभित्र प्रविधि भित्र्याउँछ। तर प्रविधिको सन्दर्भमा विश्वस्तरमा केही प्रश्नहरू उठेका छन्। राजनीतिक तहबाट आएका त्यस्ता प्रश्नले नेपालको नीति निर्माणमा समेत प्रभाव पारिहेको छन। 'मास स्केलमा' खेती गरिँदा त्यसले सिर्जना गर्ने 'साधन कुशलता' (Resource efficiency) र उत्पादकत्व वृद्धिले साना कृषकलाई कृषि पेशाबाट विस्तारै विस्थापित गर्दै लैजान्छ।

कूल ६४.१ प्रतिशत रोजगारी कृषि क्षेत्रले प्रदान गरेको (लेक्सिकोग्राफर अनुसार), त्यसमा पनि थोरै जमीनमा खेती गर्ने कृषक धेरै भएको सन्दर्भमा विस्थापित हुँदै जानेजनसंख्यालाई कसरी वैकल्पिक रोजगारीको अवसर सिर्जना गर्ने भन्ने कुरा ठूलो चुनौती हो। मास प्रोडक्सन गर्नेले एउटै बाली र त्यसमा पनि एउटै जातको बाली लगाउँछ। हाम्रो देश कृषि जैविक विविधतामा धनी छ। कृषि जैविक विविधता वन जन्य-जैविक विविधताभन्दा फरक हुन्छ– यसमा परापूर्वकालदेखि हस्तान्तरण हुँदै आएको परम्परागत ज्ञान जोडिएको हुन्छ। मास प्रोडक्सनले सानो देशका त्यसता जैविक विविधता र परम्परागत ज्ञानलाई खतरा पैदा गर्दछ।

विदेशी लगानी प्रवर्द्धन गर्दा त्यसता अमूल्य श्रोतको संरक्षण कसरी गर्ने भन्ने चुनौती सिर्जना हुनेछ।

अन्यथा बेरोजगारी, खाद्यान्न संकट एवं उथ्थानशीलतामा मानवीय संकट नै आउन सक्दछ। हुनत, विदेशीले नेपालमा जमिन खरिद गर्न सक्दैनन्। तर विदेशी लगानीका लागि दर्तावाल कम्पनीले खरिद गर्नसक्ने प्रबन्ध भएपछि जमिनको ठूलो अंश क्रमशः विदेशी कम्पनीको नियन्त्रणमा जान सक्दछ र धेरै मानिस भूमिहीन एवं सुकुमबासी होलान् भन्ने चिन्ता राजनीतिक तहमा देखिन्छ। त्यस्तो चिन्तालाई सम्बोधन गर्नु अर्को चुनौती हो।

**२. कृषि क्षत्रलाई प्रतिस्पर्धी बनाउन स्वदेशी लगानी मात्र पर्याप्त हुन्छ वा वैदेशिक लगानीलाई पनि अझ खुला गर्नुपर्छ?**

जब पूरा विश्व नै वस्तु तथा सेवा एवं उत्पादनका साधनको खुला आवत–जावतबाट प्रचुर लाभ लिइरहेको छ, त्यो बेला नेपाल छुट्टै रहन सक्दैन। त्यसो गरेमा आर्थिक वृद्धि र त्यसबाट प्राप्त हुने सबै खालका लाभबाट हामी बन्चित हुन पुग्छौं। यही कुरालाई मध्यनजर गरेर नेपालले कृषि क्षेत्र लगायतका केही क्षेत्रबाहेक सबै क्षेत्रमा विदेशी लगानी खुला गरेको छ। अपर्याप्त बचत तथा लगानीको घरेलु श्रोतको सिमिततालाई मध्यनजर गर्दा यहाँको कृषि क्षेत्रमा समेत विदेशी लगानीको औचित्य देखिन्छ। यद्यपि विदेशी लगानीले यहाँको गरिब किसानको जीविकोपार्जन, जैविक तथा आनुवंशिक श्रोतको संरक्षण, उत्थानशीलतामा केही खतरा ल्याउन सक्दछ भन्ने कुरालाई समेत ख्याल गर्दै बीचको बाटो अपनाउनु उपयुक्त हुन्छ।

**३. नेपालको स्वदेशी उद्योग व्यवसायमा असर नपर्ने गरी कृषिका कुनै उपक्षेत्रमा लगानी भित्र्याउन सकिन्छ कि सकिन्न?**

स्वदेशी उद्योग व्यवसायमा असर नपर्ने गरी कृषिका कुनै उपक्षेत्रमा लगानी भित्र्याउन सकिन्छ। हाम्रो देशको कृषिको आफ्नै चरित्र छ। माथि भनिएजस्तै हामी अधिकांश नेपाली जनता कृषि व्यवसायमा संलग्न त छौँ, तर सानो स्तरको खण्डित जमीनमा निर्वाहमुखी खेती गर्छौं। हामी कुनै एउटा मात्र उत्पादन गर्दैनौं। बरू आफूलाई चाहिने सबैजसो वस्तु परम्परागत बीउको उपयोग एवं परम्परागत विधिको प्रयोगबाट उत्पादन गर्ने गर्छौं।

त्यसैले नेपाली कृषिले आशातीत उत्पादकत्व र उत्पादन बढाउन सकेको छैन, तर श्रोतको संरक्षण एवं उत्थानशीलतालाई भने कायममै राखेको छ। फेरि खाद्य पदार्थ अब राष्ट्रिय सुरक्षाको एउटा अभिन्न रणनीतिक वस्तु समेत बन्दै गएको छ। यो सन्दर्भमा खाद्यबालीको खेतीमा विदेशी लगानी नियन्त्रण गरेर हाललाई चिया, सूर्ति, अलैची, अम्रिसोजस्ता नगदेबालीका क्षेत्रमा भने विदेशी लगानी खुला गर्न सकिन्छ। खाद्यान्न तथा जडीबुटीजन्य वस्तुको प्रशोधनजन्य उद्योगमा भने विदेशी लगानी प्रवर्द्धन गर्दा लाभ नै हुन्छ। रासायनिक मल, कृषि सामाग्री जस्ता कृषि उत्पादनका साधनमा विदेशी लगानी खुला नगर्नुपर्ने कारण छैन।

**४. कृषिमा विदेशी लगानीका लगि अलग्गै नीतिको कति आवश्यकता छ ?**

व्यवसायीका लागि नीति, ऐनजस्ता कानूनी व्यवस्था जति थोरै भयो त्यति राम्रो। धेरैवटा नीति भएमा सोही अनुसार धेरैवटा कानुनी प्रबन्ध आवश्यक पर्न सक्दछ जुन लगानीकर्ताका लागि झन्झटिलो एवं अपारदर्शी हुन जान्छ।

एउटा एकीकृत कृषि नीतिमा सबै कुरा समेटिए राम्रो हुनेछ। विदेशी लगानीसम्बन्धी पछिल्लो अभ्यास र अनुभव एवं हाम्रो आवश्यकतालाई समेत समेटेर, समय सापेक्ष एकीकृत कृषि नीति चाहिँ आवश्यक देखिन्छ।

**५. प्राप्त विदेशी लगानीको उपलब्धिमूलक परिचालनका लागि र तहगत समन्वयको स्वरूपमा यहाँको कस्तो राय छ?**

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई आत्मसात् गर्दै सुशासन, विकास र समृद्धिको सुनिश्चितता गर्न नेपाललाई स्वतन्त्र, उन्नत र समाजवाद उन्मुख अर्थतन्त्रको रूपमा विकास गर्ने परिकल्पना गरेको छ। संविधान कार्यान्वयनको क्रममा संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहका सरकारहरू पूर्णरूपमा क्रियाशिल भई मुलुकको सामाजिक–आर्थिक विकासतर्फ सक्रिय रूपमा अघि बढेका छन्।

अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार नेपालले सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्न आवश्यक छ। सबै आयाममा कसैलाई पछाडि पर्न नदिने प्रतिबद्धता बमोजिम संघ, प्रदेश र स्थानीय तहका विकास कार्यक्रमहरूमा दिगो विकासको लक्ष्यहरूलाई आन्तरिकीकरण र

स्थानीयकरण गरिँदै छ। स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको प्रवर्द्धन गरी नेपाललाई समृद्ध र उन्नत बनाउने संवैधानिक कार्यादेश पूरा गर्नु तीनै तहका सरकारको दायित्व हुन्छ। वर्तमान सरकारले राखेको 'समृद्ध नेपाल, सुखी नेपाली'को लक्ष्यलाई साकार पार्न दीर्घकालीन सोच निर्माण गर्न अति आवश्यक छ ।

सोही क्रममा "सार्वजनिक–निजी साझेदारी तथा लगानी ऐन २०१९" (Public Private Partnership and Investment Act, 2019) बमोजिम लगानी बोर्ड नेपालले रू. ६ अर्ब वा सोभन्दा बढी र २०० मेगावाट भन्दा माथिका जलविद्युत तथा ऊर्जा आयोजनाहरूको विकास गर्दै आएको छ। उल्लेखित आकारको निजी लगानीको स्वीकृति दिने दायित्व समेत लगानी बोर्डलाई सुम्पिएको छ। सोभन्दा साना आयोजनाको हकमा उद्योग विभागमार्फत गरिन्छ। लगानी बोर्डमार्फत विकास भएको परियोजना र गरिएको लगानीको कार्यान्वयनको सहजीकरण लागि लगानी बोर्डले सम्बन्धित प्रदेश र स्थानीय तहसँग पी.पी.पी.आई.ए.ले तोकेबमोजिम समन्वय र सहकार्य गर्दै आएको छ। लगानीबोर्ड मार्फत गरिएको लगानीको कार्यान्वयनको सहजीकरणका अतिरिक्त परियोजना विकास र लगानी प्रवर्द्धन गर्न प्रदेशहरूसँग समझदारी पत्रमा हस्ताक्षर गर्न लगानी बोर्ड अघि बढेको छ। लगानी बोर्डले प्रादेशिक र स्थानीय तहले सञ्चालन गरेका आयोजनाहरूका लागि आवश्यक पर्ने विज्ञता, सीप र ज्ञान उपलब्ध गराउन सक्दछ।

**६. यहाँले कृषिमा वैदेशिक लगानी**लाई **समग्रमा कस्तो धारणा राख्नुभएको छ, सकारात्मक, मध्य वा नकारात्मक ?**

सकारात्मकः कृषिमा वैदेशिक लगानीको अवधारणा सकारात्मक छ। तर यसमा केही सतर्कता र राजनीतिक तहमा सहमति आवश्यक छ।

**<u>सरकारी संस्था</u>**

**१. कृषि क्षेत्रमा विदेशी लगानी आएमा कस्ता अवसर र चुनौतीहरू छन्?**

विदेशी लगानीको सन्दर्भमा कृषिक्षेत्रलाई सुरक्षा (रोक लगाइ) दिएर राखिएको छ। तर यसको आवश्यकता कृषि क्षेत्रमा धेरै देखिएको छ। कृषि क्षेत्रलाई आधुनिक बनाई व्यवसायीकरण गर्न विदेशी लगानीको खाँचो देखिन्छ। यदि कृषिलाई व्यवसायीकरण गर्न नसकेको अवस्थामा

कृषिले हाम्रो जीविका मात्र धान्न सक्छ हामी “मास प्रोडक्सन” मा जानसक्दैनौँ। यसले हाम्रो खाद्य सुरक्षालाई पनि मजबुत बनाउँछ। कृषिलाई आधुनिकीकरण गरी नयाँ यन्त्रहरू कृषिमा भित्र्याउन पनि विदेशी लगानीले सहयोग गर्न सक्छ।

देशमा रहेको आन्तरिक लगानीले मात्रै कृषिलाई व्यवसायीकरण र आधुनिकीकरणतर्फ लैजान नपुग्ने रहेछ। कुल ग्राहस्त उत्पादनमा कृषिको योगदान र मानिसहरूको कृषि प्रतिको लगाव घट्दै जानुले के देखाउँछ भने, कृषिमा आन्तरिक लगानीले मात्र हामीलाई पर्याप्त नहुने रहेछ। विदेशी लगानी हामीले रोक्यौं तर आन्तरिक लगानी हामीलाई पर्याप्त हुन सकेन। “एउटा घरमा एउटा गाई पालेर” हाम्रो कृषि क्षेत्रमा आमूल परिवर्तन आउन सक्दैन। यदि कृषिमा विदेशी लगानी आयो भने यसले हामीलाई आधुनिक यन्त्र, प्रोसेसिङ, प्याकेजिङ सहित गुणस्तरीयवस्तु दिन्छ।

हामी “मास प्रोडक्सन” मा गयौं भने मात्र बजारमा प्रतिस्पर्धा हुन्छ र यसले कुनै वस्तुको मूल्यलाई पनि सस्तो बनाउँछ। यस्ता अवसरहरू हामीले उपभोक्ताका रूपमा गुमाइरहेका छौँ। त्यसैले कृषिका केही क्षेत्रहरूमा विदेशी लगानीका आवश्यकता देखिन्छ। यसरी विदेशी लगानी आउँदा कतिपय गुणस्तरीय उत्पादन हामीले आफ्नो देशमा गरेर आत्मनिर्भर पनि हुनसक्छौँ। रत्यो सँगै निर्यातको पनि धेरै सम्भावना बढेर जान्छ।

अरबका विभिन्न देशहरूमा हामीले यहाँका हरिया सागपात निर्यात गर्नसक्ने सम्भावना छ तर हामीले उनीहरूलेखोजेको जस्तो गुणस्तर दिन सकिरहेका छैनौं। त्यसैले यसमा हामी पछाडि परिरहेका छौँ। हरियो सागपात मात्र नभई हामीले पानीलाई समेत “मिनरल वाटर” का रूपमा बोतलमा पठाउन सके त्यस्तो वस्तुपनि हामीले बिक्री गर्न सक्छौँ।

कृषि क्षेत्रमा प्रयोग हुने थ्रेसर देखि कुटोकोदालो सम्म हामीले बाहिरबाट आयात गरिरहेका छौं। यदि त्यस्तो यन्त्र बनाउने उद्योगमा विदेशी लगानी आएमा हामी आत्मनिर्भर हुनसक्छौं। यसमा अर्को सम्भावना रहेको छ। मल र त्यसमा पनि युरिया मलको ठुलो झमेला हाम्रो देशमा रहेको छ। त्यसैले युरिया मलको उद्योगमा पनि लगानी भित्र्याउन सक्छौँ। कृषिको माटो जाँच देखि बीउ बिजन र अन्तिम उत्पादन सम्म हस्तक्षेपको जरूरत छ र विदेशी लगानीले यसमा हस्तक्षेप गर्न सक्छ। यो हस्तक्षेपले हाम्रो कृषिलाई सुधार्छ। कुनै क्षेत्रहरू जस्तो ‘माछामा’

हामीलाई विदेशी लगानी आवश्यकता छैन। तर जुन क्षेत्रमा छ त्यो क्षेत्रलाई पहिचान गरेर हामीले त्यसमा लगानी भित्र्याउनु सक्नुपर्छ।

**२. कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउन स्वदेशी लगानी मात्र पर्याप्त हुन्छ कि विदेशी लगानी खुल्ला गर्नुपर्छ?**

आन्तरिक लगानीले थोरै हदसम्म बजारलाई प्रतिस्पर्धा बनाउँछ तर विदेशी लगानी आईसके पश्चात अझ बढी प्रतिस्पर्धा र पारदर्शीता अगाडि आउँछ। यसरी विदेशी लगानी आइसकेपछि स्वदेशी उद्योगहरू पनि चनाखो भई, गुणस्तरीय वस्तु दिन बाध्य हुन्छन्। यसले बजारलाई प्रतिस्पर्धी बनाउँछ।

**३. नेपालको स्वदेशी उद्योग व्यवसायमा असर नपर्ने गरी कृषिको कुनै उपक्षेत्रमा वैदेशिक लगानी भित्र्याउन सकिन्छ कि सकिन्न?**

सकिन्छ। आन्तरिक लगानीकर्ताहरू को मागहरूलाई पनि सम्बोधन गर्दै, उनीहरूले उत्पादन गरेका कच्चा पदार्थहरूलाई पनि समेट्ने खालको विदेशी लगानी ल्याउन सकिन्छ।

**४. कृषिमा विदेशी लगानीका लागि अलग्गै नीतिको आवश्यकता कत्तिको छ ?**

विदेशी लगानी सम्बन्धी नीति २०१५ मा आएको हो। अलग्गै नीति हाम्रो आवश्यकता पनि हो। यो राम्रो पनि हुन्छ। अलग नीतिले हाम्रो रणनीति र हामी कुन क्षेत्रमा लगानी भित्र्याउन चाहन्छौं भन्ने कुरालाई स्पष्ट पार्छ। तर नीतिहरू सधै एकै किसिमको रहि रहनु हुँदैन। यसलाई समयानुकूल परिवर्तन गर्दै जानुपर्छ।

**<u>सरकारी संस्था</u>**

**१. कृषि क्षेत्रमा वैदेशिक लगानी आएमा कस्ता अवसर र चुनौतीहरू आउँछन्?**

कृषि क्षेत्रमा वैदेशिक लगानीका विषयमा सरकार, सरोकारवाला किसान र विभिन्न निकायहरू बीच लामो समयदेखि छलफल चलिरहेको छ। समग्र कृषि क्षेत्रको विकासका लागि वैदेशिक लगानीको महत्वपूर्ण भूमिका हुने गर्दछ। राष्ट्रको परिवर्तन गर्न, आत्मनिर्भर हुन र समग्रमा संयुक्त राष्ट्र निर्माण गर्नका लागि कृषि क्षेत्र महत्वपूर्ण हुन्छ। उदाहरणका लागि चीन र भारतको कुरा गर्ने हो भने उनीहरूले यो सफलता पाउनु र आत्मनिर्भर हुनु पछाडी कृषिक्षेत्रको महत्वपूर्ण भूमिका रहेको छ।

नेपालको सन्दर्भमा व्यापार घाटा कै कुरा गर्ने हो भने १२ खर्ब आयात र १.५ अर्ब निर्यात गरेको अवस्था देखिन्छ जसबाट स्पष्ट छ हाम्रो व्यापार घाटा निकै उच्च छ। त्यसैले कृषि क्षेत्रको भूमिका नेपालमा निकै महत्वपूर्ण देखिन्छ। नेपालमा वैदेशिक लगानीलाई आउन दिनुपर्छ तर त्यस्तो वैदेशिक लगानीलाई व्यवस्थित गर्न ठूला किसानलाई धेरै हेक्टर जमिन दिने र ठूलो मात्रामा उत्पादन गर्न दिने हो भने मात्र कृषिमा आमूल परिवर्तन देखिने र किसानहरूलाई त्यसले सकारात्मक प्रभाव पार्ने देखिन्छ।

ठूला विदेशी व्यापारीहरूलाई बजार कब्जा गर्न दिने हिसाबले विदेशी लगानी भित्र्याउनु हुँदैन। विदेशी अनुदान हामीले लिनुपर्छ तर त्यस्तो अनुदान प्रविधिहरू, आधुनिक मेसिनहरू, औजार र कच्चा पदार्थ खरिदगर्न मात्र प्रयोग गर्नुपर्छ। नेपाली किसानहरूले सानो मात्रामा उत्पादन गर्ने भएकाले ठूला व्यापारीहरूले बजार कब्जा गर्दा नेपाली किसानहरूलाई प्रत्यक्ष मार पर्छ। त्यसैले विदेशी लगानी भित्र्याउँदा यहाँको रोजगारी, उत्पादन र विशेषगरी किसानहरूलाई असर नपर्ने गरी भित्र्याउनु पर्छ। नेपालमा ठूला व्यापारीहरूले लगानी गर्दा यहाँको कच्चा पदार्थ प्रयोग गरे पनि उनीहरूले रोजगारीको अवसरका लागि आफ्नै देशबाट मानव श्रोत भित्र्याउन सक्छन्। नेपालबाट लिएको मुनाफा उनीहरूले सिधैँ आफ्नो मुलुकमा लिएर जान्छन् जसले हाम्रो अर्थतन्त्रलाई फाइदा गर्दैन।

**२. कृषिक्षेत्रलाई प्रतिस्पर्धी बनाउन स्वदेशी लगानी मात्र पर्याप्त हुन्छ कि विदेशी लगानी खुल्ला गर्नुपर्छ?**

विदेशी लगानीको नाममा हामीले स्वदेशमा रहेका स्रोतहरूलाई नकार्नु हुँदैन। उदाहरणका लागि, हामीले विगतमा अर्ग्यानिक मलका सहायतामा आफ्नो कृषि धानेका थियौं तर अहिले हामीले ठूलो मात्रामा युरिया मल र पोटास जस्ता मलको प्रयोग गरिरहेका छौँ। कृषिक्षेत्रमा विदेशी लगानी लिनुपर्छ तर त्यसमा विभिन्न सीमाहरू राख्नुपर्छ। नेपालको सन्दर्भमा, आफ्नो स्वदेशी उत्पादन प्रवर्द्धन गर्ने र विदेशी लगानीमा मात्र भर नपर्ने गरी आफूलाई कृषिक्षेत्रमा स्वतन्त्र बनाउनु पर्छ।

**३. नेपालको स्वदेशी उद्योग व्यवसायमा असर नपर्ने गरी कृषिको कुनै उपक्षेत्रमा वैदेशिक लगानी भित्र्याउन सकिन्छ कि सकिन्न?**

कृषिको कुनै उपक्षेत्रमा विदेशी लगानी भित्र्याउँदा त्यस्ता कम्पनीहरूको अधिकतम सेयर नेपालीका नाममा राखी, बाँकी रहेको सेयर, लगानी गर्ने कम्पनीको नाममा राख्नुपर्छ। जसले गर्दा नेपालका आम कृषकहरूको जिविकोमा असर गर्दैन।

**४.कृषिमा वैदेशिक लगानीका लागि अलग्गै नीतिको आवश्यकता कत्तिको छ ?**

अत्यन्त आवश्यक छ। उदाहरणका लागि भूमि सम्बन्धी नीति, वैदेशिक लगानी सम्बन्धी नीति, आयात-निर्यात सम्बन्धी नीति, किसानको पेन्सन सम्बन्धी नीति(यो पटकको बजेटमा समावेश)।

**५. प्राप्त विदेशी लगानीको उपलब्धिमूलक परिचालनका लागि र तहगत समन्वयको रूपमा तपाईको कस्तो राय छ?**

उदाहरणका लागि, कुनै एउटा मुलुकले नेपाललाई ५० अर्ब रूपैयाँ लगानी गर्नका लागि दिएमा त्यस्तो रकम कुनक्षेत्रमा लगानी गर्ने हो भनेर नेपालले छनोट गर्न पाउनुपर्छ। लगानीको क्षेत्र छनोट गर्ने, जनशक्ति कुन देशको राख्ने, कति उत्पादन गर्ने, पारिश्रमिक कति दिने, जस्ता विषयको निर्णय गर्ने अधिकार नेपाललाई हुनुपर्छ।

**६. कृषिमा विदेशी लगानीको सन्दर्भमा समग्रमा कस्तो धारणा राख्नुभएको छ- सकारात्मक मध्यम वा नकारात्मक?**

कृषिमा विदेशी लगानीको सम्बन्धमा विरोध छैन। तर त्यस्ता लगानीहरूले नेपाली बजारलाई प्रत्यक्ष हस्तक्षेप गर्नुहुँदैन। त्यसले भएका रोजगारीहरू गुम्नु हुँदैन र चलिरहेका विभिन्न आयोजना र लगानीहरूलाई पनि असर गर्नुहुँदैन।

**सरकारी संस्था**

**१. कृषिक्षेत्रमा वैदेशिक लगानीका कस्ता अवसर र चुनौतीहरू छन्?**

लगानी गर्ने बाटो खोलिए पनि पहिले कृषिमा त्यति ठूलो लगानी भने आएको थिएन। कृषिमा अहिले प्राथमिक उत्पादनमा मात्र विदेशी लगानी बन्देज गरिएको छ। यसमा सबैतिरबाट लगानी गर्ने बाटो बन्द गरेको भने होइन। यदि कसैले कृषिमा प्रशोधन गर्न चाहेमा अहिले पनि गर्न पाउँछ। उदाहरणको लागि यदि कसैले उत्पादन गरेको कफी किन्छ र त्यसको प्रशोधन गरेर बिक्री गर्छु भन्छ भने, त्यो ठाउँ अहिले पनि छ। पहिला पनि उच्च स्तरमा लगानी आएको थिएन। त्यहीँ भएर सरकारको अनुमान चाहीँ कृषिमा विदेशी लगानी भित्रिएर साना किसानलाई मर्का पर्दैन भन्ने थियो। प्राथमिक उत्पादन बाहेक कृषिमा पाँच करोडको लगानी भित्र्याउन पाइन्छ।

नेपालमा पहिले कृषिमा विदेशी लगानी थिएन, पछि सरकारले यो नीति लिएर आयो र यो नीतिमा CAP को अवधारणा पनि ल्यायो। यस अन्तर्गत तोकिएको सीमा भन्दा बढी लगानी ल्याउने भन्ने सिद्धान्त थियो। तोकिएको सीमा भन्दा बढी लगानी आउँदा, घरेलू किसानहरूलाई गाह्रो पर्ने देखिएको थिएन। सरकारको यो नीति पछि सर्वोच्च अदालतमा चुनौती गरियो र अहिले त्यो प्रभावकारी छैन। अहिले कृषिमा विदेशी लगानी खुल्ला गरिएको छैन। प्राथमिक कृषिमा जुन सुकै विदेशी लगानी आयो भने पनि अहिले स्वीकृति दिईदैन। उद्योग विभागले सरकारको नीति कार्यान्वयन गर्ने भएको हुनाले अबका दिनमा चालिने कदम सरकारको नीतिमा भरपर्छ।

**२. कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउन स्वदेशी लगानी मात्र पर्याप्त हुन्छ कि वैदेशिक लगानीलाई खुला गर्नुपर्छ?**

कृषिमा हामीले विदेशी लगानी फेरी भित्र्याउने हो भने, त्यसको नीतिगत प्रभावले, आफ्नै जग्गा जमिन भएको र सानो स्तरमा कृषि उत्पादन गरी बिक्री गर्ने घरेलु किसानलाई मर्का पर्छ कि भन्ने हो। त्यसको लागि सरकारले पनि घरेलु किसानको संरक्षण गर्न जरूरी छ। सर्वोच्च अदालतले कृषिमा प्राथमिक विदेशी लगानीको अवधारणा खारेज गर्यो। यो नीतिको राम्रो र नराम्रो पक्ष केलाउने मौका भने हामीले पाएनौं।

**३. नेपालको स्वदेशी उद्योग र व्यवसायमा असर नपर्ने गरी कृषिको कुनै उपक्षेत्रमा विदेशी लगानी भित्र्याउन सकिन्छ कि सकिँदैन?**

कृषिमा विदेशी लगानी खोल्दैमा किसानहरूलाई समस्या पर्ने देखिँदैन। विदेशी लगानीकर्ता आएमा उनीहरूले स्वदेशी उद्योग व्यवसायमा असर नपर्ने तरिकाले उद्योगहरू सञ्चालन गर्न सक्छन्। यसका दुई वटा पाटा छन्ः पहिलो, जुन विदेशी लगानीकर्ताहरू आउने छन्, तिनीहरू सानो लगानी गर्छु भनेर आउँदैनन्। यदि कोही विदेशीले नेपालमा कृषिमा लगानी गर्न खोज्छ भने उसले यहाँ अवसर देखेर लगानी गर्न आउँछ। त्यो लगानी व्यवसायीकरण गरिएमा नेपाललाई पनि फाइदा हुन्थ्यो। दोस्रो, साना लगानी खोज्नका लागि विदेशी लगानीकर्ताहरू आउने होइन। जसको ५० करोडको लगानी हुन्छ, उसको लागि साना र मझौला उद्योगहरू प्रतिस्पर्धी होइनन्। ठूला उद्योगहरू सञ्चालन गर्न आउँछन् र यसले साना व्यवसायीलाई असर पार्दैन।

विदेशी लगानीबाट उत्पादित सबै उत्पादन यहाँ बेच्न नपाउने र ७५ प्रतिशत उत्पादन बाहिर लान पर्ने पहिलेको व्यवस्थाले घरेलु किसानको संरक्षण गर्‍यो। घरेलु किसानले उत्पादन गरेका कृषि जन्यवस्तु हामीले खपत गर्ने र विदेशी लगानीका उच्चस्तरीय प्रविधिका कृषि जन्य उत्पादन निर्यात गरिने परिकल्पना थियो। यो व्यवस्थाले किसान र लगानीकर्ता दुवैलाई संरक्षण गर्ने वातावरण थियो। यद्दपी यो नीति हामीले पूर्ण रूपमा सञ्चालनमा ल्याउन पाएनौ।

**४. कृषिमा वैदेशिक लगानीका लागि अलग्गै नीतिको कत्तिको आवश्यकता छ?**

कृषिमा विदेशी लगानी नेपालको प्राथमिकताको विषय भने रहेको देखिँदैन। कृषि मात्र नभएर जल विद्युत र पर्यटनमा पनि हाम्रो आवश्यकता हो। अरू क्षेत्रमा विदेशी लगानी भित्रिएकोमा कृषिमा पनि भित्रिए राम्रो हुने भने पक्कै हो।तर कृषिमा अनुकूल र अरूमा प्रतिकूल नीति बनाउने भन्ने कुरा हुदैँन। अहिलेसम्म जति पनि सम्भाव्यता अध्ययन गरिएको छ त्यसमा, कृषि हाम्रो लगानीको सम्भाव्य क्षेत्र भनेर कहिँ पनि देखिएको छैन। कृषिमा बढी लगानी भित्र्याउनु भन्दा, पर्यटन र साहसिक क्षेत्र, जलविद्युत क्षेत्रमा लगानी भित्रिए, ती क्षेत्रमा हाम्रो तुलनातम्क लाभ पनि रहेको देखिन्छ।

**५. प्राप्त विदेशी लगानीको उपलब्धिमूलक परिचालनका लागि र तहगत समन्वय को स्वरूपमा कस्तो राय छ?**

विदेशी लगानीलाई नियमन गर्ने अधिकार संघीय सरकारको मात्र हो। प्रादेशिक र स्थानीय सरकारको होइन। विदेशी लगानी स्वीकृत गर्नु परेमा त्यो अनुमति संघबाट मिल्छ र साथै उद्योग दर्ता पनि कि उद्योग विभागबाट कि लगानी बोर्डबाट हुन्छ। ६ अर्ब भन्दा माथिको लगानी, लगानी बोर्डले हेर्छ र त्यो भन्दा कम उद्योग विभागले हेर्छ। कम्पनी दर्ता, प्यान, भ्याट दर्ता जस्ता विषय, स्थानीय तहको कानून अन्तर्गत पनि दर्ता गर्न मिल्छ। स्थानीय तहको कानून अन्तर्गत पनि संचालन भई त्यहाँ CSR, फोहोर व्यवस्थापन, स्थानीयलाई रोजगारी सिर्जना र वातावरण संरक्षण जस्ता कार्यहरू उद्योगले गर्नु पर्दछ। उद्योग दर्ता गर्ने बेला स्थानीय तहको सिफारिस भने चाहिन्छ। विशेषगरी उद्योग संचालनको विषयमा स्थानीय तहको बढी अधिकार रहेको हुन्छ।

यदि स्थानीय तह ले राम्रो वातावरण सिर्जना गरिदियो र काम गर्न सहज बनाईदियो भने विदेशी लगानीकर्तालाई यहाँ आएपछि प्रोत्सान हुने थियो। विदेशी भएको कारणले लगानीकर्ताहरूले धेरै सेवा सुविधा उपभोग गर्न नपाउने अवस्थामा, यदि स्थानीय तहले त्यसलाई सहजीकरण गरिदियो भने, थप लगानी भित्रिने अवस्था हुन्थ्यो। स्थानीय तहले आएका विदेशी लगानीकर्तालाई भाषाको कारणले भेदभाव नहुने वातावरण सिर्जना गर्न सके, विदेशी भएकै कारणले विभिन्न सेवा सुविधामा धेरै पैसा नलिए, बस्नका लागि वातावरण सहज पारिदिने हो भने यसले विदेशी लगानीलाई थप प्रोत्साहन गर्ने थियो। उद्योग नियमन गर्ने कार्यमा स्थानीय तहको भूमिका नभएपनि यसको सञ्चालन र प्रोत्साहनको लागि भने महत्वपूर्ण भूमिका रहेको छ।

**६. यहाँले कृषिमा वैदेशिक लगानीका लागि समग्रमा कस्तो धारणा राख्नु भएको छ?**

अहिले विदेशी लगानीको सन्दर्भमा जति तथ्याकंले देखाउँछ त्यो भन्दा धेरै कम लगानी भित्रिएको हुन्छ। जति विदेशी लगानी दर्ता हुन्छ, त्यो अनुपातमा लगानी भने हामी कहाँ आएको छैन। उदाहरणको लागि, पाँच करोडको विदेशी लगानी भित्र्याउने भनेर दर्ता गरिएता

पनि त्यो अनुपातमा लगानी भित्रिदैन। समग्रमा कुल क्षेत्रले टिपाएका विवरण र यथार्थमा भित्रिएको लगानी भने फरक छ।

राष्ट्र बैंकले एकमुष्ट रूपमा सबै लगानी राख्ने भएकोले, कृषिमा मात्र कति लगानी आयो भन्ने यकिन तथ्यांक नभएकाले विदेशी लगानी बढी वा कम आयो भन्ने सम्भव छैन, तर पनि जति विदेशी लगानी स्वीकृत भयो, १०बर्षको औसतमा करिब ३३ प्रतिशत मात्र लगानी भित्रिएको हामीले पाउँछौ, जुन असाध्यै कम हो।

**७. सरकारलाई कुनै नीतिगत सुझाव दिन चाहनुहुन्छ?**

जुन कुरा बढी व्यावसायीकरण गर्न सकिन्छ त्यसमा विदेशी लगानी सहज पारिए राम्रो हुन्थ्यो। अन्य खेतीजन्य उत्पादनमा भने जग्गाको न्यूनतम सिलिङ तोकिए त्यस्ता उत्पादनको पनि व्यवसायीकरण हुने थियो। ठूलो मात्रामा गरिने व्यवसायिक उत्पादनका लागि विदेशी लगानी भित्रिन दिएमा राम्रो हुने थियो उदाहरणको लागि, यदि २० विगाह जग्गामा मात्र खेती गर्न पाउने भन्ने नीति ल्याइएमा विदेशी लगानीकर्ता सम्भाव्यता अध्ययन गरेर आउने थिए र त्यसले नराम्रो असर पर्ने थिएन।

**निजी क्षेत्रको संस्था**

**१. कृषि क्षेत्रमा विदेशी लगानीमा कस्ता अवसर र चुनौतीहरू छन् ?**

**चुनौतीहरू:**

- नेपालको कृषि क्षेत्र परम्परागत छ। बहुसंख्यक कृषकहरूले निर्वाहमुखी खेती गर्ने गरेको पाइन्छ। यस्तो अवस्थामा कृषिमा विदेशी लगानीले एक किसिमको त्रास उत्पन्न गरेको पक्कै छ। सानो स्केलमा व्यावसायिक खेती गर्नेहरूमा पनि आफूले ठूला लगानीकर्ताहरूसँग प्रतिस्पर्धा गर्न नसक्ने हो की भन्ने डर छ।
- विदेशी लगानीले कृषिमा आधारित कम्पनीहरू विस्थापित हुन सक्ने त्रास रहन्छ र प्राकृतिक स्रोत साधनमा बहुराष्ट्रिय कम्पनीहरूको नियन्त्रण र हस्तक्षेप बढ्न सक्छ। कृषिमा विदेशी लगानीले प्रतिस्पर्धाको चुनौती, सानो लगानी र बजारलाई चुनौती,

गुणस्तरको चुनौती, वस्तु निर्यातको चुनौती, व्यवसाय पलायन, रोजगारी आदि जस्ता थुप्रै व्यावसायिक र संरचनात्मक चुनौतीहरू देखा पर्न सक्दछन्।

**अवसर:**

- विदेशी लगानीका धैरै अवसर पनि छन्। यसबाट आधुनिक प्रविधि भित्र्याउन सकिन्छ, पुँजी भित्रिन्छ र उत्पादन बढ्छ। कृषिलाई पुँजी, प्रविधि र बजारमार्फत विश्व अर्थतन्त्रमा जोड्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। स्वदेशी कृषक तथा कृषि व्यवसायीहरूलाई प्रतिस्पर्धी बनाउँछ र परम्परागत तथा जीवन निर्वाहमूखि खेती प्रणालीलाई व्यावसायिक बनाउन मदत गर्दछ। उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारी सिर्जना, आयात प्रतिस्थापनमा सहयोग गर्न विदेशी लगानी उपयोगी हुन सक्छ।

**२. कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउन स्वदेशी लगानी मात्र पर्याप्त हुन्छ कि विदेशी लगानीलाई खुला गरिनु पर्छ?**

सरकारी, सहकारी, निजी र विदेशी लगानीको एकीकृत मोडेल मार्फत उत्पादन बढाउँदै। छिमेकी मुलुकमा निर्यात गर्नका लागि पनि कृषिको आधुनिकिकरण र व्यावसायीकरण आवश्यक छ। उच्चतम प्रविधि भित्राउने, स्वदेशी कच्चा पदार्थ उपयोग गर्ने र अधिकांश निर्यात गर्न सक्ने सम्भाव्यताको पर्याप्त अध्ययन गरी सर्त सहितको विदेशी लगानी खुला गर्दा कृषि क्षेत्र अझ प्रतिस्पर्धी र व्यावसायिक हुन सक्छ।

**३. नेपालको स्वदेशी उद्योग व्यवसायमा असर नपर्ने गरी कृषिका कुनै उपक्षेत्रमा लगानी भित्र्याउन सकिन्छ कि सकिन्न?**

नेपालमा रहेका स्वदेशी उद्योग व्यवसायमा असर नपर्ने गरी कृषिका कुनै उपक्षेत्रमा लगानी भित्र्याउन सकिन्छ। तर त्यस्तो लगानीले स्वदेशी कृषक तथा व्यवसायीलाई अप्ठ्यारो पार्ने र प्राथमिक उत्पादनमा असर गर्ने खालको हुनु हुँदैन। प्राथमिकताका क्षेत्र छुट्ट्याएर उत्पादनको निश्चित प्रतिशत अनिवार्य निर्यात गर्नुपर्ने सर्त सहितको लगानी ल्याउन सकिन्छ।

**४. कृषिमा विदेशी लगानीका लगि अलग्गै नीतिको कति आवश्यकता छ ?**

वैदेशिक लगानीको माध्यमबाट कृषिमा क्रान्ति ल्याउन झन्झटिलो र नियन्त्रणमुखि नीतिले मात्र पुग्दैन। उपभोक्ता, लगानीकर्ता, व्यवसायीको हित एवम् बजारको संरचना समेतलाई मध्यनजर गरेर अलग्गै नीति बनाउँदा अझ प्रभावकारी हुन सक्छ।

**५. प्राप्त विदेशी लगानीको उपलब्धिमुलक परिचालनका लगि तहगत समन्वयको स्वरूपमा कस्तो राय छ ?**

कुनै पनि नीतिको प्रभावकारी कार्यान्वयन तथा अपेक्षाकृत लाभ हासिल गर्नका लागि नियमनकारी सम्पूर्ण निकायहरू तथा सरोकारवालाबीच समन्वय को आवश्यकता हुन्छ। तीन वटै सरकारका निकायहरूबीच को समन्वयले मात्र लगानीको उपलब्धिमूलक परिचालन गर्न सकिन्छ।

**६. यहाँले कृषिमा वैदेशिक लगानी**लाई **समग्रमा कस्तो धारणा राख्नुभएको छ , सकारात्मक , मध्य वा नकारात्मक ?**

सकारात्मक। निश्चित सर्त र मापदण्ड सहित ल्याइने विदेशी लगानीलेसँगसँगै प्रविधि पनि ल्याउने भएकाले नेपालमा कृषि क्षेत्रको आधुनिकिकरणमा मदत पुर्याउँछ भन्ने नै हो। त्यसैले कृषिमा विदेशी लगानी प्रति सकारात्मक बन्नु पर्छ।

निजी **क्षेत्रको संस्था**

**१. कृषि क्षेत्रमा विदेशी लगानीमा कस्ता अवसर र चुनौतीहरू छन् ?**

राम्रो नीति र कडा कानून सहित लगानी भित्र्याएर मात्र नेपाललाई सहयोग पुग्छ। लगानी मात्र भित्र्याउने तर त्यसले नेपाली मौलिकता, उत्पादन र रोजगारीलाई असर गर्ने हो भने त्यसको कुनै महत्त्व रहँदैन। त्यसले हामीलाई हानि नै गर्छ। अहिलेको अवस्थामा, नाफा मात्रै आर्जन गर्ने उद्देश्यले विदेशी लगानी नेपाल आएमा, त्यो नेपाली अर्थतन्त्रका लागि राम्रो हुँदैन। नेपालको जैविक विविधताको सुरक्षा, रैथाने वस्तु प्रवर्द्धन, साना किसानको मागहरूको सम्बोधन गर्दै नीतिहरूको व्यवस्था गरी विदेशी लगानी आएमा त्यसले फाइदा गर्छ।

**२. नेपालको स्वदेशी उद्योग व्यवसायमा असर नपर्ने गरी कृषिको कुनै उपक्षेत्रमा वैदेशिक लगानी भित्र्याउन सकिन्छ कि सकिन्न?**

आफ्नो मौलिकतालाई प्रवर्द्धन गर्दै सरकारले विदेशी लगानी भित्र्याउँदा कुनै पनि हानी गर्दैन।

**३. नीतिगत सुधारका लागि सरकारलाई कस्तो सुझाव दिन चाहनुहुन्छ?**

नेपालको कूटनीतिक नियोगहरू भएका ठाउँमा, त्यहाँका गैरआवासीय नेपालीले विदेशी सरकारसँग वार्ता गर्ने र लगानीका लागि आह्वान गर्ने राम्रो वातावरण बनाइदिन सक्छन्। यो माध्यमलाई नेपालले उपयोग गर्नुपर्छ।

**४. प्राप्त विदेशी लगानीको उपलब्धिमूलक परिचालनका लागि र तहगत समन्वयको रूपमा कस्तो राय छ?**

सुरूवातमा नीतिगत स्पष्टता हुनुपर्छ। नेपाल सरकारले दिएका सहुलियतहरू स्पष्ट रूपमा वेबसाइटहरूमा राखी हाम्रोमा नीतिगत र कार्यविधिगत झन्झटछैन भनेर खुलाउनुपर्छ। वर्तमान संरचनाले यस विषयलाई पूरा गर्न सक्दैन त्यसका लागि नयाँ संरचना स्थापना गर्नुपर्छ।

**५. यहाँले कृषिमा विदेशी लगानीलाई समग्रमा कस्तो धारणा राख्नुभएको छ?- सकारात्मक, मध्यम, वा नकारात्मक?**

